सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ पुस २०८०, बिहीबार (28 Dec 2023, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २४८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

साहुकारबाट अदालत परिसरमै कुटिए मिटर ब्याजपीडित महिला

साहुकार श्याम निरौलालाई थप कारबाहीको माग गर्दै दुई सय पीडित साँझदेखि धर्नामा



लहानमा **मणिलाल विश्वकर्मा**

सिराहा जिल्ला अदालत परिसरमै मिटरब्याजपीडित दुई महिला साहुकारबाट कुटिएका छन्। मिटरब्याजसम्बन्धी मुद्दाको बकपत्रका लागि अदालत पुगेका विष्णुपुर गाउँपालिका- १ घर भएका ककुल्तीदेवी यादव र सुकुमारीदेवी साहलाई बुधबार अपराह्न साहुकार श्याम निरौलाले कुटपिट गरेका हुन्। न्यायालयपरिसरमै अत्याचार भएपछि साँझदेखि करिब दुई सय पीडित जिल्ला प्रहरी कार्यालयबाहिर धर्नामा बसेका छन्।

■ प्रशासनले पीडितलाई दबाब दिइरहेको आरोप

मिटरब्याजविरुद्ध संघर्ष समितिले अनुचित लेनदेन (मिटरब्याज) छानबिन र सहमतिका लागि जिल्ला प्रशासन कार्यालयमा रहेको सहायता कक्षले पीडितलाई थप मर्का पर्ने गरी एकलौटी रूपले निर्णय गरिरहेको आरोप लगाएको छ। एक पीडितले साहुसँग लिएको ऋणबापत् आधाभन्दा बढी रकम फिर्ता गरिसकेको अवस्थामा बुधबार सहायता कक्ष हेरिरहेका सहायक सिडिओ नरेशकुमार यादवले जबर्जस्ती 'साढे सात लाख रुपैयाँ तिर्नुपर्छ' भन्दै पीडितलाई दबाब दिएको समितिका संयोजक मनोजकुमार पासवानले बताए।

'त्यही विषयमा प्रतिवाद गर्दा प्रशासनले जसरी चाह्यो, त्यसरी निर्णय गर्छ भन्दै अपमानित गरे,' उनले भने, 'त्यसो भए मिटरब्याजपीडितहरू आइन्दा प्रशासनमा हुने छलफल बहिष्कार गर्छौं भन्दै हामी निस्कियौं।'

सहायक प्रमुख जिल्ला अधिकारी यादवले भने दुवै पक्षको सहमतिमा साहुलाई दिनुपर्ने रकम निर्क्योल गरिएको दाबी गर्दै सहायता कक्षले सीमित जनशक्ति अभावको बाबजुद काम गरिरहेको बताए। 'सहायता कक्षले एकलौटी निर्णय गरेको छैन, बरु भएका निर्णयहरूको कार्यान्वयनमा व्यावहारिक समस्याहरू छन्, त्यसका लागि कानुन नै संशोधन हुनुपर्छ या तालुकदार मन्त्रालयले सहज हुने गरी केही निर्णय गरिदिनुपर्छ,' उनले भने।

साहुकार निरौला गत २० असारमा अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी मुद्दामा अदालतबाट धरौटीमा रिहा भएका थिए। कुटपिट गरिएका यादव र साहसहितका ३६ पीडितले गत २४ जेठमा उनीविरुद्ध जाहेरी दिएका थिए। रिहा भएपछि निरौलाले गाउँमा घरघरमै गएर गालीगलौज गर्नुका साथै धम्क्याउँदै आएको पीडितहरू बताउँछन्।

साह र यादवको बुधबार साक्षी बकपत्रको पालो थियो। साहुकार निरौला पनि छोरासहित अदालतमै थिए। बकपत्र सकिएपछि फर्किने क्रममा परिसरमै साह र यादवलाई समातेर 'तिमीहरू अझै मेरो पछाडि लागेका छौ, तिमीहरूले के गर्न सक्छौ, हिरासतमा त राख्न सकेनौ' भन्दै बाउछोराले कुटपिट गर्न थाले। केहीबेरपछि प्रत्यक्षदर्शीहरूले उनीहरूलाई जोगाएका थिए।

'बकपत्र गरेर फर्किने क्रममा निरौला र उनका छोराले दुईजना पीडित महिलालाई अदालत परिसरमै कुटपिट गरे। न्यायका लागि अदालत पुगेका थियौं, त्यहीं पनि साहुकारले कुटपिट गऱ्यो,' मिटरब्याजविरुद्ध संघर्ष समितिका संयोजक मनोजकुमार पासवानले भने, 'त्यसपछि हामीहरू जिल्ला प्रहरी कार्यालयअगाडि धर्नामा बसेका हौं। निरौलामाथि थप कानुनी कारबाहीको प्रक्रिया अगाडि नबढाएसम्म धर्नामा बस्छौं।' धर्नामा बस्दा पनि सुरुमा प्रहरीले 'बल प्रयोग गरेर हटाउँछौं' भन्दै धम्क्याएको उनले बताए। पीडितहरू बुधबार साँझदेखि धर्नामा बसेका छन्।

कुटपिटपछि प्रहरीले निरौलालाई पक्राउ गरेर हिरासतमा राखेको छ। कुटपिटमा संलग्न उनका छोरालाई भने अझै पक्राउ नगरिएको संघर्ष समितिमा संयोजक पासवानले बताए।

उच्चका एक र जिल्लाका तीन न्यायाधीशमाथि कारबाहीको तयारी

शिल्पा कर्ण/नयाँ पत्रिका

नवराज थपलिया | परशुराम भट्टराई | राजकुमार कोइराला | अम्बिका निरौला

उच्च अदालत सुर्खेतको जुम्ला इजलासका न्यायाधीश थपलियाको जिम्मेवारी खोसेर न्यायपरिषद्मा तानियो, जिल्लाका न्यायाधीशहरू भट्टराई, कोइराला र निरौलामाथि कारबाही गर्न समिति बन्यो

न्यायपरिषद्ले उच्चका एक र जिल्ला अदालतका तीन न्यायाधीशमाथि कारबाहीको तयारी गरेको छ। उच्च अदालत सुर्खेतको जुम्ला इजलासका न्यायाधीश नवराज थपलियाको जिम्मेवारी खोसेर बुधबार परिषद्मा तानिएको छ। त्यस्तै, प्रारम्भिक छानबिनमा कैफियत भेटिएपछि जिल्ला न्यायाधीशहरू परशुराम भट्टराई, राजकुमार कोइराला र अम्बिका निरौलामाथि अन्तिम जाँचबुझ गर्न समिति गठन गरिएको छ।

सर्वोच्चका न्यायाधीश तिलप्रसाद श्रेष्ठ नेतृत्वको छानबिन समितिको प्रतिवेदनका आधारमा परिषद्ले न्यायाधीश थपलियामाथि कारबाही अघि बढाएको हो। आइतबारको परिषद् बैठकले उनीसँग स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो। सिलवालविरुद्ध आचरण, सम्पत्ति र योग्यताको विषयमा उजुरी परेका थिए।

तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासँगको मिलेमतोमा अदालतमा सेटिङ मिलाउने काम गरेको भन्दै थपलियाविरुद्ध उजुरी परेको थियो। छानबिनका क्रममा उनका कतिपय गतिविधि शंकास्पद देखिएको आधारमा थप स्पष्टीकरण लिएर कारबाही प्रक्रिया अघि बढाउन लागिएको न्यायपरिषद् स्रोतले जनाएको छ।

नेपाल बार एसोसिएसनले त्यति वेला संसद्को महाअभियोग समितिमा बुझाएको उजुरीमा पनि तत्कालीन प्रधानन्यायाधीश जबराको सेटिङ थपलियाले मिलाउने गरेको दाबी गरिएको थियो।

०७५ को चैतमा न्यायाधीश भएका थपलियाले पूर्वप्रधानन्यायाधीश जबराको निकट भएर काम गरेका थिए। न्यायाधीश हुनुअघि उनी विद्यार्थी राजनीतिमा थिए। हाल उच्च अदालत सुर्खेतअन्तर्गत जुम्ला इजलासमा कार्यरत छन्। जबरा प्रधानन्यायाधीश हुँदा उनी उच्च अदालत पाटनमा थिए।

आइतबारकै परिषद् बैठकले जिल्ला न्यायाधीशहरू भट्टराई, कोइराला र निरौलामाथि जाँचबुझ गर्न सर्वोच्चका न्यायाधीशत्रय आनन्दमोहन भट्टराई, तिलप्रसाद श्रेष्ठ र प्रकाशकुमार ढुंगाना रहेको समिति गठन गरेको स्रोतले जनाएको छ। यसबारे राजपत्रमा प्रकाशित गरिनेछ। समितिले सिफारिस गरेपछि परिषद्ले कारबाही गर्नेछ।

उनीहरू तीनैजनामाथि यसअघि नै छानबिन भइसकेको छ। छानबिन प्रतिवेदनले उनीहरूमा 'गम्भीर विचलन' देखिएको औंल्याएको छ। हाल कोइरालालाई जिम्मेवारीबाट मुक्त गरिएको छ भने भट्टराई र निरौला सर्वोच्चमा हाजिरी लगाइरहेका छन्। तर, कारबाहीको कानुनी व्यवस्थाले सर्वोच्चका न्यायाधीशकै सिफारिस मागेको हुँदा तीनैजनामाथिको उजुरी प्रतिवेदन अध्ययन तथा थप जाँचबुझ गर्न समिति गठन गरिएको हो।

न्यायपरिषद् ऐन, २०७३ को दफा १८ मा उजुरी परेको न्यायाधीशउपर सर्वोच्चको कुनै न्यायाधीश वा परिषद् सदस्यले प्रारम्भिक छानबिन गर्छ। अध्ययनपछि प्रतिवेदन परिषद्समक्ष पेस गर्नुपर्ने हुन्छ। उक्त ऐनको दफा १९ मा जाँचबुझ समिति गठन गर्ने व्यवस्था छ। प्रारम्भिक छानबिनपछि प्राप्त प्रतिवेदनबाट परिषद्ले जाँचबुझ गराउन आवश्यक देखेमा सम्बन्धित क्षेत्रका तीन विज्ञसहित समिति गठन गरी यसको सूचना राजपत्रमा प्रकाशित गर्नुपर्ने प्रावधान छ। कारबाही सिफारिस गरेमा सफाइको मौका दिई सन्तोषजनक नभएमा पदमुक्त गर्न प्रधानन्यायाधीशसमक्ष सिफारिस गर्न सक्छ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश कोइरालाले ठगी मुद्दाका प्रतिवादीका कानुन व्यवसायी रुद्र पोखरेलसँग फोनमा घुस लेनदेनको कुराकानी गरेको घटना बाहिरिएको थियो। त्यस्तै, न्यायाधीश निरौलामाथि काठमाडौं जिल्ला अदालतमा हुँदा अपहरण मुद्दाका प्रतिवादीलाई सफाइ दिएको भन्दै उजुरी परेको थियो। धनुषा जिल्ला अदालतमा हुँदा न्यायाधीश भट्टराईले हत्याका अभियुक्तलाई प्रमाण

» पृष्ठ २ मा क्रमशः

उच्च र जिल्लाका न्यायाधीशविरुद्ध ३३९ उजुरी

१४ प्रतिशत उजुरी मात्रै फर्स्योट

न्यायपरिषद्मा जिल्ला र उच्च अदालतका न्यायाधीशविरुद्ध परेका तीन सय ३९ उजुरी विचाराधीन छन्। दुई वर्षभन्दा लामो समयदेखिका उजुरीमाथिसमेत निर्णय हुन सकेको छैन। सुनुवाइको प्रतीक्षामै रहेका तीन जिल्ला न्यायाधीश त सेवानिवृत्तसमेत भइसकेका छन्।

विचाराधीन उजुरीहरूको टुंगो लगाउने प्रयासमा छौं



न्यायपरिषद् दिवसमा प्रधानन्यायाधीश श्रेष्ठको भनाइ थियो–

न्यायपरिषद् स्थापनाको उद्देश्य एवं प्राप्त संवैधानिक, कानुनी जिम्मेवारीअनुरूपको कार्यसम्पादन हुन सक्यो वा सकेन भन्ने विषयमा आ-आफ्ना दृष्टिकोण रहन सक्छन्। उजुरीहरूको पनि परिषद्ले अध्ययन गरिरहेको छ। अब छिट्टै नै परिषद्मा विचाराधीन उजुरीहरूको टुंगो लगाउने प्रयासमा हामी छौं।

परिषद्को तथ्यांकअनुसार एक सय नौ उजुरी एकदेखि दुई वर्ष पुराना छन्। ३५ उजुरीले दुई वर्ष नाघिसकेका छन्। पछिल्लो एक वर्षभित्र परेका एक सय ४६ उजुरी विचाराधीन छन्। कुल तीन सय ३९ उजुरीमध्ये ४९ वटा मात्र फर्स्योट गरिएका छन्। यो संख्या कुल उजुरीको १४.४५ प्रतिशत मात्र हो। फर्स्योट गरिएका उजुरी पनि तामेलीमा पठाइएका कारण फर्स्योटमा गणना भएका हुन्।

तत्कालीन कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्कीले उजुरी छानबिन गर्दै केही न्यायाधीशलाई बर्खास्त गर्ने निर्णयसमेत गरेका थिए। त्यसपछि न्यायपरिषद्को नेतृत्व सम्हालेका हरिकृष्ण कार्कीले पनि केही उजुरीउपर कारबाही अघि बढाएका थिए। त्यसपछि उजुरीहरू थुप्रिँदै गए। परिषद्ले उजुरी टुंगो लगाउन ढिलाइ गर्दा जिल्ला न्यायाधीश सूर्यप्रसाद अधिकारी, जवाहरप्रसाद सिंह र बद्रीप्रसाद ओलीले त अवकाश नै पाइसकेका छन्।

न्यायपरिषद्को तथ्यांकअनुसार सबैभन्दा बढी खराब आचरण र आचारसंहिताको गम्भीर उल्लंघनका विषयमा उजुरी परेका छन्। यो शीर्षकमा उच्च र जिल्ला अदालतका न्यायाधीशउपर दुई सय ३९ उजुरी

» पृष्ठ २ मा क्रमशः

राष्ट्रिय सभा सदस्य उम्मेदवारको मापदण्ड

दश हजार धरौटी, सबै सम्पत्ति विवरण पनि बुझाउनुपर्ने

काठमाडौं/ निर्वाचन आयोगले ११ माघमा हुने राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवार बन्नका लागि आवश्यक मापदण्ड सार्वजनिक गरेको छ। आयोगका अनुसार २३ पुसमा उम्मेदवारी मनोनयन दर्ता गर्ने कार्यतालिका छ। आयोगले बुधबार मनोनयनपत्र दर्ता गर्दा राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, नियमावली र निर्देशिकाबमोजिम १८ प्रकारका कागजात पेस गर्नुपर्ने निर्णय गरेको हो।

आयोगका अनुसार उम्मेदवार बन्ने व्यक्तिले नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा बुझाउनुपर्नेछ। त्यस्तै, १० हजार रुपैयाँ धरौटी जम्मा गरेको रसिद वा भौचर दिनुपर्नेछ। यद्यपि, महिला, दलित वा अल्पसंख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा सो धरौटी रकममा ५० प्रतिशत छुट हुने आयोगले जनाएको छ। साथै, आर्थिक रूपमा विपन्न भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरेको सिफारिसपत्र पनि बुझाउनुपर्नेछ।

दलको उम्मेदवारको हकमा उम्मेदवार मनोनयनको औपचारिक पत्र दिनुपर्नेछ। साथै, दलित समूहबाट उम्मेदवारी दिने व्यक्तिले सम्बन्धित गाउँपालिका, नगरपालिका वा प्रचलित कानुनबमोजिम अधिकारप्राप्त निकायले दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा दिनुपर्नेछ।

अपांगता भएका वा अल्पसंख्यक समुदायबाट उम्मेदवारी दिने व्यक्तिले अधिकारप्राप्त निकायले दिएको अपांगताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र अल्पसंख्यक समुदायको व्यक्तिले

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

टेरामक्स खरिद प्रक्रिया गैरकानुनी भएको लेखा समितिको ठहर, जडान कार्य रोक्न निर्देशन

भएका सम्पूर्ण कामको सूक्ष्म विश्लेषण तथा अनुसन्धान गरी कारबाहीको दायरामा ल्याउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन



सार्वजनिक लेखा समितिको बुधबारको बैठक। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

मुना कुँवर/नयाँ पत्रिका

संघीय संसद्को सार्वजनिक लेखा समितिले टेलिकम्युनिकेसन ट्राफिक मनिटरिङ एन्ड फ्रड कन्ट्रोल सिस्टम (टेरामक्स) खरिद प्रक्रिया कानुनसम्मत नभएको भन्दै खरिद कार्य यथास्थितिमा राख्न निर्देशन दिएको छ। बुधबारको बैठकमा भएको छलफलपछि समितिले टेरामक्स प्रविधि खरिदको थप कुनै भुक्तानी नगर्न नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको हो।

नेपाल दूरसञ्चार प्राधिकरणले सेवा प्रदायकको नियमन तथा राजस्व चुहावट रोक्न भन्दै टेरामक्स प्रविधि खरिद गरी जडान प्रक्रिया अगाडि बढाएको थियो। तर, अनावश्यक प्रविधि जडान गरेर आर्थिक चलखेल गर्न लागेको चर्चापछि लेखा समितिले चासो देखाएको छ। समितिले टेरामक्स खरिद गर्ने सम्बन्धमा हालसम्म भएका सम्पूर्ण कामको सूक्ष्म विश्लेषण तथा अनुसन्धान गरी शीघ्र निष्कर्षमा पुग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सिफारिस गरेको छ। साथै, अधिकारको दुरुपयोग गरी राज्यलाई हानि-नोक्सानी हुने गरी कार्यसम्पादन गरेको पाइए सम्बन्धित पदाधिकारीलाई हदैसम्मको कारबाहीको दाबीसहित कानुनबमोजिम अभियोजन प्रक्रियामा लैजानसमेत सिफारिस गरेको छ। ३० दिनभित्र सोसम्बन्धी कार्यप्रगति विवरण समितिलाई उपलब्ध गराउन समितिले आयोगलाई निर्देशन दिएको छ।

■ टेरामक्स खरिदका लागि ५२ करोड भुक्तानी

मूल सम्झौता सार्वजनिक गर्न माग

छानबिनका लागि टेरामक्स खरिद प्रक्रियाका कागजपत्र माग गर्दा प्राधिकरणले मूल सम्झौतापत्र नबुझाएको लेखा समितिले जनाएको छ। मूल

» पृष्ठ २ मा क्रमशः

आर्थिक अनियमितता भएको लेखा समितिको आशंका

दूरसञ्चार प्राधिकरणले टेरामक्स प्रविधि खरिदमा आर्थिक अनियमितता गरेको आशंका पनि सार्वजनिक लेखा समितिको छ। प्राधिकरणले शतप्रतिशत हार्डवेयर खरिद गरिएको जनाए पनि हालसम्म कति रकम कसरी भुक्तानी भयो भन्ने स्पष्ट जानकारी दिन सकेको छैन। ठेक्का प्रक्रियामा कागजात तयार गर्ने विज्ञका रूपमा नियुक्त भारतीय साइनाथ नाइडू नै पछि स्विट्जरल्यान्डको कम्पनी प्रतिनिधि बन्नुले टेन्डर प्रक्रियामा अनियमितता भएको स्पष्ट हुने समितिको भनाइ छ।

त्यस्तै, टेन्डरकै दौरान सर्त बारम्बार परिवर्तन भएको, इबिडिङ नगरेको, रकम भुक्तानीका लागि राष्ट्र बैंकसँग अनुमति नलिइएकोजस्ता तथ्यले टेरामक्स खरिदमा आर्थिक चलखेल भएको आशंका समितिको छ।

छलफलमा सांसद मनीष झाले प्राधिकरणले आह्वान गरेको टेन्डरमा १६ वटा कम्पनीले आवेदन दिएको बताए। जसमध्ये चारवटा कम्पनी अन्तिम छनोटमा परेका थिए। लेबनानको भेनराइज कम्पनीले दुई करोड ३७ लाख ७० हजार डलर (करिब तीन अर्ब १३ करोड रुपैयाँ) प्रस्ताव गरेको थियो। स्विट्जरल्यान्डको एसजिएस कम्पनीले दुई करोड ४२ लाख ३० हजार डलर (करिब तीन अर्ब १९ करोड रुपैयाँ), हङकङको एनसफ्ट कम्पनीले दुई करोड २० लाख ९० हजार डलर (करिब दुई अर्ब ९० करोड रुपैयाँ) र क्यानडाको टिकेसी कम्पनीले एक करोड १५ लाख डलर (करिब एक अर्ब ५१ करोड रुपैयाँ) प्रस्ताव गरेको थियो। तर, प्राधिकरणले महँगोमा प्रस्ताव गर्ने लेबनानको कम्पनीलाई चयन गर्नाले पनि आर्थिक अनियमितता भएको देखिने उनले बताए।

१० लाख पर्यटक भित्र्याउने सरकारी लक्ष्य पूरा

सन् २०२३ मा १० लाख पर्यटक भित्र्याउने सरकारी लक्ष्य बुधबार पूरा भएको छ। १ जनवरीदेखि बुधबार राति ९ बजेसम्म १० लाख एक हजार ८४४ विदेशी पर्यटक भित्रिए। सन् २०२२ मा आएका थिए ६ लाख १४ हजार विदेशी पर्यटक।



कुन महिना कति पर्यटक भित्रिए ?

जनवरी	५५,०७४
फेब्रुअरी	७३,२५५
मार्च	९९,४२६
अप्रिल	९८,७७३
मे	७७,७०३
जुन	७२,२५०
जुलाई	५७,७२६
अगस्ट	६७,१५३
सेप्टेम्बर	९१,०१२
अक्टोबर	१,१७,३०६
नोभेम्बर	१,०८,६३०
२७ डिसेम्बर रातिसम्म	८३,५३६
जम्मा	१०,०१,८४४

नवीन अर्याल/नयाँ पत्रिका

चालू वर्ष सन् २०२३ मा १० लाख विदेशी पर्यटक भित्र्याउने सरकारी लक्ष्य पूरा भएको छ। पर्यटन बोर्डको तथ्यांकअनुसार बुधबार राति ९ बजेसम्म १० लाख एक हजार आठ सय ४४ पर्यटक भित्रिएका हुन्।

यो वर्ष सकिन चार दिन बाँकी छ। त्यसैले केही हजार पर्यटक अझै बढ्ने बोर्डले जनाएको छ। अर्थमन्त्री डा. प्रकाशशरण महतले चालू आर्थिक वर्षको बजेटमै सन् २०२३ मा नेपाल भ्रमणमा आउने पर्यटकको संख्या १० लाख पुऱ्याउने घोषणा गरेका थिए। मंगलबार रातिसम्म विभिन्न देशबाट नौ लाख ९९ हजार एक सय नौ पर्यटक नेपाल आएका पर्यटन बोर्डको तथ्यांक छ। बुधबार राति ९ बजेसम्म थप दुई हजार सात सय ३५ पर्यटकबाट भित्रिएको अध्यागमन विभागको आइटी शाखाका कम्प्युटर

» पृष्ठ २ मा क्रमशः



पर्यटक आगमन उत्साहजनक रह्यो

● मणिराज लामिछाने
निर्देशक, पर्यटन बोर्ड

कोभिडले विश्वव्यापी महामारीको रूप लिनुअघि सन् २०१९ मा नेपाली पर्यटन उद्योगको इतिहासमै धेरै ११ लाख ९७ हजारभन्दा बढी पर्यटक नेपाल भ्रमणमा आएका थिए। त्यसयता पर्यटक आगमन क्रमशः ओरालो लागेकोमा गत वर्षदेखि सुधार भयो। यसपालि पर्यटक आगमन उत्साहजनक रह्यो।

भारतपछि अमेरिकाबाट भित्रिए धेरै पर्यटक, तेस्रो नम्बरमा चिनियाँ

विगतमा जस्तै सन् २०२३ मा पनि खुला सीमा रहेको छिमेकी भारतबाटै सबैभन्दा धेरै पर्यटक भित्रिएका छन्। पर्यटन बोर्डको तथ्यांकअनुसार १० लाखमा तीन लाख १३ हजार नौ सय एक पर्यटक भारतीय छन्।

त्यस्तै, अमेरिकाबाट ९९ हजार तीन सय २६ र चीनबाट ५९ हजार पाँच सय ८३ पर्यटक भित्रिए। कोभिडअघिसम्म भारतीयपछि चिनियाँ पर्यटक धेरै भित्रिन्थे। चीनले आफ्ना नागरिकलाई लामो समय भ्रमणमा निस्कन कडाइ गरेपछि नेपाल भित्रिने चिनियाँ घटेका हुन्। आगामी वर्ष चिनियाँ पर्यटक आगमन उल्लेख्य बढ्ने अनुमान लामिछानेको छ।

त्यस्तै, संयुक्त अधिराज्य (युके)बाट ५२ हजार चार सय ९६ पर्यटक भित्रिँदा अस्ट्रेलियाबाट ३८ हजार एक सय ४९, बंगलादेशबाट ३५ हजार चार सय ९२, जर्मनीबाट २६ हजार सात सय ९३, थाइल्यान्डबाट २५ हजार दुई सय ७०, साउथ कोरियाबाट २३ हजार चार सय ३७ पर्यटक नेपाल भ्रमणमा आएको तथ्यांक छ। पछिल्लो समय बंगलादेशबाट पनि ठूलो संख्यामा पर्यटक आउन थालेका छन्। भदौ पहिलो साता एकैपटक सात सय बंगलादेशी पर्यटक जहाज चार्टर्ड गरेर नेपाल घुम्न आएका थिए।

१० लाख पर्यटक...

पृष्ठ १ बाट क्रमशः

इन्जिनियर प्रमोद शर्माले बताए। कोभिड महामारीपछि करिब शून्यमा झरेको पर्यटक आगमन गत वर्षदेखि लयमा फर्किएकोमा यो वर्ष उत्साहजनक देखिएको हो। गत वर्ष सन् २०२२ मा ६ लाख १४ हजार विदेशी पर्यटक भित्रिएका थिए। कोभिडले विश्वव्यापी महामारीको रूप लिनुअघि सन् २०१९ मा नेपाली पर्यटन उद्योगको इतिहासमै धेरै ११ लाख ९७ हजारभन्दा बढी पर्यटक नेपाल भ्रमणमा आएका थिए। त्यसयता पर्यटक आगमन क्रमशः ओरालो लागेकोमा गत वर्षदेखि सुधार भयो। यसपालि पर्यटक आगमन उत्साहजनक रह्यो,' पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले भने। उनले आगामी वर्ष सन् २०२४ मा पर्यटक आगमनले २०१९ को रेकर्ड तोड्ने संकेत देखाएको पनि बताए। मंगलबार देशवासीका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि बढ्दो पर्यटक आगमनले अर्थतन्त्र सुधारमा भूमिका खेल्ने बताएका थिए। उनले आगामी वर्ष पर्यटक आगमन दोब्बर पुऱ्याउने घोषणा पनि गरेका थिए।

दश हजार...

पृष्ठ १ बाट क्रमशः

सम्बन्धित गाउँपालिका, नगरपालिका वा प्रचलित कानुनबमोजिम अधिकारप्राप्त निकायले दिएको अल्पसंख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा दिनुपर्ने आयोगले जनाएको छ।

त्यस्तै, प्रस्तावक र समर्थकको नाम, सम्बन्धित प्रदेश सभाका सदस्य वा सम्बन्धित प्रदेशभित्रको गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख वा उपप्रमुख समावेश भएको निर्वाचक मण्डलको मतदाता नामावलीमा नाम दर्ता भएको व्यहोरा खुल्ने प्रमाण दिनुपर्नेछ। मतदाता नम्बरका साथै घर संख्या, घर रहेको स्थान तथा जग्गाको विवरण खुलाइएको उम्मेदवारको सम्पत्ति विवरण पनि बुझाउनुपर्नेछ।

कुनै संघीय कानुनले अयोग्य नभएको भनी गरेको स्वघोषणा-पत्र, निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने कुनै लाभको पदमा बहाल नरहेको भनी गरेको स्वघोषणा-पत्र पनि उम्मेदवारका लागि आवश्यक पर्नेछ। उम्मेदवारी दिँदा कुनै लाभको पद वा निर्वाचित पदमा बहालवाला पदाधिकारी भए निजले बहाल रहेको पदबाट राजीनामा दिएको दर्ताको निस्सा पनि आवश्यक पर्नेछ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीबाट नाम फिर्ता लिएको आयोगको पत्रको प्रतिलिपि, ऐनअनुसार कुनै अयोग्यता नभएको स्वघोषणा-पत्र, उम्मेदवार आफैं वा निजको प्रतिनिधि, प्रस्तावक वा समर्थकबाट सहीछाप गरिएको उम्मेदवारको मनोनयन-पत्र र उम्मेदवारले ऐनअनुसार प्रतिनिधि मुकर्रर गरी मनोनयन-पत्र दर्ता गराउन सक्नेछ। दलको तर्फबाट उम्मेदवार मनोनयनको औपचारिक पत्र प्रदान गर्न त्यस्तो दलको केन्द्रीय कार्यकारिणी समिति वा सोसरहको समितिको पदाधिकारीलाई तोकिएको पत्रको प्रतिलिपि चाहिनेछ। उम्मेदवार बन्न ऐन, नियमावली र निर्देशिकामा उल्लिखित अन्य प्रावधान र कार्यविधि पूरा गरेको हुनुपर्ने प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए।

उच्चका एक...

पृष्ठ १ बाट क्रमशः

हुँदाहुँदै सफाइ दिएको आरोप छ।

न्यायाधीश-अधिवक्ता 'घुस प्रकरण' टुंगिँदै

काठमाडौं जिल्ला अदालतका न्यायाधीश राजकुमार कोइराला र अधिवक्ता रुद्रप्रसाद पोखरेलबीच भएको घुस लेनदेनसम्बन्धी कुराकानीको अडियो सार्वजनिक भएपछि न्यायपरिषद्ले गत वर्षको ८ असारमै छानबिन समिति गठन गरेको थियो। समितिले प्रतिवेदन बुझाएको एक वर्ष बित्दा बल्ल उक्त विषय टुंगिने भएको छ।

परिषद्ले यस विषयमा निर्णय नगर्दा नेपाल बार काउन्सिल पनि अलमलमै छ। अडियो बाहिरिएपछि काउन्सिलले अधिवक्ता पोखरेलमाथि छानबिन गरेको थियो। न्यायपरिषद्लाई पटक-पटक उक्त विषयबारेका बयानसमेतका केही कागजात उपलब्ध गराइदिन ताकेता गर्दा पनि जवाफ नपाइएको काउन्सिलका एक अधिकारीले बताए। अनुशासन समितिका सदस्यहरू परिषद्को निर्णय कुर्दै छन्। परिषद्ले यो विषय टुंग्याएपछि आफूहरूलाई त्यसैअनुसार कारबाही अघि बढाउन सहज हुने काउन्सिलका ती अधिकारी बताउँछन्।

०७८ मै भएको कुराकानीको अडियो गत वर्ष ७ असारमा सार्वजनिक भएको थियो। जसमा ठगी मुद्दाका प्रतिवादी तथा पूर्वसांसद इच्छाराज तामाङलाई धरौटीमा छाड्ने विषयमा अधिवक्ता तथा नेपाल बार एसोसिएसनका पूर्वकोषाध्यक्ष पोखरेल र न्यायाधीश कोइरालाबीचको संवाद थियो। पोखरेलले 'तामाङलाई १० करोड धरौटीमा छाड्दा दुई करोड रुपैयाँ आफूहरूले लिन सक्ने,' कोइरालालाई बताएका थिए।

न्यायपरिषद्ले सदस्य रामबहादुर श्रेष्ठको अध्यक्षतामा तीनसदस्यीय छानबिन समिति गठन गरेको थियो। समितिमा उच्च अदालत पाटनका न्यायाधीशद्वय महेशप्रसाद पुडासैनी र महेश शर्मा पौडेल सदस्य थिए। पौडेल हाल सर्वोच्च अदालतमा नियुक्त भइसकेका छन्। समितिले गत वर्षको असोजमै परिषद्मा प्रतिवेदन बुझाएको थियो।

सरकारी वकिल हुँदै कोइराला ०७२ साउनमा न्यायाधीश नियुक्त भएका थिए। घुस लेनदेनको अडियो सार्वजनिक भएयता उनी जिम्मेवारीविहीन छन्।

वर्ष दिनमै न्यायाधीश नियुक्तिको निर्देशिका स्थगन

न्यायपरिषद्ले तयार गरेको न्यायाधीश नियुक्तिको प्रक्रियासम्बन्धी निर्देशिका एक वर्षमै स्थगन गरिएको छ। जिल्ला र उच्चका न्यायाधीश नियुक्तिमा हुने विवाद अन्त्य गरी पारदर्शी बनाउन र योग्य तथा सक्षम न्यायाधीश नियुक्तिका लागि भन्दै निर्देशिका ल्याइएको थियो। २३ असार ०७९ मा निर्देशिका राजपत्रमा प्रकाशित भएसँगै लागू भएको थियो। तर, २९ भदौमा बसेको परिषद् बैठकले निर्देशिका तत्कालका लागि स्थगन तथा सुधार गर्ने निर्णय गरेको छ।

परिषद्का अनुसार निर्देशिका 'स्थगन गरी सुधार र परिमार्जन' गर्ने निर्णय भएको हो। परिमार्जन गर्नुपर्ने विषय अध्ययन गरी प्रतिवेदन तयार गर्न परिषद् सदस्य तथा वरिष्ठतम न्यायाधीश ईश्वरप्रसाद खतिवडाको संयोजकत्वमा तीनसदस्यीय समिति गठन गरिएको छ। जसमा परिषद्का अर्का सदस्य रामप्रसाद भण्डारी सदस्य र देवेन्द्र ढकाल सदस्यसचिव रहेका छन्। समितिले सरोकारवालासँग परामर्श र सुझाव संकलन गर्नेछ।

नेपाल बार एसोसिएसनले निर्देशिकामा कानुन व्यवसायीका लागि कठिन मापदण्ड राखिएको भन्दै असन्तुष्टि जनाउँदै आएको थियो। निर्देशिकामा न्यायाधीशका लागि योग्यता हुन निश्चित मुद्दा संख्या हुनुपर्ने भनिएपछि कतिपय कानुन व्यवसायीले नामका लागि मात्रै पनि वकालतनामा हाल्ने, सुदूर र कम मुद्दा संख्या हुने जिल्लाका कानुन व्यवसायीले न्यायाधीश बन्न नपाउनेजस्ता विभिन्न प्रावधानमा बारको विमति थियो। त्यस्तै, जिल्ला र उच्चको न्यायाधीशका लागि संविधानमै योग्यता रहे पनि निर्देशिका ल्याउँदा संविधानसँग बाझिएको तर्क केहीको छ।

उच्च र जिल्लाका...

पृष्ठ १ बाट क्रमशः

परेका छन्। कार्यक्षमताको अभाव भएको भन्दै ७९ उजुरी दर्ता भएका छन्। त्यस्तै, इमानदारीपूर्वक कर्तव्य पालना नगरेको वा बदनियतपूर्वक कार्य गरेको भन्दै १२ उजुरी परेका छन्। कार्यक्षमताको अभाव र इमानदारीपूर्वक कर्तव्य पालना नगरेको भन्दै नौ उजुरी परेको परिषद्ले जनाएको छ।

परिषद्का अनुसार कतिपय अवस्थामा एउटै न्यायाधीशमाथि एकभन्दा बढी शीर्षकमा उजुरी परेका छन्। यसरी जिल्ला र उच्चका न्यायाधीशविरुद्ध चार सय ५२ उजुरी छन्। जिल्ला र उच्च दुवैका न्यायाधीशमाथि २२६/२२६ उजुरी परेका छन्।

गत ३ पुसमा न्यायपरिषद् दिवसका अवसरमा महान्यायाधिवक्ता दीनमणि पोखरेलले न्यायाधीशउपरका उजुरीमाथि कारबाही सुस्त रहेको बताएका थिए। पछिल्लो समय न्यायाधीश नियुक्ति कम विवादित हुनु सकारात्मक रहे पनि न्यायाधीशउपरको अनुशासनात्मक कारबाहीको पाटोमा पनि परिषद् गम्भीर हुनुपर्ने उनको सुझाव थियो। 'अनुशासनका विषयमा चाहिँ परिषद्को ध्यान नहुने भन्ने चर्चा हुने गरेको छ। न्यायपरिषद्ले समीक्षा गर्ने वेला आएको छ। परिषद्लाई जुन भूमिका संविधान, कानुनले दिएको छ, त्यसमा खरो उत्रिन सकोस्,' उनको भनाइ थियो।

सोही कार्यक्रममा परिषद्का अध्यक्षसमेत रहेका प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले भने न्यायपरिषद्ले आफ्नो दायित्व कुशलतापूर्वक निर्वाह गरिरहेको दाबी गरे। 'न्यायपरिषद् स्थापनाको उद्देश्य एवं प्राप्त संवैधानिक, कानुनी जिम्मेवारीअनुरूपको कार्यसम्पादन हुन सक्यो वा सकेन भन्ने विषयमा आ-आफ्ना दृष्टिकोण रहन सक्छन्,' उनको भनाइ थियो, 'उजुरीहरूको पनि परिषद्ले अध्ययन गरिरहेको छ। अब छिट्टै नै परिषद्मा विचाराधीन उजुरीहरूको टुंगो लगाउने प्रयासमा हामी छौं।'

परिषद्का सहसचिव तथा प्रवक्ता अशोक क्षेत्रीले आफू भर्खरै सरुवा भई आएकाले उजुरी, फर्स्यौटको अवस्थालगायतका विषयमा बुझिरहेको बताए। 'भर्खर आएकाले बुझ्ने क्रममै छु,' उनले भने।

टेरामक्स खरिद...

पृष्ठ १ बाट क्रमशः

सम्झौतापत्र सार्वजनिक नहुनुले प्राधिकरणले गलत काम गरेको प्रस्ट हुने सांसद गोकुल बाँस्कोटाले बताए। प्राधिकरण र कम्पनीबीचको मूल सम्झौतापत्रले सबै विषय स्पष्ट हुने भएकाले तत्काल सार्वजनिक गर्न उनले आग्रह गरे।

त्यस्तै, प्राधिकरणले टेरामक्स खरिदमा ग्रामीण दूरसञ्चार कोषको रकम प्रयोग गरेको समितिले जनाएको छ। कोषको रकम प्रविधि खरिदमा प्रयोग गर्न हुने वा नहुने भन्ने विषयमा स्पष्ट जानकारी नआएको समितिको भनाइ छ। साथै, कोषको रकम प्रयोग गर्ने सम्बन्धमा भएको निर्णयमा कुन-कुन पदाधिकारी सहभागी थिए भन्ने जानकारी उपलब्ध नगराएको समितिले जनाएको छ। प्राधिकरणले टेरामक्स प्रणालीले राजस्व चुहावटलाई नियन्त्रण गर्ने दाबी गरे पनि यसका आधार कहीं उल्लेख नभएको समितिले बताएको छ।

सर्वोच्च अदालतले २१ माघ ०७२ मा परमादेश जारी गर्दै कानुनी व्यवस्था नगरी नागरिकको व्यक्तिगत सूचनामा पहुँच राख्न नहुने निर्णय गरेको थियो। तर, प्राधिकरणले सर्वोच्चको परमादेशविपरीत दूरसञ्चार ऐनको मस्यौदा ड्राफ्टमा नै रहेको अवस्थामा टेरामक्स प्रविधि खरिद गरी जडानको प्रक्रिया अघि बढाएको पाइएको छ। प्राधिकरणले २० असोज ०७४ मा टेरामक्स खरिद प्रक्रिया अगाडि बढाएको थियो। सर्वोच्चको परमादेशविपरीत टेरामक्स प्रविधि खरिदको प्रक्रिया अगाडि बढाउनुले प्राधिकरणको नियत गलत भएको स्पष्ट हुने सांसद मनीष झाले बताए।

टेरामक्स खरिदका लागि ५२ करोड भुक्तानी

नेपाल दूरसञ्चार प्रधिकरणका अनुसार टेरामक्स प्रविधि खरिदमा ५२ करोड भुक्तानी भएको छ। प्राधिकरणका अध्यक्ष पुरुषोत्तम घिमिरिले बुधबार सार्वजनिक लेखा समितिमा भएको छलफलमा खरिद रकमको १७ प्रतिशत भुक्तानी भएको जानकारी गराएका हुन्।

रकम एलसीबाट नै भुक्तानी भएको उनले स्पष्ट पारेका छन्। हालसम्म हार्डवेयर सबै खरिद गरिएको बताउँदै अध्यक्ष खनालले विक्रेता कम्पनीले ५ प्रतिशत भन्सार रकम भुक्तानी गरेकोसमेत बताए। तर, खरिद गरिएको प्रविधि भन्सारमा रोकिँदा विक्रेता कम्पनीकै रकमबाट कट्टा गर्ने गरी प्राधिकरणले १० प्रतिशत रकम डिपोजिट गरेको उनले स्पष्ट पारेका छन्।

सांसदले सोधेको प्रश्नको जवाफ दिँदै अध्यक्ष घिमिरेले लेबनानबाट सफ्टवेयर खरिदमा कुनै समस्या नभएको बताए। समस्याग्रस्त लेबनानबाट युद्धमा प्रयोग हुने हातहतियार र सोसँग सम्बन्धित प्रविधि खरिदमा रोक लगाइए पनि यस्तो प्रविधिमा रोक नलगाइएको बताए। त्यस्तै, विक्रेता कम्पनीले पाँच वर्षसम्म नेपालमै बसेर सेवा दिने सम्झौता भएको पनि उनले स्पष्ट पारे।

दूरसञ्चार सेवा प्रदायकहरूले आफ्नो उपकरण सक्षम भएको दाबी गरे पनि त्यसको नियमन गर्ने नियामक निकायको जिम्मेवारी भएको अध्यक्ष घिमिरे बताउँछन्। 'सेवा प्रदायकले आफ्नो सर्भिस राम्रो छ भन्छन्। तर, त्यो राम्रो छ कि छैन भनेर त अनुगमन गर्नुपऱ्यो नि,' उनले भने। नियामक निकायले इन्डिपेन्डेन्ट रूपमा अनुगमन गर्ने टेरामक्स जडान गर्न लागिएको उनले बताए।

छलफलमा उपस्थित नेपाल टेलिकमकी निमित्त प्रबन्ध निर्देशक संगीता पहाडीले टेरामक्सजस्तो प्रविधि यअसघि नै कम्पनीले जडान गरिसकेको बताइन्। 'सेवा प्रदायकले लाइसेन्स लिँदा नै यस्तो प्रतिबद्धता गरेको हुन्छ,' उनले भनिन्। हामीसँग भएको विवरण प्राधिकरणले कुनै पनि समयमा आएर चेकजाँच गर्न सक्छ।

छलफलमा सांसदहरूले टेरामक्सका विषयमा अध्ययन गर्न उपसमिति गठन गर्नुपर्ने सुझाव दिएका छन्। प्राधिकरणले ३० कात्तिक ०७८ मा लेबनानको भेन्राइज कम्पनीले दुई करोड ३७ लाख ७० हजार डलर (करिब तीन अर्ब १३ करोड रुपैयाँ)मा टेरामक्स खरिद सम्झौता गरेको थियो। अन्य कम्पनीको तुलनामा यस कम्पनीले सेवा-सुविधा धेरै दिने भएपछि खरिद सम्झौता गरिएको प्राधिकरणका अध्यक्ष घिमिरेको दाबी छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय वयलवास, सर्लाहीको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०९/१२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय वयलवास, सर्लाहीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।
यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

ऋणीहरुको विवरण:

१. उदेशी सिंहको नाति, वलदेव सिं दनुवार/ईश्वरी देवी सिंहको छोरा, सवुर देवी दनुवारको पति, सर्लाही जिल्ला, ईश्वरपुर न.पा. वडा नं. ०७ बस्ने **राम बाबु सिं दनुवार** (ना.प्र.नं. ३८४९०९३९, जारी मिति २०३७/०१/०१, जिल्ला प्रशासन कार्यालय सर्लाही)।
२. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा सर्लाहीमा मिति २०७७/०६/०४ मा प्रा.फ.र.नं. ९०६९/०७७/०७८ कायम भई दर्ता रहेको सर्लाही जिल्ला, ईश्वरपुर न.पा. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **दिप्सन खाध्यान्न गल्ला भण्डार** (प्रोप्राइटर उदेशी सिंहको नाति, वलदेव सिं दनुवार/ईश्वरी देवी सिंहको छोरा, सवुर देवी दनुवारको पति, सर्लाही जिल्ला, ईश्वरपुर न.पा. वडा नं. ०७ बस्ने **राम बाबु सिं दनुवार** (ना.प्र.नं. ३८४९०९३९, जारी मिति २०३७/०१/०१, जिल्ला प्रशासन कार्यालय सर्लाही)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. उदेशी सिंहको नाति, वलदेव सिं दनुवार/ईश्वरी देवी सिंहको छोरा, सवुर देवी दनुवारको पति, सर्लाही जिल्ला, ईश्वरपुर न.पा. वडा नं. ०७ बस्ने **राम बाबु सिं दनुवार** (ना.प्र.नं. ३८४९०९३९, जारी मिति २०३७/०१/०१, जिल्ला प्रशासन कार्यालय सर्लाही)।
२. सुनर रायको नातिनी, रामजी राय/केवला देवी सिंहको छोरी, वलदेव सिं दनुवार/ईश्वरी देवी सिंहको बुहारी, राम बाबु सिं दनुवारको पत्नी, सर्लाही जिल्ला, ईश्वरपुर न.पा., वडा नं. ०७ (साबिक ईश्वरपुर गा.वि.स.वडा नं. ०३) बस्ने **सवुर देवी दनुवार** (ना.प्र.नं. ३८४९४५४२, जारी मिति २०४६/०३/०१, जिल्ला प्रशासन कार्यालय सर्लाही)।
३. कारी सिंहको नातिनी, मदन सिंह दनुवार/मनतोरिया देवीको छोरी, वलदेव सिं दनुवार/ईश्वरी देवी सिंहको बुहारी, सुरेन्द्र सिंह दनुवारको पत्नी, सर्लाही जिल्ला, ईश्वरपुर न.पा., वडा नं. ०७ (साबिक ईश्वरपुर गा.वि.स., वडा नं. ०३) बस्ने **अनिता कुमारी देवी** (ना.प्र.नं. १९३०५६/१७६६, जारी मिति २०६३/१२/१३, जिल्ला प्रशासन कार्यालय सर्लाही)।

धितो सुरक्षणको विवरण

१. **राम बाबु सिं दनुवार**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स./न.पा. वडा नं. ३ क स्थित कित्ता नं. ८३, ८४, ८५ र ८६ को क्षे.फ. क्रमशः ०-०-२-०, ०-०-९-०, ०-०-६-० र ०-०-३-० (बि.क.धु.क) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **सवुर देवी दनुवार**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स./न.पा. वडा नं. ३ क स्थित कित्ता नं. ३१६ को क्षेत्रफल ०-३-०-० (बि.क.धु.क) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. ऋणी **दिप्सन खाध्यान्न गल्ला भण्डार**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि
शाखा कार्यालय वयलवास, सर्लाही फोन नं. ०४६-५७५२२६

मोटरसाइकल हरायो

मिति २०८०/६/२६ गते अ. १०:३० बजेको समयमा जिल्ला पर्सा वि.म.न.पा.-१४, चिनी मिल आवास क्षेत्रको पार्किङबाट मेरो निम्न व्यहोरा भएको कालो निलो रंगको **220 CC** पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : सोमान सिं वल
मो.सा.न.: बा प्र. ०२-०४३ प ०४६६
चेसिस न. : MD2A13EX7MCJ98373
इन्जिन न. : DKXCMJ32737
सम्पर्क न. : 9860114235

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०९/१२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला। अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा जोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

शाखा कार्यालय: वितामोड, झापा

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७७/०२/१० मा दर्ता नं. २५११२८/०७७/०७८ कायम भई दर्ता भएको झापा जिल्ला, अर्जुनधारा नगरपालिका वडा नं. ११, स्थित **स्काई इन एण्ड रेसिडेन्सी प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. बल नारायण श्रेष्ठको नातिनी, शुभ नारायण श्रेष्ठको छोरी, झापा जिल्ला, वितामोड गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **जीवन कुमारी श्रेष्ठ (ना.प्र.प.नं. २०८२/२६६, झापा)**
२. बल नारायण श्रेष्ठको नाति, शुभ नारायण श्रेष्ठको छोरा, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **ओम बहादुर श्रेष्ठ (ना.प्र.प.नं. ६२७१४१३, झापा)**
३. शुभ नारायण श्रेष्ठको नाति, ओम बहादुर श्रेष्ठको छोरा, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **राहुल श्रेष्ठ (ना.प्र.प.नं. ०४-०१-६२-०२३६४, झापा)**

शाखा कार्यालय: होराइजनचोक, रुपन्देही

ऋणीको विवरण

लिलाधरको नाति, वालाकृष्ण पाध्यायको छोरा, वाग्लुङ जिल्ला, वाटाकाचौर गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **धन राज पाध्याय (ना.प्र.प.नं. ५०११, वाग्लुङ)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. वालाकृष्ण पाध्यायको बुहारी, धन राज पाध्यायको पत्नी, वाग्लुङ जिल्ला, वाटाकाचौर गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **तारा शर्मा पाध्याय (ना.प्र.प.नं. ५०१०३५/३७६९८, वाग्लुङ)**
२. वालाकृष्ण पाध्यायको नाति, धन राज पाध्यायको छोरा, वाग्लुङ जिल्ला, वाटाकाचौर गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **तेज कुमार पौडेल (ना.प्र.प.नं. ५०-०१-७१-०३३३५, वाग्लुङ)**

शाखा कार्यालय: हेम्जा, कास्की

ऋणीको विवरण

तुलाराम विश्वकर्माको नाति, मन बहादुर विश्वकर्माको छोरा, कास्की जिल्ला, धम्पुस गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **डिल बहादुर विश्वकर्मा (ना.प्र.प.नं. ९३७८, कास्की)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. मन बहादुर विश्वकर्माको बुहारी, डिल बहादुर विश्वकर्माको पत्नी, कास्की जिल्ला, धम्पुस गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **सिता कुमारी विश्वकर्मा (ना.प्र.प.नं.१६-०१-७१-००२१०, कास्की)**
२. हर्के कामीको नाति, धनरास कामीको छोरा, कास्की जिल्ला, अन्नपुर्ण गा.पा. वडा नं. ४ ,स्थित स्थायी ठेगाना भएको **प्रेम कामी (ना.प्र.प.नं. २८०१०, कास्की)**

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय आयोजना कार्यान्वयन इकाई, कास्की

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/०९/१२

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्रस्ताव मूल्याङ्कन हुँदा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम निम्न बोलपत्रदाताहरुको प्रस्ताव न्यूनतम मूल्याङ्कित तथा सारभूतरुपमा प्रभावग्राही बोलपत्र निर्धारण भई स्वीकृतिका लागि छनौट गरिएकोले ऐ ऐनको दफा २७ (२), ४७ तथा नियमावलीको नियम १०० को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल :

क्र. सं	ठेक्का नं.	ठेक्काको नाम	छनौट भएका बोलपत्र दाताको नाम र ठेगाना	कबोल अंक (VAT बाहेक)	कै.
1	FPIU/KASKI/NCB/WORKS/080/81/41	Yekikrit Basti Bikas Karyakaryam Gorkha Jilla,sthit Baguwa Milan Basti.	M/S Shiva Engineering Group Pvt.Ltd, Kathmandu.	6275345.90	
2	FPIU/KASKI/NCB/WORKS/080/81/42	Gorkha Jilla Gorkha Nagarpalika-7, Gairai Pipa park Nirman.	M/S Sen Sun Construction Pvt. Ltd., Dhading.	1703383.10	
3	FPIU/KASKI/NCB/WORKS/080/81/43	Upgrading of roads from Simlephat Khahare Tallo Chowk to Kriyaputri Bhawan, Gorkha 13.	M/S Sen Sun Construction Pvt. Ltd., Dhading.	1864758.00	
4	FPIU/KASKI/NCB/WORKS/080/81/44	Upgrading of connecting roads from Ghalang Gairi Chautara to Ganesh Mandir Ratomata and Nibelmarga, Gorkha3.	M/S Khadka

समाजवादी मोर्चाले बृहत् अन्तर्क्रिया गर्ने

पुसभित्र ७७ वटै जिल्लामा संयोजन समिति, माघमा सन्देश सभा, मोर्चाको नेतृत्वमा नेपालकै निरन्तरता



प्रेम गौतम/नयाँ पत्रिका

समाजवादी मोर्चाले प्रतिगामी चलखेल बढेको निष्कर्ष निकालेको छ। बुधबार बसेको मोर्चाको बैठकले चलखेलविरुद्ध सशक्त रूपमा प्रस्तुत हुनुपर्ने निष्कर्ष निकालेको छ। मोर्चाका अध्यक्ष माधवकुमार नेपालले देशको पछिल्लो राजनीतिक अवस्थाबारे गम्भीर छलफल भएको बताए।

मोर्चाले नेपाली विशेषताको समाजवाद के हुन सक्छ भन्ने विषयमा सेमिनारसमेत गर्ने भएको छ। अन्तर्राष्ट्रिय अनुभवसमेत हेरेर सबैका विचार सुनेर अगाडि बढ्ने मोर्चाको तयारी छ। 'नेपाली विशेषताको समाजवाद के हुन सक्छ ? त्यसबारे गम्भीर चिन्तन-मनन गर्नुपर्नेछ। अन्तर्राष्ट्रिय अनुभव पनि हेर्नौं। सबैका विचार पनि सुनौं। किन जनताले चाहेजस्तो सरकारले परिणाम दिन सकेन। त्यसको कारण खोजौं,' मोर्चाका अध्यक्ष माधवकुमार नेपालले भने।

मोर्चाका सचिवालय सदस्यसचिव प्रमेश हमालका अनुसार माघमा बृहत् अन्तर्क्रिया कार्यक्रम गर्ने निर्णय भएको छ। पुस मसान्तभित्र ७७ वटै जिल्लामा समन्वय समिति गठन गरिसक्ने र माघभित्र सम्भव जिल्लामा सन्देश सभा गर्ने निर्णय मोर्चाले गरेको छ। मोर्चाको संयोजकको जिम्मेवारीमा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई निरन्तरता दिने निर्णय भएको छ।

बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नयाँ ढंगले जान खोजेको बताउँदै परिणाम दिने गरी सरकार अगाडि बढ्ने बताए। 'म नयाँ ढंगले जान खोजिरहेको छु। जनताको अपेक्षा पूरा गर्ने गरी अगाडि बढ्ने सोच छ। त्यसका लागि आफ्नोतर्फबाट सबै कोसिस गर्छु,' प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै एक नेताले भने।

जसपा अध्यक्ष उपेन्द्र यादवले संघीयता कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण गरेर अगाडि बढ्नुपर्नेमा जोड दिएका थिए। संघीयता कार्यान्वयन नहुँदा जनताले परिवर्तनको महसुस गर्न नपाएको उनको दाबी थियो। नेकपा महासचिव नेत्रविक्रम चन्द विप्लवले अदालतको पत्राउ पुर्जी र सरकारले गरेको सम्झौताबारे ध्यानाकर्षण गराएका थिए। विप्लवलगायत नेतामाथिको पत्राउ पुर्जीबारे मोर्चाले ध्यानाकर्षण भएको जनाएको छ।

संविधानमाथि आक्रमण भइरहेकाले गम्भीर हुनुपर्ने स्थिति छ : नेपाल

काठमाडौं/ एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले प्राप्त उपलब्धि रक्षाका निम्ति दलहरू मिलेर अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याएका छन्। ललितपुरमा बुधबारबाट सुरु भएको केन्द्रीय कमिटी बैठकको उद्घाटन सत्रमा नेपालले प्रतिगामी र प्रतिक्रियावादी शक्तिहरूले षड्यन्त्र गरिरहेको दाबी गरे।

देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरूको षड्यन्त्रलाई परिवर्तनकारी दलहरूले मिलेर निस्तेज पार्नुपर्नेमा उनले जोड दिए। 'हाम्रो पार्टीले एमालेभित्र गरेको विद्रोह जायज थियो। विघटित प्रतिनिधिसभा हाम्रो विद्रोहले पुनः स्थापित भयो। संविधान जोगियो। संसद्ले पूर्ण कार्यकाल काम गऱ्यो। आज संविधानमाथि आक्रमण भइरहेको सन्दर्भमा हामी फेरि गम्भीर हुनुपर्ने स्थिति आएको छ। अहिले प्रतिगामी शक्तिहरूले टाउको उठाइरहेका छन्। विभिन्न देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरूले देशभित्र षड्यन्त्रका तानाबाना बुनिरहेका छन्,' उनले भने। नेपालले नेकपाको निरन्तरता एकीकृत समाजवादी भएको दाबी पनि गरे।

एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले वर्गमा आधारित पार्टी बनाउनुपर्नेमा जोड दिए। उनले देशलाई नै तरंग दिने गरी पार्टी निर्माणको छलफलमा जुट्न आह्वानसमेत गरे। खनालले आगामी निर्वाचनमा वामपन्थी शक्तिलाई सिध्याउन षड्यन्त्र भइरहेको दाबी पनि गरे। वामपन्थीहरू एकताबद्ध नभए स्थिति गाह्रो हुने उनको विश्लेषण छ। उनले भने, 'कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गर्नीतिर लागेनौं भने ०८४ को चुनाव सम्झिनुस्। ०८४ को चुनावमा वामपन्थीलाई धुल्याउने योजना छ। यो बुझिरास्न आवश्यक छ। हामीले अहिलेदेखि नै तयारी गर्नुपर्छ। कुन बाटो हिँड्दा सही हुन्छ त्यो गर्न सकेनौं भने गाह्रो हुन्छ।'

तीन दिनसम्म चल्ने बैठकमा विधान संशोधनबारे छलफल सुरु भएको छ। केन्द्रीय सदस्यहरूको रायका आधारमा विधान मस्यौदा तयार पारेर प्रतिनिधि परिषद् बैठकमा पेस गर्ने एकीकृत समाजवादीको तयारी छ। विधान संशोधनका लागि ११ वटा प्रश्नावली केन्द्रीय सदस्यहरूलाई उपलब्ध गराइएको छ। सदस्यहरूले लिखित रूपमा पनि सुझाव दिन सकिने विधान मस्यौदा समितिका संयोजक डा. बेदुराम भुसालले बताए।

■ आजदेखि कांग्रेस केन्द्रीय समिति बैठक

मन्त्रीहरूको समीक्षा र राष्ट्रिय सभाका उम्मेदवारको विषय मुख्य एजेन्डा



■ विश्वप्रकाश शर्मा
महामन्त्री, कांग्रेस

प्रधानमन्त्रीले चाहँदा पनि मन्त्री फेरबदल हुन सक्छ। केन्द्रीय समिति बैठकमा पनि मन्त्री फेरबदलको विषय उठाउँछौं। प्रधानमन्त्रीको एक वर्षको समीक्षा आएको छ। कांग्रेसबाट सरकारमा रहनुभएका मन्त्रीहरूबाट के कति काम भए-भएनन्, समीक्षा गर्छौं। त्यसपछि मन्त्रीहरूको भविष्यबारे टुंगो लाग्नेछ।



केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेसले आफू सहभागी सरकारको काम र पार्टीबाट सरकारमा सहभागी मन्त्रीहरूको कार्यसम्पादन समीक्षा गर्ने भएको छ। बिहीबार बस्ने केन्द्रीय समिति बैठकमा सरकारको समीक्षाको विषयलाई एजेन्डाका रूपमा प्रवेश गराउन लागेको हो। बैठकका एजेन्डाबारे बुधबार सभापति शेरबहादुर देउवा, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माबीच धुम्बाराहीमा छलफलसमेत भएको थियो।

महामन्त्री शर्माले कांग्रेस केन्द्रीय समिति बैठकमा सरकारको विषय एजेन्डाका रूपमा लैजान लागेको जानकारी दिए। उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मंगलबार एकवर्षे समीक्षा गरेसँगै कांग्रेसले पनि आफू सहभागी सरकार र पार्टीबाट सरकारमा सहभागी मन्त्रीहरूको कार्यसम्पादनको समीक्षा गर्न लागेको जानकारी दिए। बैठकपछि मन्त्री फेरबदल हुने-नहुने विषयमाथि छलफल हुने उनको भनाइ छ। 'प्रधानमन्त्रीले चाहँदा पनि मन्त्री फेरबदल हुन सक्छ। केन्द्रीय समिति बैठकमा पनि मन्त्री फेरबदलको विषय उठाउँछौं। प्रधानमन्त्रीको एक वर्षको समीक्षा आएको छ। कांग्रेसबाट सरकारमा रहनुभएका मन्त्रीहरूबाट के कति काम भए-भएनन्, समीक्षा गर्छौं। त्यसपछि मन्त्रीहरूको भविष्यबारे टुंगो लाग्नेछ,' उनले भने।

कांग्रेसमा मन्त्रीहरूको कार्यसम्पादनलाई लिएर असन्तुष्टि देखिँदै आएको छ। उपसभापति पूर्णबहादुर खड्काको नेतृत्वमा सरकारमा कांग्रेसबाट नौ मन्त्री छन्। ती मन्त्रीको कार्यसम्पादन उत्कृष्ट नभएको भन्दै पार्टीमै आलोचना हुँदै आएको छ। यसअघिको कार्यसमिति बैठकमा पनि पार्टी र सरकारको कार्यशैलीमा तालमेल नभएको भन्दै आलोचना भएको थियो। त्यसपछि सभापति शेरबहादुर देउवाले विधानअनुसार दुई महिनामा र कांग्रेसले पारित गरेको कार्यतालिकाअनुसार दुई महिनाको पहिलो साता बैठक राख्नुपर्नेमा सरकारमा सहभागी मन्त्रीहरूको कार्यशैलीमाथि प्रश्न उठ्ने र फेरबदलको विषय उठ्ने सम्भावना देखेपछि बैठक टार्दै आएका थिए। सभापति देउवाले राष्ट्रिय सभा निर्वाचनअघि विवाद रोक्न विभाग गठनलगायत कामलाई थाती राख्दै आएका छन्। केन्द्रीय सदस्य प्रदीप पौडेललगायतले देउवालाई बैठक बोलाउन पटक-पटक दबाब दिँदै आएका थिए। गत ४-८ असोजमा बसेको केन्द्रीय समिति बैठकपछि केन्द्रीय समितिको बैठक बसेको छैन।

बैठकमा मुख्य रूपमा राष्ट्रिय सभामा उम्मेदवारको विषय एजेन्डाका रूपमा छ। २९ मंसिरमा बसेको कार्यसम्पादन समिति बैठकले १० पुसभित्र प्रदेशलाई नाम पठाउन निर्देशन दिएको थियो। तर, धेरै आकांक्षी र विवादको सम्भावनाका कारण प्रदेशले सबै आकांक्षीको सूची केन्द्रमा पठाएका छन्।

कांग्रेस विधानको धारा ३२ को उपधारा ९ मा राष्ट्रिय सभा सदस्यको निर्वाचन हुने क्षेत्रका एक सिटका प्रदेशले सहमति या बहुमतबाट तीनजनाको नाम निर्णय गरी केन्द्रमा पठाउनुपर्ने व्यवस्था छ। यसरी आएका नामबाट केन्द्रीय संसदीय समितिले टुंगो लगाउनुपर्ने र केन्द्रीय समिति बैठकबाट अनुमोदन गर्नुपर्ने व्यवस्था छ। तर, कांग्रेसले हालसम्म संसदीय समिति गठन गरेको छैन। यसअघिका तीनै तहको निर्वाचनमा पनि सभापति देउवाले संसदीय बोर्ड गठनमा कुनै चासो दिएका थिएनन्। कांग्रेसको शेखर-गगन समूहले भने नयाँलाई अवसर दिनुपर्ने, उम्मेदवार छनोटमा मापदण्ड बनाउन र बोर्ड गठनका लागि दबाब दिने तयारी गरेको छ।

उम्मेदवारको टुंगो भने केन्द्रीय समिति बैठक सकिएसँगै लगाउने तयारी छ। महामन्त्री शर्माले बैठकपछि गठबन्धन दलमा छलफल गर्ने र १८ पुसपछि उम्मेदवारको टुंगो लाग्ने बताए। 'केही दिन बैठक लम्बिन सक्छ। गठबन्धनमा पनि छलफल गर्नुपर्नेछ। सम्भवतः १८ पुसपछि उम्मेदवारको टुंगोमा पुग्नेछौं,' उनले भने।

प्रचार विभाग प्रमुख मीन विश्वकर्मा बैठकले मापदण्ड बनाउने र उम्मेदवारको टुंगो नेतृत्वले टुंग्याउने गरी जिम्मेवारी दिने तयारीमा रहेको बताउँछन्। बैठकमा संस्थापन पक्षकै नेताहरूले सिफारिसमा अधिकांश अवसर पाएकाको नाम समेटिएको भन्दै 'नयाँलाई अवसर'का लागि दबाब दिने तयारी गरेका छन्। राष्ट्रिय सभाका १९ सदस्यीय चुन्न ११ माघमा हुन निर्वाचन हुँदै छ। २३ पुसमा मनोनयनको मिति छ।

एक साताभित्र उम्मेदवार सिफारिस गर्न एमालेको निर्देशन

काठमाडौं/ एमालेले एक साताभित्र राष्ट्रिय सभाका उम्मेदवारको नाम सिफारिस पठाउन प्रदेश कमिटीहरूलाई निर्देशन दिएको छ। केन्द्रीय कार्यालयले बुधबार खाली भएको समूहमा प्रत्येक क्लस्टरबाट एकजना महिलासहित तीनजनाको नाम सिफारिस गरी पठाउन प्रदेश कमिटीहरूलाई निर्देशन दिएको हो।

'जुन क्लस्टरमा रिक्त छ, त्यो क्लस्टरमा तीनजनाको नाम सिफारिसका लागि सर्कुलरमार्फत बुधबार निर्देशन गरिएको छ,' केन्द्रीय कार्यालयका सचिव डा. भीष्म अधिकारीले भने। ११ माघमा १९ सिटमा निर्वाचन हुँदै छ। राष्ट्रिय सभामा एमालेका १७ सांसदमध्ये नौ सांसदको पद रिक्त हुँदै छ। राष्ट्रपतिबाट मनोनीत वामदेव गौतमलाई समेत गणना गर्ने हो भने सिट संख्या १८ छ। तर, उनी अहिलेसम्म प्रस्टसँग कतै खुलेका छैनन्। यो चुनावसँगै नौ सांसदको एकैपटक पद समाप्त हुँदा एमाले आठ सांसदमा मात्र सीमित हुनेछ।



■ डा. भीष्म अधिकारी, केन्द्रीय कार्यालयका सचिव

जुन क्लस्टरमा रिक्त छ, त्यो क्लस्टरमा तीनजनाको नाम सिफारिसका लागि सर्कुलरमार्फत बुधबार निर्देशन गरिएको छ

गठबन्धन भत्काउन असफल भए एमालेले ती सिट संख्या यो चुनावबाट गुमाउने सम्भावना प्रबल छ। एमालेबाट राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिना र मनोनीत सांसद विमला पौड्याल राईसहित भैरवसुन्दर श्रेष्ठ, इन्दु कडरिया, कुमार दर्साैंदी, दीपा गुरुङ, दिलकुमारी रावल थापा, नरपति लुवार, रामचन्द्र राईको पदावधि सकिँदै छ। एमालेले राष्ट्रिय सभा निर्वाचनका लागि सम्भावित गठबन्धनको ढोका खुला राखेको छ। राप्रपा, जसपालगायत दलसँग तालमेलका लागि प्राथमिकता राखेर एमालेले आन्तरिक छलफल थाल्ने तयारी गरिरहेको छ। केन्द्रीय कार्यालय सचिव अधिकारीले आफ्नो दल तालमेलका लागि खुला रहे पनि अहिलेसम्म औपचारिक छलफल भने कुनै दलसँग पनि नभएको बताए।

संक्षेप

शारदालाई बन्धक बनाउनेविरुद्ध अनुसन्धान गर्न सात दिन म्याद थप

सिन्धुली/ कमलामाई नगरपालिका- ४ ढकाल गाउँकी शारदा थापालाई शारीरिक बन्धक बनाउने सातजनाविरुद्ध अनुसन्धानका लागि म्याद थप गरेको छ। पीडित शारदाको किटानी जाहेरीका आधारमा प्रहरीले अनुसन्धानका लागि १० दिन माग गरेकोमा जिल्ला अदालत सिन्धुलीबाट सात दिनको म्याद थप भएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख प्रहरी उपरीक्षक राजकुमार सिलवाललले बताए। बन्धक बनाई कुटपिटमा संलग्न रहेको आरोपमा ८ पुसमा पत्राउ परेका सातजनालाई बुधबार जिल्ला अदालत सिन्धुलीमा पेस गरिएको थियो। यसबीचमा अदालत बन्द भएका कारण बुधबार मात्र पेस गरिएको हो। कमलामाई नगरपालिका-४ ढकाल गाउँकी ३७ वर्षीया थापालाई बन्धक बनाई कुटपिट गरेको घटनाका आरोपितलाई पीडित पक्ष दिएको उजुरीपछि अदालतमा म्याद थप गरी अनुसन्धान सुरु गरेको सिलवाललले बताए। शरीर बन्धक बनाई कुटपिट गरेको आरोपमा अनुसन्धानका लागि आइतबार पीडित महिलाका श्रीमान्सहित सातजनालाई प्रहरीले नियन्त्रणमा लिएको थियो। पत्राउ पर्नेमा थापाका श्रीमान् सन्तोष थापा, कमलामाई नगरपालिका-४ घर भएका ६२ वर्षीय एक्कबहादुर खड्का, ३९ वर्षीय मिलन देवकोटा, ३४ वर्षीय निकेश ढकाल, ४२ वर्षीय विष्णुकुमार ढकाल, ३८ वर्षीय ईश्वर पोखरेल र ५२ वर्षीय वीरविक्रम ढकाल छन्।

मदन पुरस्कार विजेता पूर्वडिआइजी शाह भ्रष्टाचारमा दोषी ठहर

काठमाडौं/ 'छापामारको छोरो' पुस्तकका लागि ०६३ मा मदन पुरस्कार विजेता नेपाल प्रहरीका पूर्वडिआइजी महेशविक्रम शाह प्रहरी जवानहरूको तलब-भत्तामा भ्रष्टाचार गरेको अभियोगमा दोषी ठहर भएका छन्। मध्यक्षेत्रीय तालिम केन्द्र दुधौलीमा कार्यरत छँदा कार्यालय प्रमुख रहेका शाहले सइ दीपेन्द्रप्रसाद पनेरूसँग मिलेर दुई सय ४५ जवानको (प्रशिक्षार्थीसमेत) तलब-भत्तामा ३३ लाख ३८ हजार ८४ रुपैयाँ हिनामिना गरेको ठहर भएको हो। विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेजनारायणसिंह राई र रितेन्द्र थापाको इजलासले गरेको फैसलामा उनीहरूले एक सय तीन जवानको ०७२ माघ र फागुनको तलब-भत्ताबाट ३१ लाख ८८ हजार ४६८ रुपैयाँ हिनामिना गरेका थिए। प्रहरी प्रधान कार्यालयले माघको तलब-भत्ता पाउने गरी ११ माघ ०७२ मा ती जवानको सरुवा गरेको थियो। त्यस्तै, एक सय ४२ नयाँ प्रशिक्षार्थी जवानको तलब-भत्तामा एक लाख ४९ हजार ६१६ रुपैयाँ हिनामिना गरेका थिए। ती जवानको ३ माघ ०७२ बाट तलब-भत्ता पाउने गरी नियुक्ति भएकोमा शाह र पनेरूले १ माघदेखिकै तलब-भत्ता निकालेर मासेको ठहर छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले शाह र पनेरूसँगै दुधौली तालिम केन्द्रकै तत्कालीन लेखा सहायक प्रहरी हवल्दार केशवसिंह ऐरी र जिल्लाको कोष तथा लेखानियन्त्रक कार्यालयका तत्कालीन लेखापाल सञ्जीव बिसंखेलाई पनि प्रतिवादी बनाएर २० फागुन ०७६ मा विशेषमा मुद्दा दायर गरेको थियो। भन्डै चार वर्षपछि आएको फैसलामा ऐरी र बिसंखेले भने सफाइ पाएको विशेषका उपरजिस्ट्रार धनबहादुर कार्कीले बताए।

अकुत सम्पत्तिमा चूडामणिलाई सफाइ दिएको विशेषको फैसलाविरुद्ध सर्वोच्चमा पुनरावेदन

काठमाडौं/ अकुत सम्पत्ति आर्जनको मुद्दामा तत्कालीन सहसचिव चूडामणि शर्मालाई विशेष अदालतले सफाइ दिएपछि सो फैसलाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ। आइतबार आयोगले निर्णय गरेर सर्वोच्चमा पुनरावेदन दर्ता गरेको हो। पद दुरुपयोग गरेर गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको आरोपमा अख्तियारले शर्माविरुद्ध ०७४ माघमा मुद्दा दायर गरेको थियो। उनीविरुद्ध चार करोड २९ लाख ५४ हजार रुपैयाँ बिगो दाबी गरेको थियो। गैरकानुनी रूपमा आर्जित सम्पत्ति पत्नी कल्पना उप्रेती शर्मासमेतको नाममा राखेको भेटिएपछि अख्तियारले बिगो जफतको प्रयोजनका लागि उनलाई पनि प्रतिवादी बनाएको थियो। मुद्दा दर्ता भएको ६ वर्ष चार महिनापछि विशेष अदालतले मुद्दाको फैसला गर्दै शर्मालाई सफाइ दिएको थियो। गत १८ जेठमा विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल, सदस्यहरू यमुना भट्टराई र शालिग्राम कोइरालाको संयुक्त इजलासले गैरकानुनी सम्पत्ति आर्जनमा उनलाई सफाइ दिने फैसला गरेको थियो। कर फर्स्यौट आयोगमार्फत गैरकानुनी रूपमा व्यापारिक फर्महरूलाई राजस्व छुट दिएको अभियोगमा भने शर्मालाई अदालतले दोषी ठहर गरेको थियो।

■ दलितलाई बहिष्कार प्रकरण

आन्दोलनमा उत्रिए दलित समुदाय

पथरी (मोरङ)मा चिरञ्जीवी घिमिरे

मोरङको पथरीशनिश्चरे नगरपालिका- १० जिरीखिम्तीमा जातीय विभेदविरुद्ध न्याय खोज्दा समाजले नै बहिष्कार गरेको घटनामा दलित समुदायले आन्दोलन सुरु गरेका छन्। घटना बाहिर आउँदा पनि सरकारी निकायले बेवास्ता गरेपछि दलित अधिकारकर्मीसहित बहिष्कारमा परेका दलितहरू आन्दोलनमा उत्रिएका हुन्।

नयाँ पत्रिकामा २९ मंसिरमा 'जातीय विभेदविरुद्ध न्याय खोज्दा दलित समुदाय नै बहिष्कारमा' शीर्षकमा समाचार प्रकाशन भएपछि पथरीशनिश्चरेका दलितले संयुक्त दलित संघर्ष समिति बनाएका थिए। उनीहरू बुधबार दलित समुदायलाई बहिष्कार गरिएको बस्ती जिरीखिम्तीबाट ऱ्याली प्रदर्शनसहित पथरीशनिश्चरे नगरपालिका पुगेका थिए। उनीहरूले पथरीशनिश्चरे नगर प्रमुख मोहनप्रसाद तुम्बापोलाई र इलाका प्रहरी कार्यालय पथरीमा ज्ञापनपत्र बुझाएका थिए। अधिकारकर्मीले दलितमाथि भएको यो अमानवीय व्यवहारमा स्थानीय तह मौन बसे थप सशक्त आन्दोलन गर्न बाध्य हुने बताएका थिए। गत जेठमा पथरीशनिश्चरे नगरपालिका- १० जिरीखिम्तीकी रिता विश्वकर्मालाई पुराणमा पूजा गर्न खोज्दा स्थानीय शान्ति सुवेदीले जातीय विभेद गरेकी थिइन्। उक्त विभेदविरुद्ध रिता प्रहरी हुँदै अदालत गएपछि अहिले जिरीखिम्तीका दलितलाई सहयोग गर्ने केही गैरदलितसहित करिब २५ घर दलितलाई बहिष्कार गरिएको छ। न्याय खोज्दा 'रिस साँध्न' अहिले विवाह, मेलापात, गाउँमा हुने सामूहिक कार्यमा दलित समुदायलाई एक्ल्याइएको छ।

प्रदर्शनसँगै दलित समुदायले विभेद भोगिरहेको गाउँ जिरीखिम्तीमा भएको कोणसभामा बोल्दै नेपाल दलित मुक्तिमोर्चाका कोशी प्रदेश अध्यक्ष हुकुमसिंह नेपालीले अब दलितले विभेद सहेर नबस्ने बताए। 'सामाजिक सद्भावको नाममा धेरै विभेद सह्यौं। विभेद, छुवाछुत, शोषण सहेर सामाजिक सद्भाव कायम राख्न अब सकिँदैन,' उनले भने, 'सहेर बनेको मनोवादीहरूको सामाजिक सद्भावमा घन हान्न सुरु गर्‍यौं। अब इँटाको जवाफ पत्थरले दिन्छौं।'

गत जेठमा रिता विश्वकर्मालाई विभेद गरेपछि कानुनी प्रक्रिया सुरु गर्दा माफी माग्दै मुद्दा कमजोर बनाउन लगाउनेले अहिले सिंगो दलित समुदायलाई नै बहिष्कार गरेको उनले बताए। त्यसवेला मुद्दा कमजोर हुँदा दलित आन्दोलन केही कमजोर देखिए पनि अब सशक्त आन्दोलनका लागि तयार भएको नेपालीले बताए।



कुमारी बैंक लिमिटेड शाखा कार्यालय हाकिमचोक, चितवनको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०९/१२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी बैंक लि.) शाखा कार्यालय हाकिमचोक, चितवनबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नवुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस १९ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय हाकिमचोक, चितवनमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

हस्त बहादुर बस्नेतको नाति, इन्द्र बहादुर बस्नेत/भगवती बस्नेतको छोरा, रुपा लामिछानेको पति, चितवन जिल्ला, पार्वतीपुर, गा.वि.स./न.पा., वडा नं. ०५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०३ बस्ने **भुपेन्द्र राज बस्नेत** (ना.प्र.नं. २३५५, जारी मिति २०४३/११/१७, जिल्ला प्रशासन कार्यालय चितवन)।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. रुद्र प्रसाद लामिछानेको नातिनी, एक गोपाल लामिछानेको छोरी, भुपेन्द्र राज बस्नेतको पत्नी, चितवन जिल्ला, शिवनगर, गा.वि.स./न.पा., वडा नं. ०७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०३ बस्ने **रुपा लामिछाने** (ना.प्र.नं. ४८१५, जारी मिति २०४०/०४/२७, जिल्ला प्रशासन कार्यालय चितवन)।
२. इन्द्र बहादुर बस्नेत/भगवती बस्नेतको नाति, भुपेन्द्र राज बस्नेत/रूपा बस्नेतको छोरा, चितवन जिल्ला, पार्वतीपुर गा.वि.स./उ.म.न.पा., वडा नं. ५ स्थायी ठेगाना भई हाल भरतपुर म.न.पा., वडा नं.०३ बस्ने **उमंग राज बस्नेत** (ना.प्र.नं. ३५१०३४/५५५, जारी मिति २०७०/०३/१३, जिल्ला प्रशासन कार्यालय चितवन)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **भुपेन्द्र राज बस्नेत**को नाममा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, नारायणगढ गा.वि.स./न.पा., वडा नं. ६/ख (हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं ०१) स्थित कि.नं. ८५९, ८५५ र ८६२ को क्षेत्रफल जम्मा २२४.३३ (व.मि.) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८० पुस १८ गते** भित्र बैंकको शाखा कार्यालय हाकिमचोक, चितवनमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हाकिमचोक, चितवनबाट रु ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस १९ गते** ३:०० देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा शाखा कार्यालय हाकिमचोक, चितवनमा बोलपत्र खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्विकृत भएमा सम्बन्धित बोलपत्रदातालेसोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय हाकिमचोक, चितवनमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखीएको छ।
१३. धितोबन्

नयाँमाथि जहिल्यै अविश्वास

पुरानो पुस्ताले नयाँ पुस्तामा जहिल्यै खोट देख्छ, पुस्तान्तरणमा भाँजो हाल्छ, तर सब बाधा-व्यवधान पन्छाउँदै नयाँ पुस्ता अघि बढिरहन्छ



● सञ्जीव कार्की

अग्रलेख

हरेक कालखण्डमा अघिल्लो पुस्ताले नवीन पुस्ताको सोच, शैली, अवधारणा र तरिका अनैतिक, अव्यावहारिक र आलाकाँचो ठान्छ, हत्तपत्त रुचाउँदैन । चलनचल्तीको भन्दा पृथक् गतिविधि, सोच्ने तरिका, प्रश्न गर्न नसकिने भनिएकाहरूलाई प्रश्न गर्नेहरूलाई समाजविरोधी मानिन्छ । जे अगाडि देख्यो, त्यो नै आखिरी सत्य हो भनिएको समाजमा सत्य अर्को पनि हुन सक्छ है भन्ने खोज अपराध कर्म र निकृष्ट हर्कतका रूपमा दरिन सक्छ ।

नयाँ विचार दण्डित हुने परम्परा मानव समाजमा नौलो मानिन्न । चाहे त्यो आधुनिक विश्वको वैज्ञानिक सभ्यता होस् या अन्धविश्वासी समाजको पुरातन सभ्यता, प्रत्येक नयाँ पुस्ता पुरानो पुस्ताको ताडना र कोपभाजनबाट अभिशप्त छ । विश्व इतिहासमा यस्ता धेरै दृष्टान्त पाइन्छन् । नयाँ विचारको भ्रूण हुर्काउनु, पाल्नु र समाजमा स्थापित गर्नु सुगम कर्म मानिन्न । नयाँ विचारको भ्रूणमै हत्या हुने खतरादेखि पुष्पित र पल्लवित हुँदा हरपल खतराको सामना गर्दै हुर्केको हुन्छ । नयाँले आगोमा टेक्ने, आँधीमा उभिने, हिउँपानी, घाम, ओस सबै सहने पचाउने ल्याकत राख्दै खारिनुपर्छ ।

चेप्टो भनिएको सूर्य गोलो छ भनेर २५०० वर्षपहिले अनुमान गर्ने र प्रमाणित गर्ने ग्रिक गणितज्ञ पाइथागोरस र दार्शनिक एरिस्टोटललाई आफ्नो निष्कर्ष सुनाउन र बुझाउन हम्मेहम्मे परेको थियो । उनीहरूका कुरा समाजले सहजै पत्याएन, बहुला ठान्यो । आकाशको सूर्य हेरेर समयको अनुमान गर्ने समयमा पोप सिल्भेस्टरले सन् ९६६ मा घडीको आविष्कार गरेर समय व्यवस्थापन गर्न सजिलो बनाइदिँदा त्यसको चर्को विरोध भयो र उनलाई समाजको लय भत्काउने अवाञ्छित तत्त्व भनियो ।

ईश्वर नै आदि र अन्तिम सत्य भनिएको वेला ईश्वरमाथिको हमला र बज्रपात असामान्य हिम्मतको कुरा थियो । पापी, हठी, अपराधी र अधर्मी देखिने चुनौती थियो । ईश्वरीय विधि र विधानविरुद्ध आजको मान्छेको क्रियाकलाप केन्द्रित छ । आविष्कार, चिकित्सा अन्तरिक्षको खोज, विज्ञानको अनेकौँ चमत्कार ईश्वरप्रतिकूल अवधारणा हुन् । ईश्वरसँगको निर्भरता छोड्ने प्रथम कदम नै ईश्वरसँग मान्छेको विद्रोह र प्रगतिको यात्रा थियो । दार्शनिक फ्रेडरिक नित्सेले ईश्वर मरेको घोषणा गरे । तर, त्यो हिम्मत आजपर्यन्त गर्न मुस्किल छ । विश्वका आठ अर्ब मानिसमा १५ प्रतिशत मान्छे मात्र भौतिकवादी छन् भनिन्छ । ईश्वर एक मात्र सत्य मानिने समयमा ईश्वर मरेको घोषणालाई कति अराजक मानियो होला, अनुमान लगाउन कठिन छैन ।

इसापूर्व करिब ६०० को समयमा पूर्वीय भूमिमा वेदको निन्दा (ब्रह्म सत्य जगत् मिथ्यालाई) गरेर भौतिक तत्त्वलाई (अग्नि, जल, तेज, वायु र आकाश) मात्र सृष्टिको आदितत्त्व र चेतनालाई विशिष्ट गुण मान्ने चार्वाक मत सम्भवतः पहिलो भौतिकवादी विचार तत्कालीन समाजका लागि विवर्जित विषय थियो । २५०० वर्षअघि गौतम बुद्धले अवलम्बन गरेको शान्तिको मार्ग पनि कम कठिन र अनालोच्य थिएन । यसर्थ, नयाँ विचार, नयाँ आविष्कार र नयाँ अध्याय जहिल्यै र जुनसुकै समाजले सहजै स्विकार्न सक्दैन । आजसम्म नयाँ पुस्ता र दस्तालाई सहजै ठाउँ छोडेको, बाटो खोलिदिएको इतिहास बिरलै होला । नयाँले हामीलाई चौतर्फी घेराबन्दी गरे भन्ने गुनासो इतिहासको अध्ययनको कमीमा आएको धारणा हो । घेराबन्दी तोड्ने संकल्प र हिम्मत मात्र जायज हो । कुनै पनि विचार निरन्तर टिक्न त्यसमा खिया लाग्नु हुँदैन । विचारहरू पनि समयक्रममा भुत्ते हुन्छन्, जसलाई निरन्तर धार लाउने र खिया झार्ने, आरन र खलाँती आवश्यक हुन्छ ।

हवाईजहाज बनाउने राइट दाजुभाइको परिकल्पना १९०३ को सफल परीक्षण र लगातार परीक्षणपश्चात् मात्रै मान्यता पाएको वैज्ञानिक आविष्कारले नै आज आवाजभन्दा छिटो उड्ने सुपर सोनिक हवाईजहाजसम्मको यात्रा तय भएको मानिन्छ । समाजले हरेक नयाँ परिकल्पनालाई पागलपनको संज्ञा दिन्छ । सुप्रसिद्ध दार्शनिक, राजनीतिक, अर्थशास्त्री, इतिहासकार, मार्क्सवादका प्रणेता, समाजशास्त्री कार्लमार्क्स विचार र दर्शनको दुनियाँमा १९४८ मा 'कम्युनिस्ट पार्टीको घोषणापत्र' लेखेयता सबैभन्दा बढी पढिएका र विरोध गरिएका विचार हुन् । विचारको सत्तामा मार्क्स जहिल्यै केन्द्रमा छन् । उनका विचारको विरोध होस् या समर्थन, विचारहरू घर्षणमा छन्, विचारकहरू घोत्लिएका घोत्लिएकै छन् । मार्क्स पनि तत्कालीन समाजका लागि अराजक नै हुन् । सर्वहारा, मजदुर, भूमिहीन र किसानका हितको कुरा गर्ने मार्क्स व्यवस्थाविरोधी, समाजविरोधी र सामाजिक मूल्यविरोधी मानिन्छन् । परम्परागत समाजका प्रचलित मानक भत्काएर नयाँ मानवीय मानक सिर्जना गर्ने



मार्क्सको दृष्टिकोण शक्ति र सत्ताको हालीमुहालीमा एकछत्र राज गरेर बस्नेको नजरमा बिझाइरहयो र अझै सयौँ वर्ष बिझाइरहनेछ ।

वि.सं. १९९७ मा मारिएका चार सपुत, जसले राणा शाहीविरुद्ध प्रजातन्त्रको विगुल फुकेको परिणाममा मारिनुपऱ्यो । २००७ सालको परिवेशमा राजनीतिमा क्रियाशील दलहरू, प्रजापरिषद्, नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी त्यतिखेर समाजविरोधी अराजक र अनैतिक गतिविधिका वाहक मानिन्थे । व्यवस्था परिवर्तनका लागि क्रान्ति र आन्दोलनको पक्षमा भएकाले उनीहरू तत्कालीन सत्ताको नजरमा आँखी हुने नै भए । ०१६ मा बिपी कोइरालाको मन्त्रीमण्डलमा पहिलो महिलामन्त्री द्वारिकादेवी ठकुरानीको नियुक्ति आजको स्विट्जरल्यान्डमा महिलालाई मताधिकार दिनुभन्दा १२ वर्षपहिलेको घटना थियो । त्यो घटना नेपाली समाजको चेतभन्दा धेरै अघि भएको कारण सहजै ग्राह्य विषय थिएन ।

> आजसम्म नयाँ पुस्ताले जे-जस्ता चिन्तन अघि सारेर समाजमा तरंग पैदा गरे, ती सब तत्कालीन समयका लागि अराजक, अनैतिक र अयुगीन विचार मानिएका थिए

राजा महेन्द्रको ०१७ को राजनीतिक कुपछि पनि नेपाली कांग्रेस, नेकपालगायत राजनीतिक शक्तिहरू अराष्ट्रिय तत्त्व भनेर प्रतिबन्धित थिए । त्यसैले ०४६ को परिवर्तन नआएसम्म दण्डका भागीदार बनेर जेल गए, निर्वासनमा बसे या भूमिगत बने । २००६ सालमा लमजुङमा हलो जोत्ने अगुवाइ गरेका हरिभक्त, शेषकान्त र तोयानाथलगायत (२७ बाहुन) ले गरेको प्रतीकात्मक विद्रोह, समतावादी चेत वैसम्य समाजले पचाउन सकेन । त्यसैले परिवर्तन र विद्रोहको चेतलाई गीतमार्फत व्यंग्य गरियो- 'शेषकान्त लेप्टेन, हरिभक्त तिघ्रे, तोयानाथ पण्डित, हलो जोती बिग्रे' । बाहुनले पनि हलो जोत्न हुन्छ अनि कुनै पनि काम जातका आधारमा निषेध र अयोग्य हुँदैनन् भन्ने अभिप्रायः हलो जोत्नेहरूको देखिन्छ । समाजले बिग्रेको, बहुलाएको, जात फालेको, अपसकुनको काम गरेको भनेर चित्रण गरेर परिवर्तनकारी चेतनालाई खिज्याएर जेल कोचेको थियो । समाजमा नयाँ विचार अपच हुन्छन् । यो हरेक समयको, हरेक समाज र देशको विडम्बनायुक्त परिस्थिति हो । नयाँलाई निषेध, प्रतिरोध र हतोत्साहित गर्न सत्ताले अनेकन् हथकण्डा प्रयोग गर्छ । समाजमै प्रतिकारको भाष्य निर्मित गरेर लडाउन र सामाजिक अस्वीकृतिका लागि ज्यादती गर्छ । दमन र उत्पीडनको सहारा लिन्छ । प्रतिकूल परिस्थिति निर्माण गरिदिन्छ । लक्ष्मीप्रसाद देवकोटाले साहित्यमा नयाँ लहर ल्याइदिए, तर शासकहरू उनको चेतविरुद्ध थिए र उनी पनि बहुला बनाइए । बालकृष्ण समले आधुनिक नेपाली महाकाव्यमा परम्परागत महाकाव्य लेखनको केन्द्र कुलीन र सम्भ्रान्त नायक बनाउने चलनलाई विस्थापन गर्दै 'चिसो चुलो' महाकाव्य (२०१५) मा अछुत भनिएको समुदायको एक सामान्य पात्रलाई नायक बनाएर महाकाव्यमा नयाँ नायकको प्रस्तावना गरेर एउटा क्रमभंग गरिदिए । यो साहित्यिक कर्मको पनि शास्त्रीयतावादीहरूले व्यापक र धुवाँदार विरोध गरे । ०६२ मा 'बिसे नगर्चीको बयानमा' कवि श्रवण मुकारुडले पृथ्वीनारायण शाहको समकक्षता प्रदान गरेकामा पनि विमति राखियो । पृथ्वीनारायण शाहलाई नेपाल एकीकरणको एकलौटी जस दिएको पढ्दै आएको समाजले बिसेले यो राज्य मेरो पनि हो यसमा मेरा पुर्खा र सबै नेपालीको इतिहास रक्षा र इतिहास परिवर्तनको हिस्सा मागेको कविता लेख्दा अपच ठानियो ।

०५२ सालको जनयुद्ध र सत्ता परिवर्तनको हुँकार पनि सरकारको नजरमा आतंककारी गतिविधि थियो । सरकारले प्रचण्ड, बाबुराम, मोहन वैद्यलगायत माओवादी नेतालाई 'आतंककारी' घोषणा गरी हतियारद्वारा नियन्त्रण र नियोजन गर्ने बाटो समायो । प्रचण्डहरूको टाउकाको मोल तोकियो र बहालवाला मन्त्रीहरू टाउकाको मूल्य तोकिएकाको टाउको झोलामा हालेर ल्याउनेलाई झोलाभरि पैसा दिने भाषण गर्दै हिँडे । ०५५ जेठदेखि माओवादी विद्रोहीविरुद्ध 'किलो सेरा टु' नामक घातक अप्रेसनलगायत अनेक कारबाही गरिए । सेना परिचालन गरियो । माओवादीलाई कानुन हातमा लिने अराजक जत्था र आतंककारी भनियो । यी सब त्यो समयका विद्रोही चेतमाथिको संगठित र योजनाबद्ध गरिएको भौतिक आक्रमण थियो । राजाहरूको विरोध गर्नेले बन्दुकको जवाफ पाउँथे । राजाविरुद्ध बोल्नु अपराध र पापको श्रेणीमा पर्थ्यो ।

नयाँ विचार बोक्दैमा या नयाँ हुँदैमा सबै टिक्दैनन् । कति-कति नयाँ विचार नयाँ मान्छे र सोचको विलुप्तीकरण भएको छ । नेपालको राजनीतिक इतिहासमा प्रजा परिषद् एकादेशको कथा बन्यो । नयाँ भन्नेबित्तिकै राम्रो हुन्छ भन्ने भाष्य गलत छ । नयाँलाई परीक्षित नहुन्जेल शंकाको लाभ प्राप्त हुन्छ ।

आजसम्म यो युगमा नयाँ पुस्ताले जेजस्ता चिन्तन अघि सारेर समाजमा तरंग पैदा गरे, ती सब तत्कालीन समयका लागि अराजक, अनैतिक र अयुगीन विचार मानिएका थिए । विचार उत्पादन हुन्छन्, विमर्शमा जान्छन्, ज्ञान बन्छन् र समाजमा वितरित हुन्छन् । सहज हुँदैन पुरानोलाई प्रतिस्थापन गर्न, तर पुनर्स्थापित भएरै छोड्छन्, नयाँ विचार र मानकहरू । सामान्य मान्छेले परिकल्पना गरेभन्दा पृथक् परिकल्पना नै समाज रूपान्तरण र परिवर्तनको आजको अवस्थाको निरन्तरता हो ।

कुनै समय छाता ओढ्नेहरू दलितले छोएको खानेहरू र सबै मान्छे समान हुन् भन्नेहरू, पत्रपत्रिका पढ्नेहरू, फिल्म हेर्ने र खेल्नेहरू, रेडियो सुन्नेहरू, प्रेम विवाह गर्नेहरू, स्कूल खोल्नेहरू, आधुनिक गीत, संगीत सुन्ने र गाउनेहरू, च्याप गाउनेहरू, कविता लेख्नेहरू, प्रेमपत्र कोर्नेहरू, क्लब जानेहरू, डिस्को छिर्नेहरू, चर्पी बनाउनेहरू, झन् घरभित्रै चर्पी बनाउनेहरू समाज भँडुवा मानिन्थे । आज पनि नयाँ पार्टी खोल्नेहरू, नयाँ चिन्तन र विचारमा काम गर्नेहरू विचार नभएका ठानिन्छन् । प्रिन्ट मिडिया चलाउनेले केही समयअघिसम्म अनलाइन मिडिया खोल्नेहरूलाई अराजक भन्थे । अहिले पनि युटुबमा पत्रकारिता गर्नेहरूलाई पत्रकार मानिँदैन । पुरानो पुस्ताले नयाँ पुस्तामा जहिल्यै खोट देख्छ, पुस्तान्तरणमा भाँजो हाल्छ, तर सब बाधा व्यवधान पन्छाउँदै नयाँ पुस्ता अघि बढिरहन्छ र यो नै समाज विज्ञानको नियम नै हो ।

(कार्की अनुसन्धाता हुन्)

---

३ प्रश्न

विश्लेषक **हरि रोका**लाई



एकवर्षे कार्यकाल पूरा भएको अवसरमा प्रधानमन्त्रीले गरेको सम्बोधन कस्तो लाग्यो ?

उहाँको एकवर्षे कार्यकाल अलि बढी नै भाषण गरेर बित्यो । बाहिर भाषण गर्नुभन्दा सिंहदरबारभित्रै बसेर काम देखाउन सक्नुपर्थ्यो । एक वर्षको अवधिमा देखाउन मिल्ने खालका ठुला सुधार खासै भएका छैनन् । बेरोजगारीको अवस्था उस्तै छ । शिक्षा, स्वास्थ्य, कृषि, यातायात कुनै पनि क्षेत्रमा देखिने स्तरको सुधार भएको छैन । अर्थशास्त्रको भाषामा भन्दा 'स्ट्रक्चरल चेन्ज' केही भएको छैन ।

प्रधानमन्त्रीले एक वर्षमा गर्न सक्ने, तर नगरिएका काम के-के हुन् ?

गन्दै जाने हो भने धेरै भेटिन्छन् । उहाँले मजाले गर्न सक्ने तर गर्न नसकेका या नगरेका सामान्य 'रिफर्म'का काम नै बढी छन् । कृषि उत्पादन बढाउन सुधारका काम गर्न सकिन्थ्यो । तर, कृषि उत्पादन बढ्नुको साटो घट्दै गएको छ । मल, बिउ, कृषि औजारको समस्या उस्तै छ । रोजगारीका लागि बिदेसिनुपर्ने बाध्यता यथावत् छ । रोजगारी बढाउने कुनै पहल नै भएन । शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा गर्न सकिने सुधारका काम पनि हुन सकेनन् ।

प्रधानमन्त्रीले कार्यशैली सुधार्ने बताउनुभएको छ । उहाँले कार्यशैली सुधार्न के गर्नुपर्छ ?

गफ कम, काम बढी गर्नुपर्छ । उहाँले चाहनुभयो भने गर्न नसक्ने होइन । तर, कांग्रेस, समाजवादीलगायतसँग उहाँको तालमेल नमिलेको हो कि के हो ? उहाँ अर्थतन्त्र संकटमा छ भन्दै आउनुभएको छ । तर, अर्थमन्त्री र उहाँबीच 'स्पिरिट' मिलेको देखिन्न । तलैसम्म अधिकार प्रत्यायोजन गरी प्रशासनिक सुधारमा ध्यान दिन सक्नुभएको छैन । त्यसतर्फ पनि ध्यान दिन सक्नुपर्छ ।

प्रेरक प्रसंग

कमण्डलुमा गोबर

एकपटक सन्त रामदास भिक्षा माग्दै एक घरको मूलढोकाअगाडि पुगे र भिक्षाका लागि आवाज दिए । ढोकाबाट एक महिला बाहिर निस्किइन् । उनले सन्तको भोलीमा भिक्षा खन्याइसकेपछि भनिन्- सन्त महाराज, मलाई कुनै उपदेश दिनुहोस् । उपदेशामृत पान गरेर तृप्त हुन चाहन्छु । सन्तले भने- आज होइन, म भोलि तिमीलाई उपदेश दिनेछु ।

भोलिपल्ट उनै सन्तले सोही घरमा पुगेर पुनः भिक्षाका लागि आवाज दिए । तिनै महिला हातमा मगमग बास्ना आइरहेको खिरको कचौरा लिएर बाहिर आइन् । सन्तले आफ्नो कमण्डलु अघि सारे । कमण्डलुमा खिर खन्याउनै लाग्दा महिला अचानक रोकिइन् । किनकि, कमण्डलुमा गोबर थियो । उनले भनिन्- सन्त महाराज, कमण्डलुमा त गोबर रहेछ । ल्याउनुहोस् म माझेर ल्याउँछु अनि खिर हालौंला ।



सन्तले भने- केही छैन, गोबर भए पनि खिर यहीँ खन्याइदेऊ । महिलाले भनिन्- हैन महाराज, यो कमण्डलु सफा नगरी यहाँ खिर हालियो भने त्यो खानयोग्य रहँदैन । त्यसैले, म पहिले यो कमण्डलु गोबर शुद्ध बनाउँछु अनि मात्र खिर खन्याउँछु ।

महिलाको कुरा सुनेपछि सन्तले प्रश्न गरे- भनेपछि यो कमण्डलु सफा नगरी तिमी यसमा खिर हाल्दिनौ ? महिलाले जवाफ दिइन्- हजुर महाराज !

महिलाको जवाफ सुनेपछि मुसुक्क मुस्कुराउँदै सन्तले भने- हो, तिमीलाई मेरो उपदेश यही हो । जबसम्म चिन्ता, ईर्ष्या, लोभ तथा घमन्डरूपी गोबर र कुसंस्कारले दिमाग भरिभराउ भइरहन्छ, तबसम्म उपदेशको कुनै लाभ हुँदैन । यदि उपदेशामृत पान गर्ने हो भने पहिले आफ्नो मन शुद्ध बनाउनु जरुरी छ । यसका लागि चिन्ता, ईर्ष्या, लोभ तथा घमन्डरूपी गोबर र कुसंस्कारको त्याग गर्न सक्नुपर्छ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

किसानलाई सम्मान गरौं

'बगरमा फलेको खुसी' शीर्षकको तस्बिर समाचार पढ्दा खुसी लाग्यो । मिहिनेती किसानका लागि हाम्रो देश स्वर्ग हो । यहाँका हरेक भूभाग खेतीयोग्य छ । यहाँ पसिना बगाए के मात्र फल्दैन ? बागमतीको सार्वजनिक बगरमा तरुल खेती गरेर आय आर्जन गरिरहेका किसान सम्मानका हकदार छन् । तिनलाई स्थानीय, प्रदेश र संघीय सरकारले आआफ्नो तहबाट सम्मान गरेर प्रोत्साहित गर्न सक्नुपर्छ । यस्ता परिश्रमी किसान खोजेर देशको बाँझो जमिनमा खेती गराएर त्यसबाट आन्तरिक माग पूरा गरी निर्यातको ढोकासमेत खोल्न सक्नुपर्छ ।

● **बलराम महतरा**, मलंगवा, सर्लाही

मूल्यवृद्धि घटेकै हो त ?

प्रधानमन्त्रीले राष्ट्रका नाममा गरेको सम्बोधनमा २.७ प्रतिशतका दरले मूल्यवृद्धि घटेको दाबी गरेका रहेछन् । तर, बजारमा भने कत्ति पनि घटेको देखिन्न । बजारमा खाद्यान्नको भाउ विगतमा हवात्तै बढेपछि अहिले त्यसरी घटेको छैन । अलिअलि घटे पनि पहिलेको अवस्थामा पुग्न सकेको छैन । आलु, प्याजजस्ता तरकारीजन्य वस्तुको मूल्य पनि बढिरहेकै छ । अनि, कहाँ घट्यो त मूल्यवृद्धि ?

● **मित्र बम्जन**
लेकसाइड, पोखरा

प्रतिबद्धतामा ध्यान दिइयोस्

प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नो कार्यकाल एक वर्ष पूरा भएको अवसरमा राष्ट्रका नाममा सम्बोध गर्दै आगामी दिनमा विगतका कमी-कमजोरी सुधार्ने र सरकारको कार्यशैली बदल्ने प्रतिबद्धता जनाएका छन् । हाम्रा अधिकांश नेतामा प्रतिबद्धता जनाउने र बिर्सिने रोग लागेको छ । प्रधानमन्त्री प्रचण्डमा यस्तो रोग नदेखियोस् । प्रतिबद्धता पूरा गरियोस् । आफूले बोलेका कुरा बिर्सने समस्या प्रधानमन्त्रीमा नदेखियोस् ।

● **भूमिका महर्जन**
कीर्तिपुर, काठमाडौं

श्रमिकमाथि आर्थिक भार किन ?

यस्तै रहेछ हुनेखानेलाई जहाँतहीं नहुनेलाई कहीं न कहीं भनेको साँच्चै हो रहेछ । सरकार पनि हुनेखानेका लागि मात्र रहेछ, विपन्न परिवारका लागि होइन रहेछ भन्ने अहिले श्रममन्त्रीले गरेको निर्णयले प्रस्ट देखाउँछ । वैदेशिक रोजगारमा जाने श्रमिकमाथि आर्थिक भार थोपर्नु भनेको विपन्न परिवारलाई मार्नु हो । ऋण काढेर विदेशमा श्रम बेच्न जान बाध्य विपन्न परिवारलाई राहतका प्याकेज ल्याउनुपर्ने श्रममन्त्री उल्टै एकपछि अर्को अनावश्यक आर्थिक भार थोपर्दै छन् ।

काम गर्न जाने श्रमिकलाई अंग्रेजी भाषा अनिवार्य गराएका छन् । यो गलत हो, किनभने देशमा पढ्न नसकेर अथवा पढ्न नपाएर विदेश काम गर्न जान लागेका श्रमिकले अंग्रेजी भाषा कसरी सिकून् ? यो ज्यादती होइन । अर्को ज्यादती के छ भने इपिएस कोटामा कोरिया जाने श्रमिकलाई एलजीको पोस्टपेड सिम अनिवार्य गराएर अतिरिक्त आर्थिक भार थप्दै छन् । उनलाई कमिसन आउँछ भन्दैमा गरिबलाई मार्न पाइन्छ ?

रहरले कोही आफ्नो परिवार छाडेर बिदेसिँदैन होला । देशमा रोजगार छैन । अनि, विदेश नगए के गर्ने त ? त्यो मात्र होइन, मन्त्री भण्डारीले अभिमुखीकरण तालिममा लाग्ने शुल्क चौगुना बढाए । रोजगारीमा जानुअघि लिने अभिमुखीकरण तालिमले सिकर्मी डकर्मी प्लम्बरलगायत श्रमिकलाई ३५-४० हजारको भार थपिने भयो । वैदेशिक रोजगारमा जानुअघि अभिमुखीकरण तालिमका नाउँमा गरिब जनता मार्ने काम राज्यबाटै भइरहेको छ । विदेश जाने श्रमिकलाई मेनपावरले त्यत्तिकै ठग्छ । गाँउघरमा ऋण लिँदा साहुले ठग्छ । विदेशमा रोजगारदाताले ठग्छ । त्यसमाथि राज्यले पीडामाथि पीडा थपिरहेको छ । के यो देश गरिब श्रमिकको चाहिँ होइन ?

● **पुरुषोत्तम धिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

'तटस्थ' रुसी खेलाडीले ओलम्पिक खेल्न पाउने

खेलाडीले रुसी अतिक्रमणलाई खुला रूपमा समर्थन गरेको हुनुहुँदैन र ऊ रुसी वा बेलारुसी सेना अथवा सुरक्षा बलमा संलग्न हुनुहुँदैन



देश / विदेश

● किथ च्याथबोन

यस महिनाको सुरुमा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) ले रुस र बेलारुसका खेलाडी राजनीतिक रूपमा तटस्थ भएमा सन् ०२४ को पेरिस ओलम्पिकमा प्रतिस्पर्धा गर्न योग्य हुने घोषणा गरेको छ । कमिटीको कार्यकारी बोर्डको निर्णयले यसअघिको प्रतिबन्धलाई उल्ट्याएको छ । 'युक्रेनको राष्ट्रिय ओलम्पिक कमिटीको क्षेत्रीय अखण्डता' उल्लंघन गरेका कारण रुसी राष्ट्रिय ओलम्पिक कमिटी प्रतियोगिताबाट निलम्बनमा रहे पनि आइओसीले रुसी खेलाडीलाई खेल्न दिने निर्णय गरेको हो । रुसले भने त्यसवेला निलम्बनलाई अस्वीकार गरेको थियो ।

अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको निर्णयले पश्चिमा, विशेषतः युक्रेनी नेतालाई क्रुद्ध बनाएको छ । युक्रेनी विदेशमन्त्री दिमित्रो कुलेबाले कमिटीले प्रस्ट 'रूपमा '...रुसलाई ओलम्पिकलाई अस्त्र बनाउन हरियो झन्डा देखाएको' आरोप लगाएका छन् । सरकारका गतिविधिका लागि व्यक्तिगत खेलाडीलाई जिम्मेवार नबनाउनु राम्रो हो जस्तो लाग्न सक्छ, तथापि यो निर्णय जटिल देखिन्छ । अस्ट्रेलियासहित ३० भन्दा बढी पश्चिमा राष्ट्रले यसअघि खेलकुदमा रुसको सहभागितामा पूर्ण प्रतिबन्ध लगाउन आह्वान गरिसकेका छन् । आइओसीका अध्यक्ष थोमस वाचले 'व्यक्तिगत खेलाडीलाई तिनको सरकारको गतिविधिका लागि सजाय दिन सकिँदैन' भन्ने तर्क गर्दै आफ्नो निर्णयको बचाउ गरेका थिए । तर, आइओसीको घोषणाको निर्देशनात्मक प्रावधान निकै कडा छन् । प्रावधानअन्तर्गत खेलाडीले रुसी अतिक्रमणलाई खुला रूपमा समर्थन गरेको हुनुहुँदैन र खेलाडी रुसी वा बेलारुसी सेना अथवा सुरक्षा बलमा संलग्न हुनुहुँदैन । र, यी खेलाडीले मुलुकको झन्डा, राष्ट्रिय गान वा राष्ट्रिय चिह्न प्रयोग गर्न पाउनेछैनन् । आइओसीको अनुमानअनुसार यी सर्तलाई जम्मा ११ खेलाडी अर्थात् ६ रुसी र पाँच बेलारुसी खेलाडीले मात्रै पूरा गर्न सक्नेछन् । सन् २०२३ को वसन्त याममा आइओसीले रुसी एवं बेलारुसी खेलाडीलाई खेलाउने नीतिमा काम गर्न थालेको थियो ।

आइओसीको हालैको फुकुवा असंगत देखिन्छ । आइओसीको निर्णयअनुसार गैरतटस्थ रुसी र बेलारुसी खेलाडीले ओलम्पिकमा भाग लिन पाउनेछैनन् । आइओसीले झैं विभिन्न खेलकुद महासंघले पनि रुसी र बेलारुसी खेलाडीलाई तत्तत् महासंघको खेल प्रतियोगितामा प्रतिबन्ध लगाउन सक्नेछन्, नतिजा खेलाडी ओलम्पिकका लागि योग्य हुनेछैनन् । विश्व एथलेटिक महासंघका अध्यक्ष सब कोले महासंघले रुसी एवं बेलारुसी खेलाडीलाई प्रतिबन्ध लगाउने जनाएका छन् । तर, विश्व तेक्वान्दो र जुडो महासंघले रुस र बेलारुसका खेलाडीलाई योग्यता खेलमा खेल्न अनुमति दिएको छ । यही सेप्टेम्बरमा अन्तर्राष्ट्रिय प्याराओलम्पिक कमिटीले तटस्थ खेलाडीले खेलमा सहभागिता जनाउन पाउने निर्णय गरेको छ ।

पेरिस ओलम्पिक ०२४ का खेल हुन मात्र सात महिना बाँकी छ र आइओसीको निर्णय अन्तिम देखिन्छ । तर, निराश पश्चिमा नेतासँग अन्य विकल्प भने छन् । गत वर्ष पश्चिमा अधिकारीले रुस र बेलारुसका खेलाडीले प्रतिस्पर्धा गरेमा ओलम्पिक बहिष्कार गर्ने चेतावनी दिएका थिए । हामीसँग राजनीतिक रूपमा प्रेरित ओलम्पिक बहिष्कार र बहिष्कारको चेतावनीको लामो इतिहास छ । सन् १९८० मा अमेरिका र ६६ अन्य देशले अफगानिस्तानमा सोभियत संघले अतिक्रमण गरेको भन्दै मस्कोका खेल बहिष्कार गरेका थिए । प्रतिक्रियास्वरूप सन् १९८४ मा सोभियत संघ र साझेदार मुलुकले लस एन्जलस ओलम्पिक बहिष्कार गरेका थिए ।

उसो त सम्भावना न्यून छ, तर पेरिस ओलम्पिकको



तस्बिर : थोमस प्याडिला/एपी

सम्भावित बहिष्कारले ओलम्पिकका आयोजकलाई गम्भीर असर पार्न सक्छ । आयोजक मुलुक फ्रान्स एक पश्चिमा मुलुक भएकाले युक्रेनको कट्टर समर्थक हो । हालै राष्ट्रपति इमानुएल म्याक्रोंले 'युरोपेली संघमा प्रवेश पाउन संघर्ष गरिरहेको राष्ट्र युक्रेनलाई समर्थन जारी राख्ने' बताएका थिए ।

स्वीकार्य रणनीतिका रूपमा पश्चिमा अधिकारीले रुस र बेलारुसका खेलाडीलाई ओलम्पिकका लागि पश्चिमा युरोपमा आयोजना हुने अन्तर्राष्ट्रिय खेलकुद कार्यक्रममा भाग लिनबाट प्रतिबन्ध लगाउन सक्छन् । यस्तो उपाय लागू गर्दा पेरिसमा हुने खेलमा रुस र बेलारुसका खेलाडी योग्य नभएर खेल्न पाउनेछैनन् । इतिहासकार हिथर डिन्टरले ओलम्पिकमा प्रतिबन्धको लामो इतिहास रहेको जनाएका छन् । सन् १९६० को दशकमा पूर्वी-जर्मनीका खेलाडीलाई नेटोले पश्चिम युरोपमा यात्रा प्रतिबन्ध लगाएको थियो । सो प्रतिबन्धका कारण पूर्वी-जर्मनीका खेलाडीले ठूला खेल खेल्न पाएनन् र ओलम्पिकमा सहभागी हुन सकेनन् । केही पश्चिमा नेताले रुसी र बेलारुसी खेलाडीलाई यात्रा प्रतिबन्ध लगाउने प्रयास गरिसकेका छन् । पोल्यान्डका राष्ट्रपति एन्द्रेज दुदाले रुसी र बेलारुसी फेन्सर (तरवार युद्धका खेलाडी) लाई जुनमा हुने योग्यता प्रतियोगिताका लागि भिसा दिन अस्वीकार गरेका थिए । पछि अन्तर्राष्ट्रिय फेन्सिङ महासंघले योग्यता प्रतियोगिता तटस्थ खेलाडीले प्रतिस्पर्धा गर्न सक्ने बुल्गेरियामा सारेको थियो ।

फ्रान्सेली अधिकारीले ओलम्पिक अवधिमा रुस र बेलारुसका सबै खेलाडीलाई पेरिस प्रवेश गर्नबाट पूर्ण निषेध गर्ने उपाय पनि लागू गर्न सक्छन् । यदि अन्तिम समयमा यसो गरियो भने आयोजक समितिसँग प्रतिक्रियाका लागि पनि सीमित विकल्प हुनेछन् । वास्तवमा यस्तो प्रतिबन्ध युरोपेली संघका मुलुकको नीतिअनुरूप हुनेछ । नीतिअनुसार रुसी पर्यटन र यात्रामा प्रतिबन्ध छ । तर, फ्रान्सेली राष्ट्रिय ओलम्पिक समितिले यो कदमको विरोध गर्न सक्नेछ किनभने यसो हुँदा फ्रान्सलाई सन् ०३० को हिउँदे ओलम्पिकको दाबीमा अप्ठ्यारो पर्नेछ ।

अन्तर्राष्ट्रिय ध्यान इजरायल-हमास द्वन्द्वमा गइरहेका वेला पश्चिमा नेताले कस्तो प्रतिक्रिया दिनेछन्, हेर्न बाँकी नै छ । तथापि जटिल भूराजनीतिक परिदृश्यलाई ध्यानमा राख्दै लिइने प्रतिक्रिया रणनीतिक रूपमा सोचेर लिइनेछ ।

(च्याथबोन आधुनिक युरोपेली इतिहास र खेल इतिहास मेकक्वायर विश्वविद्यालयका वरिष्ठ लेक्चरर हुन्)

द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

इजरायली नागरिकलाई दिल्ली भ्रमण नगर्न सुझाव

तेल अभिभ/ नयाँदिल्लीस्थित इजरायली दूतावासनजिकै मंगलबार बम विस्फोट भएपछि इजरायलको राष्ट्रिय सुरक्षा परिषद्ले भारतमा, विशेषगरी नयाँदिल्लीमा आफ्ना नागरिकलाई भिडभाड हुने स्थानमा नजान सुझाव दिएको छ। विस्फोटपछि दूतावासनजिकै इजरायली राजदूतलाई सम्बोधन गरिएको पत्रसमेत भेटिएको थियो। दिल्ली प्रहरीले फरेन्सिक प्रमाणका लागि थप अनुसन्धान गरिरहेको छ। भारतका लागि इजरायली उपराजदूत ओहद नकास कायनारले दूतावासका कर्मचारी र कूटनीतिज्ञहरू सुरक्षित रहेको जानकारी दिएका थिए।

इजरायली राष्ट्रिय सुरक्षा परिषद्ले बम विस्फोटको प्रकृति सम्भवतः आक्रमण बताएको छ। भारतमा बसोवास गर्ने इजरायलीहरूलाई परिषद्ले सल्लाह दिँदै भनेको छ, 'भिड हुने स्थान (मल, बजार) तथा पश्चिमी/यहुदीले प्रयोग गर्ने स्थानतर्फ नजान प्रयास गर्नू।' परिषद्ले इजरायलीहरूलाई बाहिरी आक्रमणबाट बच्नका लागि रेस्टुरेन्ट, होटेल तथा बारसहित धेरै सार्वजनिक स्थानमा नजान तथा कार्यक्रममा भाग नलिन पनि आग्रह गरेको छ।

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको
धितोमा रहेको घर/जग्गा लिलाम बिक्री तथा गोप्य सिलबन्दी बोलपत्र आह्वान
सम्बन्धी १५ दिने सूचना

(प्रकाशित मिति २०८०/०९/१२, नयाँ पत्रिका)

तपसिलमा उल्लिखित ऋणीहरूले यस बैंकबाट प्राप्त गर्नुभएको व्यवसायिक कर्जा सम्बन्धी शर्तबन्देजहरू अनुसार यस बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याज आदि रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्नुका साथै नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणीहरू, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानतकर्ताहरूलाई समेत कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आवश्यक रकम नतिरी नबुझाई बैंकसँग मञ्जुर गर्नु भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेको हुँदा उक्त ऋणकर्जाको सुरक्षण वापत बैंकको नाउँमा घरजग्गा धनीले धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित घर/जग्गा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा, बैंक तथा वित्तिय सम्बन्धी ऐन, २०७३, प्रचलित कानून तथा बैंकको नियमानुसार लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा यो १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

अतः धितोमा रहेको उक्त सम्पत्ति सकार गरी लिन ईच्छुक व्यक्ति /फर्म /कम्पनी वा अन्य संगठित संघ संस्थाले यस बैंकको नयाँ बानेश्वर, काठमाडौं स्थित केन्द्रिय कार्यालय ऋण असूली विभाग तथा विरगञ्ज, आर्दशनगर स्थित शाखा कार्यालयबाट प्राप्त हुने गोप्य सिलबन्दी बोलपत्र फारम रीतपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सोही विभाग तथा शाखा कार्यालयमा बुझाउन सक्नु हुनेछ । गोप्य सिलबन्दी बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरिएको छ । उक्त बोलपत्र यो सूचना प्रकाशित भएको १८ औं दिनमा खोलिने छ । (बोलपत्र बुझाउने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा बैंक खुलेको दिनलाई सम्झनु पर्नेछ ।) बोलपत्र पेश गर्नुहुने ईच्छुक व्यक्ति /फर्म /कम्पनी तथा ऋणी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानीकर्ताहरूलाई समेत उक्त दिन बैंकमा उपस्थित हुन समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिलमा उल्लिखित घर/जग्गा लिलाम बिक्री हुन नसकेमा अन्य प्रक्रियाबाट बिक्री गर्न सक्ने वा सो धितो बैंक आफैले प्रचलित कानून बमोजिम सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । साथै लिलाम बिक्रीबाट बैंकको सम्पुण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तिय सस्थां ऐन, २०७३, बैंक तथा वित्तीय सस्थांको ऋण असुली सम्बन्धी ऐन, २०५८, तथा सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जयजेथा, श्रीसम्पत्तिबाट समेत बाकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानतकर्ताहरू तथा सम्बन्धित सबैलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ । ऋणी तथा सम्बद्ध व्यक्ति समेतले यो सूचनाको अवधि भित्रमा नै सम्पूर्ण ऋण कर्जा, व्याज, जरिवाना तथा हर्जाना रकम समेत चुक्ता गरेमा लिलाम बिक्रि सम्बन्धी प्रकिया तत्काले रद्द गर्न सकिने जानकारी गराईन्छ ।

तपसिल

सि.नं.	ऋणीहरू तथा व्यक्तिगत जमानतकर्ताहरू को नाम, थर र वतन	धितोको विवरण
१.	**ऋणी:** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा. फ. रं. नं ४०६६/०७२/०७३ कायम भै मिति २०७२/११/१७ मा दर्ता भएको बारा जिल्ला कलैया उप म.न.पा, वडा नं. १३, मा रजिर्ष्टड कार्यालय रहेको **श्री जय महालक्ष्मी ट्रेडिङ्ग–१** **ऋणी:** प्रदेश २ सरकार, उद्योग वाणिज्य तथा उपभोक्ता संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय कलैया बारामा प्रा. फ. नं.घ.उ.वि. ७७७३/९२/०७६/७७, कायम भै मिति २०७६/५/१० मा दर्ता भएको बारा जिल्ला कलैया उप.म.न.पा, वडा नं. ५, मा रजिर्ष्टड कार्यालय रहेको **श्री न्यु शितल खाद्य उद्योग–१** **ऋणी:** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य बिभाग, कलैया बारामा प्रा.फ.र.नं. ९९६१/०७७/७८, कायम भै मिति २०७७/८/२१ मा दर्ता भई बारा जिल्ला कलैया उप.म.न.पा, वडा नं. ५, मा रजिर्ष्टड कार्यालय रहेको **श्री शितल किराना स्टोर्स–१** **प्रोप्राइटर/धितो जमानीकर्ता/व्यक्तिगत जमानीकर्ता:** भिखम साह तेलीकी बुहारी, अयोध्या लाल साहकी पत्नी, बारा जिल्ला लिपनीमाल वडा नं. ८,स्थायी ठेगाना भै हाल ऐ ऐ बस्ने बर्ष ७४ की **श्री मन्तुरीया साहुनी तेली** (ना.प्र.नं. ५५२७०८६४ जारी मितिः २०३३।०८।२५, जि.प्र.का. पर्सा) **प्रोप्राइटर/व्यक्तिगत जमानीकर्ता:** राम चन्द्र साहकी छोरी, अयोध्या लाल साहकी बुहारी, श्याम बाबु साह तेलीको पत्नी, बारा जिल्ला परवानिपुर वडा नं. ४, मा स्थायी ठेगाना भै हाल ऐ ऐ बस्ने बर्ष ५० की **श्री किरण देवी** (ना.प्र.नं. ३३-०१-७५-०६२३९ जारी मितिः २०७५।०७।०९, जि.प्र.का बारा) **व्यक्तिगत जमानीकर्ता/धितो जमानीकर्ता:** भिखम साह तेलीको नाती, अयोध्या लाल साह को छोरा, बारा जिल्ला लिपनीमाल वडा नं. ८, मा स्थायी ठेगाना भै हाल ऐ ऐ बस्ने बर्ष ५५ को **श्री श्याम बाबु साह तेली** (ना.प्र.नं. १७५३/०६७१ जारी मितिः २०४५।०२।०१, जि.प्र.का बारा)	**सम्पत्ति - १** सि.नं. | जग्गाधनीको नाम | न.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल (बि-क-धु-क)/ बर्ग.मि १. | मन्तुरीया साहुनी तेली | भतौडा | २ | ५७७ | ०-०-१७-० / २८७.८१ व.मि. | मन्तुरीया साहुनी तेली | भतौडा | २ | ५८४ | ०-०-६-० / १०१.५८ व.मि. **सम्पत्ति - २** सि.नं. | जग्गाधनीको नाम | न.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल (बि-क-धु-क)/ बर्ग.मि १. | मन्तुरीया साहुनी तेली | वरेवा | ५ | १९५९ | ०-०-६-० / १०१.५८ व.मि. **सम्पत्ति - ३** सि.नं. | जग्गाधनीको नाम | न.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल (बि-क-धु-क)/ बर्ग.मि १. | मन्तुरीया साहुनी तेली | भतौडा | २ | ३५७ | ०-०-२-० / ३३.८६ व.मि. | मन्तुरीया साहुनी तेली | वरेवा | ४ | ३५२ | ०-१-१२-८ / ५५०.२७ व.मि. | मन्तुरीया साहुनी तेली | वरेवा | ४ | ३५७ | ०-६-४-८ / २१०७.९८ व.मि. | मन्तुरीया साहुनी तेली | वरेवा | ४ | १७० | ०-१-०-० / ३३८.६३ व.मि. | मन्तुरीया साहुनी तेली | वरेवा | ४ | २७७ | ०-०-१२-८ / २११.६४ व.मि. | मन्तुरीया साहुनी तेली | वरेवा | ४ | २७४ | ०-०-७-८ / १२६.९९ व.मि. | नरेश प्रसाद साह | भतौडा | २ | ७०५ | ०-०-३-२ / ५२.९१ बर्ग.मि **सम्पत्ति - ४** सि.नं. | जग्गाधनीको नाम | न.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल (बि-क-धु-क)/ बर्ग.मि १. | श्याम बाबु साह तेली | भतौडा | २ | ६३२ | ०-२-२-८ (७१९.६० बर्ग.मि) माथि उल्लेखित धितोमा रहेको सम्पत्ति सकार गरी लिन ईच्छुक महानुभावहरूले सबै या कुनै एक सम्पतीमा मात्र पनि बोलपत्र फारम पेश गर्न सक्नुहुनेछ ।
२.	**ऋणी:** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, वाणिज्य विभाग, प्रा.फ.र.नं. ६९२२०/०६१/०६२ मिति २०६१/१२/०२ मा दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं.२४ प्युखा, स्थित **श्री शुभम् ट्रेड हाउस–१** **प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ता:** यादव नाथ सुवेदीकी छोरी, नानीराज घिमिरेकी पत्नी मकवानपुर जिल्ला, हेटौडा न.पा, वडा नं ११, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, नागार्जुन न.पा. वडा नं. ०४, बस्ने वर्ष ५१ की **श्रीमती मिनाक्षी घिमिरे** (ना.प्र.नं.२६/११४ जारी मितिः २०५३।०९।०३, जि.प्र.का काठमाण्डौ) **व्यक्तिगत तथा धितो जमानतकर्ता:** हेमलाल घिमिरेको नाति, प्रिथुनाथ घिमिरको छोरा, मकवानपुर जिल्ला, हेटौडा न.पा, वडा नं ११, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, नागार्जुन न.पा. वडा नं. ०४, बस्ने बर्ष ५३ का **श्री नानीराज घिमिरे** (ना.प्र.नं. ३३०३ जारी मितिः २०४२।११।१९, जि.प्र.का मकवानपुर)	**सम्पत्ति - १** **नानीराज घिमिरे**को नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवनापुर जिल्ला हेटौडा न.पा वडा न.११ स्थित कि.न ६५४४ को क्षेत्रफल (बि-क-धु) ०-१२-१३.२५-० (४२८७.८८ बर्ग.मि) घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत । **सम्पत्ति - २** **नानीराज घिमिरे**को नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवनापुर जिल्ला हेटौडा न.पा वडा न.११ स्थित कि.न ६८११ को क्षेत्रफल (बि-क-धु) ०-३-०-० (१०१५.८९ बर्ग.मि) घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत । **सम्पत्ति - ३** **नानीराज घिमिरे**को नाममा मालपोत कार्यालय कलंकीको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला साविक सितापाईला गा.वि.स. वडा न.०१ हाल नार्गाजुन न.पा वडा न. ०४ स्थित कि.न २३५ को क्षेत्रफल ३१४.०० बर्ग.मि घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत । माथि उल्लेखित धितोमा रहेको सम्पत्ति सकार गरी लिन ईच्छुक महानुभावहरूले सबै या कुनै एक सम्पत्तीमा मात्र पनि बोलपत्र फारम पेश गर्न सक्नुहुनेछ ।

लिलाम बिक्री सम्बन्धी शर्तहरू:

१. बोलपत्र आह्वान तथा लिलाम बिकिको सूचना मिति २०८०/०९/२९ आईतबारका दिन दिनको ठीक ०३.०० बजे **सि.नं. १ को धितो बैंकको शाखा कार्यालय विरगञ्ज, आर्दशनगर तथा सि.नं. २ को धितो बैंकको काठमाडौं स्थित केन्द्रिय कार्यालय ऋण असूली विभागमा खोलिने छ ।** बैंकलाई प्राप्त भएका गोप्य शिलबन्दी बोलपत्रहरू बोलपत्रदाता र/ वा निजको प्रतिनिधि, सरकारी निकायका प्रतिनिधि र अन्य उपस्थित साक्षीको रोहबरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि वा साक्षी अनुपस्थित हुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन ।

२. बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रूपमा समेत स्वीकार गर्न सक्नेछ, र यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

३. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम प्रकिया रोक्का वा बदर हुनेछ । बोलपत्र सदर भएपश्चात ऋणीले सम्पुर्ण रकम बूझाएको अवस्थामा समेत कुनै कारणवश बोलपत्र रद्द गर्नु पर्ने भएमा बोलपत्र रद्द गरी सम्पुर्ण रकम फिर्ता गर्न सकिनेछ ।

४. अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय बागबजार, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०९/१२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साबिक एन. सी.सी. बैंक लि.)शाखा कार्यालय बागबजार, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।**

तपसिल

ऋणीको विवरण:

उद्योग, वाणिज्य तथा आपूर्ती मंत्रालय मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय विभाग/कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौमा कम्पनी ऐन अन्तर्गत मिति २०६४/०६/१६ मा प्रा.लि.नं./प्रा.फा.नं./सा.फा.नं. ४८५३२/०६४/०६५ दर्ता कायम भई करदता सेवा कार्यालय काठमाण्डौबाट मिति २०६४/०७/१५ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं.३०२७४७८८७ को प्रमाणपत्र प्राप्त काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १ स्थित रजिष्टर्ड कार्यालय रहेको **रोविन एक्सपोर्ट ईम्पोर्ट मार्केटिङ प्रा.लि.**(संञ्चालक बेदाचार सिटौलाको नाती, धर्मानन्द सिटौलाको छोरा ईन्दिरा सूवेदी सिटौलाको पति, मोरङ्ग जिल्ला विराटनगर म.न.पा/उप.न.पा. वडा नं. १५ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा न. १ बस्ने **खगेन्द्र सिटौला** (ना.प्र.नं.१६५४/२३८५ मिति २०३७/०१/३१ जि.प्र.का. काठमाण्डौ) ।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. बेदाचार सिटौलाको नाती, धर्मानन्द सिटौलाको छोरा ईन्दिरा सूवेदी सिटौलाको पति, मोरङ्ग जिल्ला विराटनगर म.न.पा/उप.न.पा. वडा नं. १५ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा न. १ बस्ने **खगेन्द्र सिटौला** (ना.प्र.नं.१६५४/२३८५ मिति २०३७/०१/३१ जि.प्र.का. काठमाण्डौ) ।
२. मोहन प्रसाद सूवेदीको नातिनी, प्रेम प्रसाद सूवेदीको छोरी, धर्मानन्द सिटौलाका बूहारी खगेन्द्र सिटौलाको पत्नी, मोरङ्ग जिल्ला बेलवारी वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १ बस्ने **ईन्दिरा सुवेदी सिटौला** (ना.प्र.नं.२३८४/२१४०/२३७४ मिति २०४४/१२/२० जि.प्र.का., काठमाण्डौ) ।

धितो सुरक्षणको विवरण:

१. **खगेन्द्र सिटौला**को नाममा मालपोत कार्यालय सुनसरी मोरङ्गमा दर्ता कायम रहेको दर्ता कायम रहेको मोरङ्ग जिल्ला तिनकिस्नेवारी गा.पा/न.पा. वडा नं. २/क स्थित कित्ता नं. १७३१, १७३०, १७२६ र १७१८, को क्षेत्रफल क्रमश ०-३-८.५, ०-०-१८, ०-०-२ र ०-०-१.५ (बि.क.धु.क) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय बागबजार, काठमाण्डौ फोन नं. ०१-४२४६९९१

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८०/०९/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक विदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — २०८०/०९/२६ गते/स्थान : सम्बन्धित शाखा कार्यालय

बोलपत्र खोलिने मिति/समय — २०८०/०९/२९ गते, आइतबार दिनको ३ बजे

क्र.सं.	केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाडौं.	
	ऋणीको नाम, ठेगाना	**धितोको विवरण**
१.	**नाम : अर्जुन बहादुर पण्डित क्षेत्री** ना.प्र.नं. ५९२८/६००८ जि.प्र.का. काठमाडौं जारी मिति : २०३३/०१/०९ बाबुको नाम : कुल बहादुर पण्डित क्षेत्री बाजेको नाम : सनख बहादुर पण्डित ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ९, धापासी	अर्जुन बहादुर पण्डित क्षेत्रीको नाममा मालपोत कार्यालय टोखा, सरस्वतीमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ९, धापासी स्थित कित्ता नं. १४१ को क्षेत्रफल १०१.५० व.मि भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । मैया पण्डित क्षेत्रीको नाममा मालपोत कार्यालय टोखा, सरस्वतीमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ९, धापासी स्थित कित्ता नं. १४० को क्षेत्रफल १२३.९० व.मि भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
	जमानतकर्ताको विवरण	
	१. नाम : मैया पण्डित क्षेत्री ना.प्र.नं. १८६/०४६, जि.प्र.का. काठमाडौं जारी मिति : २०४६/०४/१९ पतिको नाम : अर्जुन बहादुर पण्डित क्षेत्री ससुराको नाम : कुल बहादुर पण्डित क्षेत्री ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ९, धापासी	**२. नाम : हेमन्त पण्डित क्षेत्री** ना.प्र.नं. ४७१९/१५१४, जि.प्र.का. काठमाडौं जारी मिति : २०६१/०७/१६ बाबुको नाम : अर्जुन बहादुर पण्डित क्षेत्री बाजेको नाम : कुल बहादुर पण्डित क्षेत्री ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ९, धापासी
क्र.सं.	**शाखा कार्यालय : तम्घास, गुल्मी**	
	ऋणीको नाम, ठेगाना	**संचालक तथा जमानतकर्ता**
१.	**नाम : अर्जुन दुर्गा कन्स्ट्रक्सन** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. २७८३२६/०७८/०७९, दर्ता मिति : २०७८/०८/१४ पान नं. ६१७३०८८९६, दर्ता मिति : २०७८/०८/१५ ठेगाना : गुल्मी जिल्ला, कालिगण्डकी गा.पा. वडा नं. ४, पुर्तिघाट **संचालक : सविता टोमटा**	**नाम : सविता टोमटा** ना.प्र.नं. ५६६/०३६/४३८६८, जि.प्र.का. गुल्मी जारी मिती : २०६१/०५/१० पतिको नाम : गणेश बहादुर टोमटा ससुराको नाम : गंगा बहादुर टोमटा ठेगाना : गुल्मी जिल्ला, तम्घास वडा नं. ८ हाल : गुल्मी जिल्ला, रेसुङ्गा न.पा. वडा नं. ७
	जमानतकर्ताको विवरण	
	१. नाम : पार्वती टोमटा ना.प्र.नं. ४६२/१६९०, जि.प्र.का गुल्मी जारी मिति : २०४९/१०/१९, पतिको नाम : गंगा बहादुर टोमटा ससुराको नाम : ज्ञान बहादुर टोमटा ठेगाना : गुल्मी जिल्ला, तम्घास वडा नं. ८ हाल : गुल्मी जिल्ला, रेसुङ्गा न.पा. वडा नं. ७	**२. नाम : गणेश बहादुर टोमटा** ना.प्र.नं. ४२६०/४३८५६, जि.प्र.का. गुल्मी जारी मिति : २०६१/०५/०९ बाबुको नाम : गंगा बहादुर टोमटा बाजेको नाम : ज्ञान बहादुर टोमटा ठेगाना : गुल्मी जिल्ला, तम्घास वडा नं. ८ हाल : गुल्मी जिल्ला, रेसुङ्गा न.पा. वडा नं. ७
	३. नाम : ओशन टोमटा ना.प्र.नं. ४१-०१-७५-०७७५०, जि.प्र.का. गुल्मी जारी मिति : २०७५/१०/२४ बाबुको नाम : गणेश बहादुर टोमटा बाजेको नाम : गंगा बहादुर टोमटा ठेगाना : गुल्मी जिल्ला, रेसुङ्गा न.पा. वडा नं. ७	**४. नाम : अरुण टोमटा** ना.प्र.नं. ४१-०१-७४-०२९१३, जि.प्र.का. गुल्मी जारी मिति : २०७४/०४/१२ बाबुको नाम : गणेश बहादुर टोमटा बाजेको नाम : गंगा बहादुर टोमटा ठेगाना : गुल्मी जिल्ला, रेसुङ्गा न.पा. वडा नं. ७
	धितोको विवरण	
	पार्वती टोमटाको नाममा मालपोत कार्यालय तम्घास गुल्मीमा दर्ता श्रेष्ता कायम रहेको गुल्मी जिल्ला, तम्घास वडा नं. ८ स्थित कित्ता नं. २५९, २७६०, २४९ र २५७ को क्षेत्रफल क्रमशः ०-७-०-१, ०-४-१-२, ०-८-२-२ र ०-३-०-२ रोपनीको जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत..... ।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : तम्घास, गुल्मी, फोन नं. ०७९-५२०५२१
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार १२ पुस ०८०

निगम कर्मचारीको प्रोत्साहन भत्तामा अख्तियारको अनुसन्धान

नयाँ पत्रिका

नेपाल आयल निगम लिमिटेडका कर्मचारीलाई बोनस वितरणमा रोक लगाएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रत्येक वार्षिकोत्सवमा वितरण हुँदै आएको भत्ताको पनि अनुसन्धान अघि बढाएको छ।

अख्तियारले गत २८ मंसिरमा आयल निगमलाई पत्राचार गर्दै ०७६, ०७७ र ०७८ को वार्षिकोत्सवमा वितरण गरिएका सेवा-सुविधाको विवरण उपलब्ध गराउन निर्देशन दिएको छ। प्रत्येक वार्षिकोत्सवमा निगमका कर्मचारीलाई दुई ग्रेड वृद्धि र ग्रेड वृद्धि सकिएका कर्मचारीलाई जनही २५ हजार रुपैयाँ प्रोत्साहनबापत दिने प्रचलन छ। सोही सुविधा वितरणमा अनियमितता भएको उजुरी प्राप्त भएपछि अनुसन्धान अघि बढाएको अख्तियार स्रोतले जानकारी दिएको छ।

अख्तियारले लेखेको पत्रमा भनिएको छ, 'तत्कालीन कार्यकारी निर्देशकले ०७६, ०७७ र ०७८ मा निगमको वार्षिकोत्सवको मौकामा सम्पूर्ण कर्मचारीको दुई ग्रेड वृद्धि र ग्रेड नाघेका प्रत्येक कर्मचारीलाई २५ हजार पुरस्कार दिने निर्णय भएअनुसार उक्त सुविधा प्राप्त गर्ने कर्मचारीहरूको संख्या र सोबापत कति रकम भुक्तानी गरिएको हो, पछिसम्म फरक नपर्ने गरी उक्त तीन सालको विवरण तथा सोलाई पुष्टि गर्ने प्रमाणित कागजात आवश्यक परेकाले आयोगमा उपलब्ध गराइदिनू।'

आयल निगमको कर्मचारी प्रशासन विनियमावली, ०६३ को १६.६ (ग) कार्यकारी निर्देशकले प्रोत्साहनबापत कर्मचारीलाई पुरस्कार वितरण गर्न सक्ने व्यवस्था गरिएको छ। सोही व्यवस्थालाई टेकेर निगमका कार्यकारी निर्देशहरूले बर्सेनि वार्षिकोत्सवको अवसर पारेर वितरण गर्ने ग्रेड वृद्धि र नगद पुरस्कारबारे अख्तियारले छानबिन थालेको हो।

■ अख्तियारको छानबिनमा सन्देह

अख्तियारले ०७६, ०७७ र ०७८ मा मात्रै वितरण भएको ग्रेड वृद्धि र जनही २५ हजार रुपैयाँको विवरण मागेर कुनै व्यक्तिलक्षित छानबिन गर्न लागेको त होइन भन्ने सन्देह पैदा भएको छ। अख्तियारले कागजात माग गरेको तीनवर्षे अवधिमा आयल निगमको कार्यकारी निर्देशक सुरेन्द्रकुमार पौडेल थिए। 'अख्तियारको छानबिन तत्कालीन कार्यकारी निर्देशक पौडेलप्रति मात्र लक्षित भएको देखिएको छ,' निगम स्रोत भन्छ, 'किनभने निगमले वार्षिकोत्सवमा ग्रेड वृद्धि र नगद पुरस्कार दिने प्रचलन धेरैअघिबाट सुरु गरेको र अहिले पनि जारी छ।'

निगमका एक पूर्वकर्मचारीका अनुसार ०७१ देखि संस्था नाफामा जान थालेसँगै एक ग्रेड वृद्धि र जनही १० हजारका दरले नगद पुरस्कार दिने प्रचलन थियो। गोपालबहादुर खड्का कार्यकारी निर्देशक भएर आएपछि सबै कर्मचारीलाई २५ हजार प्रोत्साहन वितरण गरिएको थियो। खड्काकै कार्यकालमा पुरस्कारलाई व्यस्थित गर्न भन्दै ग्रेड वृद्धि र नगद पुरस्कारको दिन थालिएको हो। तर, एउटा कार्यकारी निर्देशक (पौडेल) बहाल रहेको समयको मात्रै वितरण भएको पुरस्कारको विवरण माग गर्नु त्रुटिपूर्ण वा बद् नियतपूर्ण रहेको निगम कर्मचारीहरू बताउँछन्। अख्तियारका प्रवक्ता नरहरि घिमिरेसँग यस विषयका सम्बन्धमा बुझ्न खोज्दा थाहा नभएको बताए। सहायक प्रवक्ता देवीप्रसाद थपलियाले पनि थाहा नभएको र अनुसन्धानमा रहेको विषयबारे बोल्न नमिल्ने प्रतिक्रिया दिए।

०७६ र ७७ मा कोभिड- १९ का कारण लकडाउन भएका वेला निगम कर्मचारीले निरन्तर काम गरेको भन्दै प्रशंसा बटुलेका थिए। तत्कालीन निगम सञ्चालक समित अध्यक्ष तथा वाणिज्य तथा आपूर्तिसचिव डा. वैकुण्ठ अर्याल (हालका मुख्यसचिव)ले वार्षिकोत्सव समारोहमै निगम कर्मचारीलाई प्रोत्साहन पुरस्कार दिने भनेर सार्वजनिक रूपमा घोषणासमेत गरेर प्रदान गरिएको थियो।

■ विद्युत् खपत वृद्धि तथा खनिज इन्धन न्यूनीकरण कार्ययोजना

न्यून मागका वेला उद्योगलाई सस्तोमा बिजुली, घरेलु ग्राहकलाई पनि हिउँद र बर्खामा फरक महसुल

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले विद्युत्को माग न्यून हुने समय (अफ पिक आवर)मा बढी विद्युत् खपत गर्ने उद्योग, खानेपानी तथा सिँचाइ क्षेत्रलाई महसुल दरमा सहुलियत दिने भएको छ। १ पुसमा मन्त्रिपरिषद्बाट स्वीकृति भएको 'विद्युत् खपत वृद्धि तथा खनिज इन्धन न्यूनीकरणसम्बन्धी कार्ययोजना, ०८०'मार्फत सरकारले यस्तो नीति ल्याएको हो। सामान्यतया, राति ११ बजेदेखि बिहान ५ बजेसम्मको अवधिलाई 'अफ पिक आवर' मानिन्छ। उक्त कार्यविधिअनुसार विद्युत् नियमन आयोगले महसुल दर पुनरावलोकन गरेपछि उद्योग, खानेपानी तथा सिँचाइ क्षेत्रले यो सुविधा पाउनेछन्। कार्यविधि कार्यान्वयनमा आएको ६ महिनामा यो नीति लागू गर्ने लक्ष्य राखिएको छ।

नेपालमा बिहान र साँझ खाना पकाउने, बत्ती बाल्ने समयमा झन्डै तीन-चार घन्टा विद्युत्को माग उच्च हुन्छ। रातको समयमा भने विद्युत् माग ज्यादै न्यून हुने गर्छ। अहिले नेपालको पिक विद्युत् माग १७ सय मेगावाट हाराहारी छ। गर्मी, उच्च जाडो भएको वेला यो २१ सय मेगावाटसम्म पुग्छ। तर, रातको समयमा विद्युत्को माग एक हजारदेखि १३ सय मेगावाट मात्रै हुन्छ। यो समयमा भारतमा निर्यात गर्न नसके विद्युत् खेर जाने सम्भावना छ।

सोहीकारण, सरकारले अफ पिक आवरमा बढी बिजुली खपत गर्ने उद्योग, खानेपानी र सिँचाइ क्षेत्रलाई महसुल दरमा सहुलियत दिन लागेको हो। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रवक्ता नवीनराज सिंहले यस नीतिका कारण विद्युत् खपत बढ्ने विश्वास गरे। 'यो कार्ययोजना मन्त्रिपरिषद् बाट स्वीकृति भइसकेको छ। तर, हामीलाई स्वीकृत मस्यौदा आइसकेको छैन,' उनले भने, 'स्वीकृति मस्यौदा आएपछि हामी सम्बन्धित निकायसँग समन्वय गरेर कार्यान्वयन प्रक्रिया अघि बढाउछौं। सफल भएमा विद्युत् खपतमा ठूलो उपलब्धि हासिल गर्न सकिन्छ।'

■ घरका लागि हिउँदमा भन्दा बर्खामा सस्तो बिजुली

कार्यविधिमार्फत सरकारले गार्हस्थ्यका लागि मौसमअनुसार फरक-फरक महसुल दर तोक्ने व्यवस्था गरेको छ। नेपालमा नदी प्रवाहमा आधारित आयोजना बढी हुँदा हिउँदमा कम र बर्खामा बढी विद्युत् उत्पादन हुन्छ। सोहीअनुसार प्राधिकरणले पनि बर्खामा कम र हिउँदमा बढी मूल्यमा आयोजनाबाट विद्युत् खरिद गर्छ। गार्हस्थ्य ग्राहकलाई भने हिउँद र बर्खामा एउटै दरमा विद्युत् बिक्री गर्दै आएको छ। तर, अब हिउँद र बर्खाको महसुलदर फरक हुनेछ। फलस्वरूप गार्हस्थ्य वर्गले हिउँदको तुलनामा बर्खामा सस्तो दरमा विद्युत् पाउने प्रवक्ता सिंहले बताए। यसैगरी, कम र उच्च विद्युत् माग हुने समयमा पनि फरक-फरक विद्युत् महसुल दर निर्धारण गर्ने कार्यविधिमा उल्लेख छ।



■ निजी क्षेत्रको लगानीमा प्रसारणलाइन, क्षतिपूर्ति रकम बढाइने

सरकारले निजी क्षेत्रको लगानीमा विद्युत् प्रसारण लाइनजस्ता पूर्वाधार निर्माण गर्ने नीति पनि ल्याएको छ। अहिले निजी क्षेत्रले विद्युत् उत्पादनमा लगानी गर्दै आएका छन्। अब प्रसारण लाइन, वितरणजस्ता पूर्वाधारमा पनि निजी क्षेत्रलाई बाटो खुला गर्ने कार्ययोजनामा उल्लेख छ। नेपालमा विद्युत् उत्पादन र खपत बढ्दै गए पनि त्यसलाई धान्ने पूर्वाधार बनिसकेको छैन। सोही अवस्थालाई लक्षित गर्दै सरकारले निजी क्षेत्रको लगानीमा पूर्वाधार बनाउने नीति ल्याएर उच्च प्राथमिकतामा राखेको मन्त्रालयका प्रवक्ता नवीनराज सिंहले जानकारी दिए।

प्रसारण लाइनलगायतका पूर्वाधारलाई आवश्यक जग्गा प्राप्ति प्रक्रियालाई सरल र सहज बनाउन कानुन परिमार्जन गर्ने घोषणा गरिएको छ। जग्गा अधिग्रहण कार्यका लागि प्रारम्भिक अधिकृत मन्त्रालयबाट तोक्ने व्यवस्था गर्ने र तीन महिनाभित्रै सबै प्रक्रिया टुंग्याउनुपर्ने प्रावधान राखिनेछ। यस्तै, जग्गाको मुआब्जा चलनचल्तीको दरेट र बैंकको मूल्यांकनसमेतलाई आधार बनाएर निर्धारण गर्ने योजना पनि ल्याइएको छ। प्रसारण लाइनलाई आवश्यक पर्ने पर्ति, ऐलानी, गुठी तथा वनक्षेत्रको जग्गाको हकमा घरघडेरीलाई मूल्यांकन रकमको ६० प्रतिशत र गैरघडेरीलाई ३५ प्रतिशतसम्म क्षतिपूर्ति दिने नीति ल्याइएको छ। विद्युत् प्रसारण लाइनको मार्गाधिकार क्षेत्र (राइट अफ वे)भित्र पर्ने पर्ति तथा ऐलानी जग्गाको हकमा मूल्यांकन गरिएको रकमको ३० प्रतिशतसम्म क्षतिपूर्ति दिने घोषणा गरिएको छ। वन क्षेत्रको राइट अफ वेको जग्गालाई शतप्रतिशत क्षतिपूर्ति दिनुपर्ने हालको व्यवस्था हटाउने बताइएको छ। हाल प्रसारण लाइनमुनि र दायाँ पर्नेजग्गाको २० प्रतिशत मात्रै क्षतिपूर्ति दिने व्यवस्था छ। क्षतिपूर्ति कम भएको भन्दै अहिले प्रसारणलाइन निर्माणमा समस्या आइरहेको छ, क्षतिपूर्ति दर बढाउँदा प्रसारणलाइन निर्माणमा सहयोग पुग्ने मन्त्रालयको भनाइ छ।

■ विद्युत् उत्पादनमा प्रोत्साहन : लागतका आधारमा 'पिपिए'

सरकारले कार्ययोजनामार्फत विद्युत् उत्पादनमा थप प्रोत्साहन गरेको छ। विद्युत् उत्पादनसहित प्रसारण तथा वितरण पूर्वाधार निर्माणका लागि पैसा जुटाउन लगानी योजना तयार गर्ने घोषणा गरिएको छ।

जलाशययुक्त रणनीतिक आयोजनाको निर्माणका लागि आवश्यक लगानी जुटाउन अनुदान एवं प्राथमिकताप्राप्त ऋण उपलब्ध गराउने नीति कार्यान्वयन गर्ने बताइएको छ। जलाशययुक्त (स्टोरेज) जलविद्युत् आयोजना निर्माणका लागि प्रवर्द्धकलाई न्यूनतम प्रतिफल प्राप्तिको सुनिश्चिततासहित भायबिलिटी ग्याप फन्डिङ (भिजिजिएफ)को व्यवस्था गर्ने सरकारी घोषणा छ। यसैगरी, विद्युत् आयोजनामा लगानी जुटाउन प्रोत्साहन हुने गरी लागतका आधारमा खरिद-बिक्री सम्झौता (पिपिए) गर्ने घोषणा गरिएको छ। हाल पिपिए दर स्थिर (बर्खाका लागि ४.८० रुपैयाँदेखि १२.४० रुपैयाँसम्म प्रतियुनिट) रहेको छ। यसैगरी, प्रसारणलाइनमा पनि लागतकै आधारमा ह्विलिङ चार्ज लिने व्यवस्था गरिने उल्लेख छ। यसैगरी, ऊर्जा, व्यापार र आपूर्तिलाई भरपर्दो बनाउन स्टोरेज आयोजना बनाउने, स्वचालित सबस्टेसन निर्माण गर्ने, सडक निर्माण गर्दा प्रसारणलाइन निर्माणका लागि समेत जग्गा छुट्याउने बताइएको छ।

■ राइट अफ वेको प्रयोगमा सहजता, कित्ताकाटदेखि धितो मान्यतासम्म

प्रसारणलाइनको राइट अफ वेमा पर्ने जग्गाको कित्ताकाट हुने व्यवस्था मिलाइने कार्ययोजनामा उल्लेख छ। त्यस्तो जग्गालाई बैंक धितोको रूपमा प्रयोग गर्न आवश्यक व्यवस्थासमेत मिलाउने घोषणा छ। अहिले त्यस्तो जग्गाको कित्ताकाट हुँदैन। कर्जा प्रवाह गर्दा बैंकहरूले त्यस्तो जग्गा धितो राख्न मान्दैनन्।

यसैगरी, वनक्षेत्रको जग्गा उपयोग हुँदा जग्गाको सट्टा जग्गा नै दिने व्यवस्था हटाउने घोषणा गरिएको छ। त्यस बराबरको क्षतिपूर्ति रकम सम्बन्धित वन कार्यालयलाई उपलब्ध गराउने गरी ऐन संशोधन गर्ने घोषणा गरिएको छ। वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन रीतपूर्वक पेस भएको ६० दिनभित्र स्वीकृत गर्नुपर्ने उल्लेख छ। वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिपश्चात् सरकारबाट वनक्षेत्रको प्रयोग र रूख कटानी स्विकृती १५ दिनभित्र दिनुपर्ने व्यवस्था गरिनेछ।

माउन्टेन हाइड्रो नेपाल लि.

काठमाडौं-१३, ताहाचल
फोन नं. ०१५४०३४४२, E-mail : mountainhydronepal@gmail.com

आठौं वार्षिक साधारणसभा सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/०५/१२

यस कम्पनीको मिति २०८०/०९/०१ मा बसेको संचालक समितिको निर्णय अनुसार कम्पनीको आठौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरु माथि छलफल र निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

बार्षिक साधारण सभा हुने मिति, स्थान र समय

मिति : २०८०/०९/२३ गते सोमबार
स्थान : कालिमाटि व्याड्क्युट (कालिमाटी सीता पेट्रोल पम्प सँगै)
समय : बिहान १०:०० बजे।

छलफलका विषयहरु:

१) अध्यक्षज्युबाट आ.व.२०७९।८० को कम्पनीको बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो माथि छलफल तथा स्वीकृत गर्ने।
२) लेखा परिक्षकको प्रतिवेदन सहीतको आ.व.२०७९।८० को वार्षिक आर्थिक विवरण (वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह लगायतका वित्तिय विवरणहरु) माथि छलफल र स्वीकृत गर्ने।
३) कम्पनीको आ.व. २०८०।८१ को लागि लेखापरिक्षक नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने।
४) विविध।

विषेश प्रस्तावहरु:

१) यस कम्पनीले अरु कुनै जलविद्युत आयोजनालाई प्राप्ति गर्ने तथा एक आपसमा गाभ्ने सम्बन्धमा।
२) कम्पनीको हकप्रद शेयर जारी गर्ने सम्बन्धमा।
३) संचालकको भत्ता तथा अन्य सुविधा सम्बन्धमा।

बार्षिक साधारणसभा सम्बन्धि जानकारीहरु

१) आठौं वार्षिक साधारणसभा प्रयोजनको लागि कम्पनीको मिति २०८० पुस १३ गते देखि २०८० साल पुस २३ गते सम्म शेयरको दर्ता किताव दाखिल खारेज बन्द रहनेछ। किताव बन्द भएको अघिल्लो दिन अर्थात मिति २०८०/०९/१२ गते सम्म नेपाल स्टक एक्सचेन्जमा कारोबार भई कायम रहनुभएका शेयरधनिहरुले सभामा भाग लिन सक्नुहुनेछ।
२) आठौं वार्षिक साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधी नियुक्त गर्न चाहने शेयरधनीहरुले कम्पनी ऐनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिकामा रहेको प्रतिनिधी पत्र (प्रोक्सी) फारम अनुसार सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि नियुक्ती गरि कम्पनीको कार्यालयमा पेश गर्नु पर्नेछ। तर प्रतिनिधी नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी गरेमा प्रतिनिधी पत्र स्वत: बदर हुनेछ।
३) एक भन्दा वढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधी चयन गरिएको १ जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ। कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ।
४) कुनै शेयरधनि महानुभावहरुले छलफलका विषयहरुमध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्वन्धि कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्य दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा वहसको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ।
५) मिति २०८०/०९/२३ गतेका दिन विहान १०:०० बजे देखि सभा स्थलमा उपस्थिती खुल्ला हुनेछ। वार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण देखाई सभा स्थलमा रहेको उपस्थिती पुस्तीकामा हस्ताक्षर गरि उपस्थिती जनाउनु पर्नेछ।
६) कम्पनी ऐन २०६३ वमोजिमको आ.व.२०७९।८० को वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन तथा साधारण सभा सम्वन्धित अन्य कुराहरु र निर्वाचन सम्वन्धि जानकारी कम्पनीको प्रधान कार्यालय ताहाचल, कालिमाटी, काठमाडौंबाट उपलव्ध हुने छ। उल्लेखित विवरणहरु कम्पनीको आधिकारीक Web Site: www.mhnl.com.np बाट समेत प्राप्त गर्न सक्नु हुनेछ।

संचालक समिति
माउन्टेन हाइड्रो नेपाल लि.

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०९/१२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

ऋणीको विवरण:

शिद्ध बहादुर ठकुरी/बाल कुमारी ठकुरीको नाति, भक्त बहादुर ठकुरी/शिव कुमारी ठकुरीको छोरा, तुलसी ठकुरीको पति, मकवानपुर जिल्ला, सरीखेत गा.वि.स., वडा नं. ०३ स्थायी ठेगाना भई हाल मकपानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०४, कमलडाडा बस्ने **राज कुमार ठकुरी** (ना.प्र.नं. ३३/११६, जारी मिति २०५३/०६/०३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. तेज बहादुर शाहको नातिनी, अर्जुन शाह/बाल कुमारी शाहको छोरी, शिद्ध बहादुर ठकुरी/बाल कुमारी ठकुरीको बुहारी, भक्त बहादुर ठकुरीको पत्नी, मकवानपुर जिल्ला, सरीखेत गा.वि.स., वडा नं. ०३ स्थायी ठेगाना भई हाल मकपानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०४ बस्ने **शिव कुमारी ठकुरी** (ना.प्र.नं. २१, जारी मिति २०४६/०९/१६, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. तेज बहादुर शाहको नातिनी, शाम्भु शाह/बौद्ध कुमारी शाहको छोरी, भक्त बहादुर ठकुरी/शिव कुमारी ठकुरीको बुहारी, राज कुमार ठकुरीको पत्नी, मकवानपुर जिल्ला, सरिखेत गा.वि.स., वडा नं. ०३ स्थायी ठेगाना भई हाल मकपानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०४, कमलडाडा बस्ने **तुलसी ठकुरी** (ना.प्र.नं. ३१३०१८/४६३, जारी मिति २०६३/१०/२१, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

धितो सुरक्षणको विवरण

१ धनि कुमारी बैक लि. र ऋणी **राजकुमार ठकुरी** कायम भई यातायात व्यवस्था कार्यालय, ललितपुर एकान्तकुना काठमाण्डौमा दर्ता कायम रहेको चे.नं. MA3NYFB1S111L30136, ई.नं. D13A5535843, सवारी नं. Ba 18 Cha 6805, सवारी मोडल Breeza ZDI+ थान १।

२. ऋणीको विवरण

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय घरेलु, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय बागमति प्रदेश, हेटौडा मकवानपुरमा प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ अन्तर्गत मिति २०७७/०६/२५ मा प्राईभेट फर्म दर्ता नं. ११८/९२/०७७/०७८ कायम भई आन्तरीक राजस्व कार्यालय हेटौडा, मकवानपुरबाट स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१४१६२६०८ प्राप्त मकवानपुर जिल्ला बकैया गा.पा वडा नं. ५, देदमार, स्थित रजिस्टर्ड कार्यालय रहेको **शितल कुखुरा तथा पशुपंछि फर्म** (प्रोप्राईटर जितमान स्याङ्तानको नातिनी, जित बहादुर स्याङ्तानको छोरी, कुमार भोलनको पत्नी, मकवानपुर जिल्ला, छतिवन गा.बि.स.वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा वडा नं. ०५ बस्ने **सुन्तली माया स्याङ्तान** (ना.प्र.नं. २३४३ जारी मिति २०५९/१०/१९, जिल्ला प्रशासन कार्यालय मकवानपुर)॥

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. जितमान स्याङ्तानको नातिनी, जित बहादुर स्याङ्तानको छोरी, कुमार भोलनको पत्नी, मकवानपुर जिल्ला, छतिवन गा.बि.स.वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा वडा नं. ०५ बस्ने **सुन्तली माया स्याङ्तान** (ना.प्र.नं. २३४३ जारी मिति २०५९/१०/१९, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
२. चन्द्र बहादुर भोलनाको नाती, कुमार भोलन/सुन्तली माया स्याङ्तानको छोरा, मकवानपुर जिल्ला बकैया गा.पा वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा वडा नं. ०५ बस्ने **कुशल भोलन** (ना.प्र.नं. ३१-०१-७५-०१६२१, जारी मिति २०७५/०२/१०, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।
३. यय भोलनाको नाती, चन्द्र बहादुर भुलुनको छोरा, सुन्तली माया स्याङ्तानको पति, मकवानपुर जिल्ला बकैया गा.पा वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा वडा नं. ०५ बस्ने **कुमार भोलन** (ना.प्र.नं. ७/३७६, जारी मिति २०५४/०२/२५, जिल्ला प्रशासन कार्यालय मकवानपुर)।

धितो सुरक्षणको विवरण

१. **सुन्तली माया स्याङ्तान**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा उप.म.न.पा वडा नं. ०५ स्थित कित्ता नं. १४०९३ को क्षेत्रफल ०-०-७-० (बि.क.धु) को जग्गा र सो जग्गामा निर्माणाधिन घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय हेटौंडा, मकवानपुर फोन नं. ०५७-५२४१४३/२४३

व्यवसायीमैत्री वातावरण आवश्यक : राष्ट्रपति पौडेल



बागलुङ/ राष्ट्रपति रामचन्द्र पौडेलले निजी क्षेत्रको लगानी, उद्यमशीलता र अनुभवलाई आर्थिक विकासमा परिचालन गर्न व्यवसायीमैत्री वातावरण तयार गर्नुपर्ने बताएका छन्। बागलुङ उद्योग वाणिज्य संघको आयोजनामा भएको गण्डकी प्रदेशस्तरीय पर्यटन, कृषि, तथा औद्योगिक व्यापार मेला एवं सातौं बागलुङ महोत्सव उद्घाटन गर्दै पौडेलले पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको महत्त्वपूर्ण भूमिका हुने बताए। महोत्सवमार्फत निजी क्षेत्रले स्थानीय उत्पादन, कृषि उपज र जडीबुटीलाई ल्याएको हुँदा प्रदेश सरकारले यसको विकासमा उत्प्रेरित गर्नुपर्ने उनले बताए। क्रेता र विक्रेता एकै ठाउँ जम्मा हुने अवसर सदुपयोग गर्दै वस्तुको उत्पादन र बजारीकरणमा महोत्सवको सफलताको कामना पनि गरे। 'स्थानीय रोजगारी र बजारीकरणमा महोत्सव सफल हुनुपर्छ,' पौडेलले भने।

पौडेलले गण्डकी प्रदेश सबैभन्दा सुन्दर भएको चर्चा गरे। संविधान निर्माणका क्रममा कोरला नाकादेखि त्रिवेणी नाकासम्म जोड्ने गरी गण्डकी प्रदेश बनाउन भूमिका खेलेको उनले स्मरण गरेका थिए।

■ अर्थले गर्‍यो शर्माले ल्याएको बजेटको मूल्यांकन

प्रक्रियामै अल्झिए ७६ कार्यक्रम, चारवटा सुरु नै भएनन्

काठमाडौं/ गत २७ मंसिरमा अर्थमन्त्री प्रकाशशरण महतले आफ्नो कार्यकालमा अर्थतन्त्रमा देखापरेका सुधारका परिसूचक पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेका थिए। त्यसको त्यसको एक महिना नबित्दै मन्त्रालयले पूर्वअर्थमन्त्री जनार्दन शर्माले ल्याएको गत आर्थिक वर्ष ०७९/८० को बजेट मूल्यांकन गर्दै झन्डै ८० वटा कार्यक्रम अलपत्र परेको जनाएको छ। पूर्वअर्थमन्त्री शर्माले ल्याएको बजेटमा अर्थमातहत एक सय ४१ कार्यक्रमको माइलस्टोन रहेकोमा ७६ वटा प्रक्रियामै अल्झिएको र चारवटा कार्यक्रमको सुरुवात नभएको प्रतिवेदनमा उल्लेख छ।

गत वर्षको बजेटमार्फत नयाँ कार्यक्रमको रूपमा ल्याएको लघुवित्त कोष स्थापना मस्यौदामै सीमित बनेको थियो। चालू आर्थिक वर्षको बजेटले यो कार्यक्रमलाई निरन्तरता नदिएपछि सरकार पछि हटेको स्पष्ट भएको छ।

कृषि कर्जा किसानलाई सरल र सहज उपलब्ध गराउन एक लघुवित्त कोष स्थापना गर्ने बजेटमा उल्लेख थियो। यो कोष ल्याउन उनले आफ्ना बैंक तथा वित्त सल्लाहकार शालिकराम पोखरेललाई अध्ययनको जिम्मासमेत दिएका थिए। पोखरेलकै अगुवाइमा मन्त्रालयले कार्यविधिको मस्यौदासमेत तयार पाऱ्यो। तर, शर्मा बाहिरिएसँगै अर्थमन्त्री बनेका विष्णु पौडेलले यो कार्यक्रमलाई निरन्तरता दिएनन्। वर्तमान अर्थमन्त्री महतले पनि यो कार्यक्रमलाई अगाडि बढाउनु आवश्यक ठानेनन्।

हरित ऋणपत्र निष्काशन गरी पूर्वाधार विकासका लागि आवश्यक वित्तीय स्रोत जुटाउने कार्यक्रम पनि अलमलमै छ। यसका लागि विनियमावलीको मस्यौदा तयार गरि मन्त्रिपरिषद्मा पठाए पनि हालसम्म पारित नभएको प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै गत आर्थिक वर्षको बजेटमा विपन्न व्यक्ति, दलित तथा पिछडिएको क्षेत्रका स्थायी बासिन्दाले आफ्नै क्षेत्रमा सञ्चालन गर्ने व्यवसायमा सहुलियतपूर्ण कर्जाको ब्याजदरमा थप १ प्रतिशत बिन्दुले छुट दिने कार्यक्रम ल्याएको थियो। मन्त्रालयले यसका लागि सहुलितयतपूर्ण कर्जासम्बन्धी कार्यविधिको मस्यौदा तयार पारेको थियो। तर, हालसम्म संशोधन हुन नसकेको प्रतिवेदनमा उल्लेख छ। बचत तथा ऋण सहकारीको सुपरिवेक्षण गर्न अलग्गै दोस्रो तहको नियामकीय निकाय स्थापना गर्ने कार्यक्रम अघि बढ्न सकेन।

गत आर्थिक वर्ष ०७९/८० मा कोभिड- १९ प्रभावित साना व्यवसायी तथा पर्यटन क्षेत्रका उद्योगीमध्ये ६ लाख ५२ हजार हजार तीन सय ६७ जनाले कर छुट लिएको प्रतिवेदनमा उल्लेख छ।

महालक्ष्मी विकास बैंकका ग्राहकले आठ संस्थामा छुट पाउने

नयाँ पत्रिका

महालक्ष्मी विकास बैंक लिमिटेडले स्वास्थ्य, होटेल तथा रेस्टुरेन्ट क्षेत्रका विभिन्न आठ संस्थाहरूसँग छुटसम्बन्धी सम्झौता गरेको छ। बैंकले आफ्ना ग्राहकले धेरैभन्दा धेरै स्थानमा छुट सेवा प्राप्त गरून् भन्ने उद्देश्यसहित सम्झौता गरेको हो।



सम्झौताअनुसार उक्त बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहकले उक्त संस्थाका विभिन्न सेवामा विशेष छुट पाउने जनाइएको छ। जसअनुसार मकवानपुरको हेटौंडामा रहेको भुँग्रो थकाली रेस्टुरेन्टमा १० प्रतिशत छुट पाउने जनाइएको छ।

त्यस्तै, हेटौंडामै रहेको पल्पसा प्रदेशी होम प्रालिको खाना तथा पेयमा १० प्रतिशत, हेटौंडाकै क्विक ट्वान्टी हाउस होटेलको खाद्य तथा पेयमा १० प्रतिशत र कोठा शुल्कमा १५ प्रतिशत छुट पाउने जनाइएको छ। हेटौंडाकै हिमालयन स्विट एन्ड बेधरीको बेकरी, स्विट्स एन्ड रेस्टुरेन्ट आइटममा पनि छुट पाउने बैंकले जनाएको छ।

त्यस्तै, काठमाडौंको महाराजगन्जमा रहेको एजिलस डाइग्नोस्टिक नेपाल प्रालिमा सबैप्रकारको परीक्षणमा १५ प्रतिशत छुट पाउने उल्लेख छ। काठमाडौंकै न्युरोडमा रहेको एन्जल ज्वेलरिज प्रालिमा सुनको गहना बनाउँदा ज्यालामा ४० प्रतिशत तथा सुन्धारामा रहेको एक्सप्रेस म्याग्दी होटेल प्रालिको सबै प्रकारको सेवामा १० प्रतिशत छुट पाउने जनाइएको छ।

भैरहवाको गाउँले चुलो भैरहवा प्रालिमा खाना तथा खाजामा १० प्रतिशत छुट पाउने बैंकले जनाएको छ। यस किसिमको सहकार्यबाट बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहक प्रत्यक्ष रूपमा लाभान्वित हुने बैंकले विश्वास व्यक्त गरेको छ।

नबिल बैंकले एक घन्टामै गोल्ड लोन दिने



काठमाडौं/ नबिल बैंक लिमिटेडले तुरुन्तै सुन धितो राखी ऋण लिन सक्ने 'इन्स्ट्यान्ट गोल्ड लोन' योजना ल्याएको छ। बैंकले ग्राहकलाई विना कुनै झन्झट सुन धितो राखी एक घन्टाभित्र पाउने ऋण योजना ल्याएको हो।

योजनाअन्तर्गत १२.३० प्रतिशत ब्याजमा १० लाख रुपैयाँसम्मको ऋण दिइने बैंकले जनाएको छ। आवेदन दिएदेखि ऋण प्राप्तिसम्मको समय एक घन्टाको अवधिमा ऋण पाइने भएकाले तत्काल समस्या समाधानमा सहयोग पुग्ने बैंकले दाबी गरेको छ।

धितो राखेको सुनको निःशुल्क बिमाको व्यवस्था पनि गरेको जनाइएको छ। बैंकले ग्राहकका विभिन्न वित्तीय आवश्यकता पूरा गर्न यसप्रकारको कार्यक्रम ल्याएको जानकारी दिएको छ।

तत्कालका लागि आठवटा शाखाबाट मात्र यो सेवा पाइने बैंकको भनाइ छ। जसअनुसार उपत्यकाभित्रका ग्राहकले कुमारीपाटी, कालीमाटी र सूर्यविनायक शाखाबाट कर्जा लिन सक्ने उल्लेख छ। उपत्यकाबाहिरका ग्राहकका लागि धरानको महेन्द्रपथ, बुटवलको चौराहा, नेपालगन्जको भानुभक्त चोक, फिदिम र चिप्लेढुंगाबाट सुन कर्जा लिन सकिने बैंकले जनाएको छ।

बैंकले देशभर दुई सय ६६ शाखा, २२ एक्सटेन्सन काउन्टर र तीन सय १३ एटिएम मेसिनमार्फत सेवा दिँदै आएको जनाएको छ।

आइएमई पे प्रयोगकर्ताले एजुकेसन पार्कमा छुट पाउने

काठमाडौं/ डिजिटल वालेट 'आइएमई पे' र एजुकेसन पार्कबीच आइइएलटिएस र पिटिईको तयारी कक्षामा ५० प्रतिशत छुट दिने सम्झौता भएको छ। काठमाडौंको सिभिल मल आठौं तलामा रहेको एजुकेसन पार्कमा आइइएलटिएस र पिटिईको तयारी कक्षा लिन इच्छुक विद्यार्थीले आइएमई पेमार्फत कक्षाको शुल्क भुक्तानी गर्दा छुट पाउने सम्झौता भएको हो।

योजना तीन महिनासम्म लागू हुने कम्पनीले जनाएको छ। एजुकेसन पार्क र आइएमई पेबीचको यो योजनाले उक्त कक्षा लिन चाहने विद्यार्थीहरूलाई अझ सहज हुने कम्पनीले विश्वास व्यक्त गरेको छ। योजनाको अवधि तीन महिनाको भए तापनि पहिला कक्षा बुक गर्ने विद्यार्थीले आफ्नो समयअनुसारको कक्षाको छनोट गर्न सक्ने जनाइएको छ।

एभरेष्ट बैंकका ग्राहकलाई एएसजी आई केयर हेल्थ सर्भिसमा छुट

काठमाडौं/ एभरेष्ट बैंक लिमिटेड र एएसजीआई केयर हेल्थ सर्भिसेज प्रालिबीच सम्झौता भएको छ। बैंक र नयाँबानेश्वरमा रहेको आइकेयरबीच बैंकका ग्राहकलाई विशेष छुट दिने सम्झौता भएको हो।

सम्झौताअनुसार उक्त अस्पतालको विभिन्न सेवामा १० प्रतिशतसम्मको छुट पाउने जनाइएको छ। सम्झौता लागू भए सँगै बैंकका सम्पूर्ण ग्राहक, कार्ड प्रयोगकर्ताका साथै कर्मचारी र तिनका पारिवारिक सदस्यले उक्त आँखा अस्पताल तथा भारतमा रहेको एक सय ४० शाखाबाट समेत सर्जरी प्रोस्युडर, बैंकका कर्मचारीको माइनर इन्भेस्टिगेसन, अप्टिकल्समा १० प्रतिशत छुट पाउने बैंकले जनाएको छ।

साथै, पहिलोपटक रजिस्ट्रेसन तथा ओपिडी शुल्क नलाग्ने र एकपटकका लागि १५ दिनभित्रको फलोअपसमेत निःशुल्क हुने जनाइएको छ। हस्ताक्षर कार्यक्रममा बैंकका नायब महाप्रबन्धक गौरव कुमार, बजार तथा संस्थागत निक्षेप विभाग प्रमुख पुष्पराज उप्रेती, बजार अधिकृत एलिना कार्की तथा अस्पतालका व्यापार प्रवर्द्धन प्रबन्धक सञ्जीवकुमार ठाकुरको उपस्थिति रहेको बैंकले जनाएको छ।

बैंकले हाल देशभरमा एक सय २८ शाखा, ३ एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय तथा एक सय ६४ एटिएममार्फत सेवा दिइरहेको जनाएको छ।

श्री रामेछाप जिल्ला अदालतबाट प्रतिवादीको नाममा जारी भएको इतलायनामा

मुद्दा नं. : ०७९-cp-००८३ (सम्बन्ध विच्छेद)

भारतको आसाम राज्यको Vill Dhendal Tea Estate P.O. and P.S. Rangopara District Sonlthpur Assam मा बस्ने बर्ष २८ की उष्मा तामाङको नाउँको मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १०५(२२) बमोजिम २१ (एक्काईस) दिने म्याद..... उप्रान्त वादी राजेन्द्र लामाले तपाईका उपर मिति २०७९/०९/०४ गते सम्बन्ध विच्छेद मुद्दाको फिराद पत्र दर्ता गराएकोले यस अदालतको मिति २०८०/०९/०८ गतेको आदेशानुसार यो सूचना म्याद प्रकाशित गरिदिएको छ। यो म्याद सूचना प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक २१ (एक्काईस) दिन भित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत प्रतिउत्तर पत्र लिई आउनुहोला अन्यथा म्याद गुजारी बसेमा मुद्दा कानुन बमोजिम हुनेछ पछि तपाईको उजुरबाजुर लाग्ने छैन। इति संवत २०८० साल पौष ११ गते रोज ४ शुभम् .....

अनलाइन सेक्युरिटिज लिमिटेडको दोश्रो बार्षिक साधारणसभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/०९/१२

यस कम्पनिको मिति २०८० मंसिर १५ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस अनलाइन सेक्युरिटिज् लिमिटेडको दोश्रो बार्षिक साधारणसभा निम्न अनुसार हुने भएकोले सम्पूर्ण सेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशितत गरिएको छ।

क. सभा हुने स्थान, मिति र समय :

स्थान : पुतलीसडक स्थित कम्पनिको कार्यालय
मिति : २०८० पौष २० गते शुक्रबार
समय : दिनका २:०० बजे

ख. छलफलका बिषयहरु :

१. संचालक समितिको तर्फबाट अध्यक्षज्युले प्रस्तुत गर्नुहुने आ.व. २०७९/८० को कम्पनीको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षक को आ. व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
३. आ. व. २०८०/८१ को लागि लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४. संचालक समितिको पुनर्गठन गर्ने सम्बन्धमा।

ग. बिशेष प्रस्ताव

१. संचालक समितिको सिफारिश अनुसारको पूँजी संरचना परिवर्तन गरी पूँजी बृध्दि गर्ने सम्बन्धमा।
२. संचालक समितिको सिफारिश अनुसारको नगद लाभांश वितरण गर्ने सम्बन्धमा।
३. रणनैतिक साझेदार खोज्ने तथा समान प्रकृतिका संस्था खोजि गरी गाभ्ने वा गाभिने लागि निर्णय गर्ने अधिकार संचालक समितिमा अख्तियारी दिने सम्बन्धमा।

घ. बिबिध

संचालक समितिको आज्ञाले
कम्पनी सचिब

जीवन विकास लघुवित्त वित्तीय संस्था लि.
JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको संस्था)
केन्द्रीय कार्यालय, कटहरी-०२, मोरङ्ग
सम्पर्क: ५८०२७५६९५६

पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८० पुस ७ गते)

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८०/०९/०६ गते शुक्रबार बसेको ८९ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको पाँचौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभा हुने मिति, समय र स्थान :

मिति : २०८०/०५/२५ गते आइतवार (तदनुसार १४ जनवरी, २०२४)
समय : बिहान १०:३० बजे ।
स्थान : वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कटहरी २, मोरङ्ग ।

छलफलका विषयहरु:

(क) सामान्य प्रस्ताव

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक बर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
(२) लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७९/०८० को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने।
(३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने। (वर्तमान लेखापरीक्षक पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ।)
(४) सञ्चालक समितिले सिफारिश गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० को वितरण योग्य मुनाफाबाट २०८० आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु. १,१८,२०,३४,२००/- को ०.७३६९ प्रतिशतले हुन आउने रु. रु. ८७,१०,४९८ (अक्षरेपी सतासी लाख दश हजार चार सय अन्ठानब्बे रुपैया मात्र) नगद लाभांश (बोनस शेयरको कर समेत) वितरण गर्ने सम्बन्धी प्रस्ताव स्विकृत गर्ने।

(ख) विशेष प्रस्ताव

(१) सञ्चालक समितिले सिफारिश गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० को वितरण योग्य मुनाफाबाट २०८० आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु. १,१८,२०,३४,२००/- को १४ प्रतिशत (दशमलब पछिको निकटतम दुई अंक) ले हुन आउने रु. १६,५४,८४,७००/- (अक्षरमा सोह्र करोड चौवन्न लाख चौरासी हजार सात सय रुपैया मात्र) बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव स्विकृत गर्ने।
(२) बोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही बमोजिम जारी तथा चुक्ता पूँजी गरी रु. १,३४,७५,१८,९००।- (अक्षरेपी एक अर्ब चौंतीस करोड पचहत्तर लाख अठार हजार नौ सय रुपैया मात्र) पुऱ्याउने सम्बन्धी प्रस्ताव स्विकृत गर्ने।
(३) बोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही बमोजिम वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६(ख) र ६(ग) मा संशोधन गर्ने।
(४) अध्यक्ष तथा सञ्चालकहरुको वैठक भत्ता तथा अन्य सुविधाहरु वृद्धि/परिमार्जन गर्ने र सोही बमोजिम वित्तीय संस्थाको नियमावलीको सम्बन्धित नियम संशोधन गर्ने।
(५) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने, समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न मूल्याङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तिसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।
(६) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन वा फेरबदल वा परिमार्जन वा थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न गराउन तथा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत वित्तीय संस्थाको सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने।

(ग) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धमा अन्य थप जानकारी :

१. पाँचौ बार्षिक साधारण सभा प्रयोजनकालागि वित्तीय संस्थाको शेयर दाखिल खारेजीको कार्य मिति २०८०/०९/१८ गतेदेखि मिति २०८०/०९/२९ गतेसम्म बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/१७ गतेसम्म कारोबार भई प्रचलित कानून अनुसार तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा बोनस शेयर पाउन योग्य हुनेछन्।
२. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो हितग्राही परिचय नं. वा आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचयपत्र साथमा लिएर आईदिनुहुन अनुरोध छ। संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाबाट प्रतिनिधि नियुक्त गरिएको आधिकारीक पत्र लिई आउनुपर्नेछ।
३. पाँचौ वार्षिक साधारण सभाको प्रतिवेदन वित्तीय संस्थाको वेवसाईटमा राखिने छ र सो बाट प्राप्त गर्न तथा अध्ययन गर्न सकिनेछ। साथै वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौबाट समेत प्राप्त गर्न सकिनेछ। कुनै कारणवस उपरोक्त प्रतिवेदन प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले सभा हुने दिन सभास्थलबाट समेत प्राप्त गर्न सक्नुहुनेछ।
४. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी उपस्थिति पुस्तिका सभा हुने दिन बिहान ९:०० बजेदेखि खुल्ला रहनेछ। साधारण सभामा भाग लिन आउने शेयरधनीहरुले साधारण सभासँग सम्बन्धित कागजात बाहेक कुनै झोला, पोका वा अन्य सामाग्री नलिई आउनु हुन अनुरोध गरिएको छ।
५. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता कितावमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ती गर्न र मत दिन समेत सक्नेछन।
६. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा यस वित्तीय संस्थाको शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन्। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन सभा शुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय कटहरी-२, मोरङ्गमा दर्ता गराई सक्नुपर्नेछ।
७. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले सम्बोधन गर्न सक्नेछन्।
८. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।
९. पाँचौ वार्षिक साधारण सभा सम्बन्धमा अन्य थप जानकारी आवश्यक भएमा यस वित्तीय संस्थाको फोन नं. ९८०२७९६१९६ मा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन अनुरोध छ।

धितोमा रहेको सवारी साधन गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

प्रकाशित मिति : २०८०/०९/१२ गते

यस माछापुच्छे बैंक लि. लाजिम्पाट शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको ऋण कर्जाको समय समयमा तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएको एवं मिति २०७८/०८/०९ गतेको राजधानी राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसंग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले तपसिल बमोजिमको सवारी साधन, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुंदा उक्त सम्पत्ति खरिद गरी लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही आंफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी बापत जम्मा गरेको भौचर संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र फारम रितपूर्वक भरी कार्यालय समयभित्र यस बैंकमा पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौ) दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी तथा धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई यसै सूचनाद्वारा सूचित गरिएकोछ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलामको प्रकृया गर्न कुनै बाधा पुग्नेछैन। सो तोकिएको दिन बिदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन १२:०० बजे सम्म कारोबार गरी सोही स्थानमा बोलपत्र खोलिनेछ। कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने वा बैंक आफैले सकार गरिलिने समेत सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम एक प्रतिको रु. १००० (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने गरी यस बैंकमा उपलब्ध छ। अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम लागु हुनेछ। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितोलिलाम बिक्री गर्दापनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना	धितोमा रहेको सम्पत्तिको विवरण
भिमसेन गिरी ना.प्र.नं. ३७४, जि.प्र.का. काठमाण्डौं जारी मिति : २०४२/०४/०६ बुबा : सानुभाई गिरी, बाजे : जगत बहादुर गिरी ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २, दहचोक	धनी यस माछापुच्छे बैंक र ऋणी भिमसेन गिरीको नाममा दर्ता कायम रहेको निम्न बमोजिमको सवारी साधन : मोडल : Indigo Manza, GEX, सवारी दर्ता नं. बा ११ च ४९२ इन्जिन नं. 323B6600-6092243, च्यासिस नं. MAT613561DLH18434 सवारीको रङ्ग : Jet Silver
व्यक्तिगत जमानतकर्ताहरु	
१. भिमसेन गिरी ना.प्र.नं. ३७४, जि.प्र.का. काठमाण्डौं जारी मिति : २०४२/०४/०६ बुबा : सानुभाई गिरी, बाजे : जगत बहादुर गिरी ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २, दहचोक	**२. मीना गिरी** ना.प्र.नं. १३९०, जि.प्र.का. काठमाडौं, जारी मिति : २०४८/०५/०७ बुबा : ज्ञान बहादुर पुरी, बाजे : प्रेम बहादुर पुरी पति : भिमसेन गिरी ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २, दहचोक
बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : २०८०/०९/२६ बिहिबार कार्यालय समय सम्म केन्द्रिय कार्यालय, लाजिम्पाट	**बोलपत्र खोलिने मिति, समय र स्थान :** २०८०/०९/२९ आइतबार दिनको ३:३० बजे केन्द्रिय कार्यालय, लाजिम्पाट




माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, लाजिम्पाट

कर्जा चुक्ता गर्न आउने सम्बन्धित ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८०/०९/१२

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले लिनुभएको कर्जाको साँवा, ब्याज र हर्जाना आदि बुझाउन संस्थाबाट पटक पटक मौखिक तथा लिखित रुपमा तर-ताकेता एवं सार्वजनिक पत्रपत्रिका सुचाना प्रकाशित गरी अनुरोध गर्दा समेत कर्जाको साँवा, ब्याज, हर्जाना तथा दै-दस्तुर चुक्ता भुक्तान गर्न कुनै चासो नदेखाएको हुनाले सुरक्षण बापत यस संस्थाको नाममा दृष्टिबन्धक लेखिदिनुभएको तपसिल बमोजिमको अचल सम्पत्ति जहाँ जे जस्तो आवस्थामा छ त्यैहि अवस्थामा लिलाम बिक्रि गरिने भएकोले यो धितो लिलाम सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी सर्वसाधारणबाट गोप्य शिलबन्दी बोलपत्र आहवान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३६औं दिन गोप्य शिलबन्दी बोलपत्र खोलिनेछ। यस अवधि भित्र इच्छुक महानुभावहरुले आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम गोप्य शिलबन्दी बोलपत्र बुझाउनु हुन अनुरोध गरिन्छ। सुरक्षणमा रहेको धितो लिलाम बिक्रि गर्दा पनि संस्थाको लेना रकम असुल उपर नभएमा सहकारी ऐन तथा नियमावली बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल सम्पति जायजेथाबाट धितो लिलामीले नखामेको बक्यौता रकम असुल उपर गर्न थप प्रक्रिया अपनाईने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

ऋणीको विवरण	ऋणीको फोटो	धन जामानीको विवरण
नाम: विजय कुमार श्रेष्ठ बुबा: बद्रि नारायण श्रेष्ठ बाजे: बुद्धि नारायण श्रेष्ठ ठेगाना: महोत्तरी, लक्ष्मीनिया-२ ना.प्र.प.नं.: ०४९८३६९१		नाम: मिलन के.सी. बुबा: नवराज के.सी. बाजे: दिल बहादुर के.सी. ठेगाना: नुवाकोट, विदुर-९ ना.प्र.प.नं.: ३५५१६
धितो विवरण ऋणीको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर, ताथली गा.वि.स. वडा नं. १ (हाल चांगुनारायण न.पा. वडा नं. ९) को कि.नं. ६७८ को ०-५-०-० जग्गा		

ऋणीको विवरण	फोटो	धितो विवरण
१. नाम : विकास चित्रकार बुबा : मिठाई चित्रकार बाजे : रत्नलाल चित्रकार ठेगाना : का.म.न.पा.-२८, काठमाडौं, हाल बु.न.पा.-८, काठमाडौं ना.प्र.प.नं. : ५०४४, काठमाडौं		१. मालपोत कार्यालय खैरहनी, चितवनमा विकास चित्रकार समेतको संयुक्त नाममा दर्ता कायम रहेको चितवन जिल्ला विरेन्द्रनगर गा.वि.स. वडा नं. ६(हाल खैरहनी नगरपालिका), कि.नं. २४ को १०७५१.५१ व.मि. जग्गा २. मालपोत कार्यालय चनौली, चितवनमा रत्नावति चित्रकारको नाममा दर्ता कायम रहेको चितवन जिल्ला सिस्वार गा.वि.स. वार्ड नं. ५ (हाल भरतपुर महानगरपालिका वडा नं. २६), कि.नं. १२७, १३७, र १३८ को क्रमश: ६७७.२६ व.मि., ४०६३.५६ व.मि. र ५०७.९३ व.मि. जग्गाहरु
२. नाम : रन्तावति चित्रकार बुबा : विश्व विजय चित्रकार बाजे : पंकज चित्रकार ठेगाना : धुलिखेल-२, काभ्रे, हाल बु.न.पा.-८, काठमाडौं ना.प्र.प.नं. : ७७०५९, काभ्रे		
२. नाम : सानु काजी महर्जन बुबा : अष्ट नारायण महर्जन बाजे : भाई महर्जन ठेगाना : का.म.न.पा.-२७, काठमाडौं, हाल का.म.न.पा.-२५, काठमाडौं ना.प्र.प.नं. : ४५७३/१०३९३, काठमाडौं		

लिलाम बिक्रि सम्बन्धित जानकारी तथा शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफुले कबुल गरेको जम्मा रकमको १०(दश) प्रतिशतले हुने रकम धरौटी बापत यस संस्थाको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट वा गुडफरपेमेन्ट चेक वा नगदै जम्मा गरेको सक्कल भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति वा संगठित संस्थालाई धितो सम्पत्ति बिक्रि गर्ने नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ।
३. संस्थाले धितो लिलाम बिक्रि गर्ने निर्णय भई जानकारी दिएपछि लिलाम सकार्ने व्यक्तिले सोको ७ दिन भित्र बाँकी सम्पूर्ण रकम संस्थामा दाखिला गरिसक्नु पर्ने छ, अन्यथा निजको धरौटी रकम स्वत जफत हुनेछ।
४. लिलाम सकार गरि समय भित्र रकम दाखिला गरे पश्चात नामसारी, दा.खा. रजिष्ट्रेशन प्रक्रियामा लाग्ने राजश्व, दस्तुर लगायत सम्पूर्ण खर्च धितो सकार्नेले व्यहोर्नु पर्ने छ।
५. लिलाम बिक्रि हुने अचल सम्पत्ति सम्बन्धी कागजात र लिलाम सम्बन्धी अन्य जानकारीका लागि संस्थाको कार्यालयमा समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
६. सुचना प्रकाशित मितिले ३५ दिन भित्र ऋणी वा जमानतकर्तासँग कर्जा बापतको सम्पूर्ण रकम चुक्ता नभएमा ३६औं दिन बिहान ११:०० देखि दिउँसो ३:०० बजेसम्म यस संस्थाको कार्यालय गल्फुटारमा लिलाम बिक्रि सम्बन्धी गोप्य शिलबन्दी खोलिने छ। उक्त दिन सार्वजनिक बिदा पर्न गएमा बिदा लगत्तै कार्यालय खुलेको दिन लिलाम बढाबढ

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार १२ पुस ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

साबिक विजेता दिनेश क्वार्टरफाइनलमा

काठमाडौं/ साबिक विजेता दिनेश प्रजापति सूर्य नेपाल गल्फ टुर २०२३/२४ अन्तर्गत सिजनको दोस्रो प्रतियोगिता सूर्य नेपाल एनपिजिए म्याच प्लेको पहिलो दिन क्वार्टरफाइनलमा प्रवेश गरेका छन् । पहिलो दिन दोस्रो वरीयताका नीरज तामाङ पहिलो चरणबाटै बाहिरिएका छन् । दिनेशसँगै पहिलो वरीयताका भुवन नगरकोटी, चौथो वरीयताका जयराम श्रेष्ठ, पाँचौं वरीयताका सञ्जय लामा, छैटौं वरीयताका रवि खड्का, सातौं वरीयताका रामे मगर, नवौं वरीयताका भुवनकुमार रोका र १५औं वरीयताका प्रदीपकुमार लामाले पनि अन्तिम आठको स्थान पक्का गरेका छन् ।

रोयल नेपाल गल्फ क्लबमा म्याच प्ले फम्यार्टमा भएको प्रतियोगितामा तेस्रो वरीयता पाएका दिनेशले अनुभवी गल्फर तोरणविक्रम शाहीलाई प्रतिस्पर्धात्मक खेलमा १८औं होलमा पराजित गरेका थिए । उनले अब सेमिफाइनल प्रवेशका लागि छैटौं वरीयताका रवि खड्कासँग प्रतिस्पर्धा गर्नेछन् । रवि खड्काले ११औं वरीयताका रमेश अधिकारीलाई ३-२ ले माथ दिँदै अन्तिम आठमा स्थान पक्का गरेका हुन् ।

महावीर च्याम्पियन

काठमाडौं/ महावीर क्लब प्रधानमन्त्री कप छनोटअन्तर्गत काठमाडौं जिल्ला छनोट प्रतियोगिताको च्याम्पियन भएको छ । ग्रेट हिमालयन क्रिकेट एकेडेमीमाथि बुधबार १३७ रनको फराकिलो जित निकाल्दै काठमाडौं च्याम्पियन भएको हो । मूलपानीको तल्लो क्रिकेट मैदानमा महावीरले प्रस्तुत गरेको २८५ रनको लक्ष्य पछ्याएको ग्रेट हिमालयनले ३२ ओभरमा सबै विकेट गुमाएर १४७ रन बनाउन सक्यो । ग्रेट हिमालयनका लागि कप्तान इशान पाण्डेले अर्धशतकीय इनिङ्स खेलेका थिए । उनले ६६ बलमा पाँच चौका र दुई छक्कासहित सर्वाधिक ५४ रनको योगदान गरे । टस हारेर ब्याटिङ गरेको महावीरले निर्धारित ५० ओभरमा आठ विकेट गुमाउँदै २८४ रन बनाएको थियो ।

नेपाल सुपर लिगको फाइनल पुग्ने लक्ष्यमा पोखरा र ललितपुर

नयाँ पत्रिका

दोस्रो संस्करणको नेपाल सुपर लिग (एनएसएल)को फाइनल प्रवेशका लागि आज (बिहीबार) पोखरा थन्डर्स र ललितपुर सिटी एफसीबीच प्रतिस्पर्धा हुँदै छ । दशरथ रंगशालामा दुवै टोलीको एकै लक्ष्य पहिलोपटक फाइनल प्रवेश गर्ने हुनेछ । पोखरा पहिलोपटक प्ले अफमा पुगेको हो । ललितपुर पहिलो संस्करणको इलिमिनेटरबाट बाहिरिएको टोली हो । पोखरा पहिलो क्वालिफायर्समा साबिक उपविजेता धनगढी एफसीसँग पेनाल्टी सुटआउटमा ४-३ ले पराजित भएको थियो । निर्धारित ९० मिनेट १-१ को बराबरी तथा अतिरिक्त ३० मिनेटको खेल पनि २-२ को बराबरी भएपछि खेलको छिनोफानो पेनाल्टीमा भएको हो ।

लगातार दोस्रोपटक फाइनल स्थान सुरक्षित गरेको धनगढीले लिग चरणमा आठमध्ये मात्र तीन खेल जित्दै दोस्रो भएर प्ले अफमा स्थान बनाएको थियो । पोखराले सर्वाधिक चार खेल जितेर प्ले अफ स्थान सुरक्षित गरेको थियो । ललितपुरले साबिक विजेता काठमाडौंलाई इलिमिनेटरमा ३-० ले हराउँदै उपाधि सम्भावना कायम राखेको छ । काठमाडौंविरुद्ध ललितपुरका विदेशी खेलाडी चम्किए । काठमाडौंविरुद्ध तीनै गोल विदेशी खेलाडीको नाममा रह्यो ।

ललितपुर र पोखराका प्रशिक्षकले गल्ती सच्याउँदै प्रतिस्पर्धा गर्ने बताएका छन्

एक-अर्कालाई कमजोर नमान्ने

यसपटक कुनै टोली कमजोर नभएको क्लबहरूको ललितपुर र पोखराका प्रशिक्षकहरूले दाबी गरेका छन् । 'प्रतिद्वन्द्वीलाई कमजोर मान्दैनौं,' ललितपुरका प्रशिक्षक इआन आन्द्रे गिलानले भने, 'सबै टोली उत्तिकै राम्रो खेलिरहेका छन्, कसैलाई कमजोर मान्ने अवस्था छैन ।' पोखराविरुद्ध पछिल्लो खेलमा निलम्बनमा रहेका नाइजेरियन रक्षक ओमालाजा नुरैन करिम उपलब्ध हुनेछन् । पोखराका प्रशिक्षक नवीन न्यौपानले पछिल्लो खेलमा भएका कमजोरी सुधार गर्दै खेल्ने बताए । 'धनगढीविरुद्ध आफ्नै गल्तीले पराजित हुन पुग्यौं । कमजोरी सुधार गर्दै खेल्नुपर्छ,' न्यौपानेले भने ।



नवीन न्यौपाने
प्रशिक्षक, पोखरा



इयान आन्द्रे गिलियन
प्रशिक्षक, ललितपुर

विजेतालाई ७० लाख

दोस्रो संस्करणको विजेताले ७० लाख पुरस्कार पाउने आयोजक नेपाल स्पोर्ट्स् इभेन्ट म्यानेजमेन्ट प्रालिले घोषणा गरेको छ । यसपटक पुरस्कार राशि दोब्बरले वृद्धि भएको छ । गत संस्करणको विजेता काठमाडौंले ३५ लाख र उपविजेता धनगढीले २० लाख रुपैयाँ प्राप्त गरेका थिए । यसपटक उपविजेताले ३५ लाख पाउनेछ । यसैगरी प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले गोल्डेन बलसहित दुई लाख पाउनेछन् ।

पोखराको प्रदर्शन	
नतिजा	क्लब
१-०	चितवन
०-०	ललितपुर
१-१	झापा
१-०	इलाम
१-२	काठमाडौं
२-१	वीरगन्ज
२-१	बुटवल लुम्बिनी
१-१	धनगढी
२-२ (३-४)	धनगढी

ललितपुरको प्रदर्शन	
नतिजा	क्लब
२-०	बुटवल लुम्बिनी
०-०	पोखरा
०-०	धनगढी
२-२	वीरगन्ज
३-१	चितवन
०-०	झापा
०-१	इलाम
०-१	काठमाडौं
३-०	काठमाडौं

पुलिसले नोयडालाई ६ विकेटले हरायो

तिवारी यादव/ नयाँ पत्रिका

घरेलु क्रिकेटका अनुभवी खेलाडीले भरिएको नेपाल पुलिस क्लबले बुधबार प्रो क्लब च्याम्पियन टी-२० क्रिकेट प्रतियोगितामा भारतको नोयडालाई ६ विकेटले पराजित गरेको छ । नारायणी रंगशालामा भएको खेलमा पहिलो ब्याटिङ गरेको नोयडाले २० ओभरमा ६ विकेटको नोक्सानीमा ८५ रनको योगफल खडा गरेको थियो । प्रत्युत्तरमा पुलिसले १२.२ ओभरमा चार विकेटको क्षतिमा लक्ष्य पूरा गरेको हो । पुलिसका शंकर राणाले २३ बलमा ३८ रनको सर्वाधिक योगदान दिए । ससिद खानले २५ बलमा ३१ रन र दिलीप नाथले १४ बलमा ८ रन जोडे ।

नोयडाका बलर सञ्जीव चतुर्वेदीले तीन ओभरमा ७ रन दिएर दुई विकेट लिए । नोयडाका हर्षित सेठीले तीन ओभरमा २७ रन दिएर एक विकेट लिए । नोयडाको ब्याटिङमा हर्षित सेठीले ४९ बलमा ३५ रन बनाए । तरुण विष्टले १६ बलमा १५ र उजैर मल्लिकले १५ बलमा १३ रन जोडे । पुलिसका लागि राष्ट्रिय टोलीका अनुभवी बलर ललित राजवंशीले चार ओभरमा १० रन दिएर दुई विकेट लिए । रसिद खानले चार ओभरमा २१ दिएर दुई विकेट पाए । शेर मल्ल र सागर ढकालले एक-एक विकेट लिए । शेरले चार ओभरमा १७ रन र सागरले चार ओभरमा १५ रन दिए ।

आर्मीसँग एपिएफ २६ रनले पराजित

अर्को खेलमा त्रिभुवन आर्मीले एपिएफलाई २६ रनले पराजित गरेको छ । आर्मीले पहिलो ब्याटिङ गरी २० ओभरमा आठ विकेट गुमाएर ११४ रन बनाएको थियो । प्रत्युत्तरमा एपिएफले १९ ओभरमा ८८ रनमा सबै विकेट गुमाउँदा आर्मीले २६ रनले जितेको हो । एपिएफका कप्तान प्रदीप ऐरीले ३३ बलमा २९ रन बनाए । लोकेश बमले १९ बलमा १६ र आसिफ शेखले १७ बलमा १२ रन जोडे । आर्मीका अलराउन्डर कुशल मल्ल एक्लैले पाँच विकेट लिए । उनले चार ओभरमा १८ रन दिए ।

खेल संक्षेप

हेम्सलाई उपाधि

काठमाडौं/ हेम्स, इनोभेटिभ इंग्लिस स्कुल र काठमाडौं जेभियर्सले १२औं प्याब्सन मध्यक्षेत्रीय बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन् । हेम्स सिनियर पुरुष, इनोभेटिभ सिनियर महिला र काठमाडौं जेभियर्स जुनियर पुरुषमा च्याम्पियन बनेका हुन् । सिनियर पुरुषको फाइनलमा हेम्सले काठमाडौं जेभियर्सलाई ४६-३७ ले पराजित गऱ्यो । सिनियर महिलाको उपाधि भिडन्तमा इनोभेटिभले एसियन पब्लिकलाई १२-११ को साँघुरो अन्तरले हरायो । जुनियर पुरुषको फाइनलमा काठमाडौं जेभियर्सले सनसाइनमाथि ३९-१४ को सहज जित दर्ता गऱ्यो ।

प्रदीपको सहज जित

कास्की/ नेपालका नम्बर एक खेलाडी प्रदीप खड्काले २०औं संस्करणको माछापुच्छ्रे पोखरा ओपन टेनिस प्रतियोगितामा दर्शिल श्रेष्ठलाई ६-१ र ६-२ को सोझो सेटमा पराजित गरेका छन् । अर्को खेलमा सम्यक बज्राचार्यले आरभ सम्राट हाडालाई ६-३ र ६-४ ले हराए । प्रणव मानन्धरले निहाल जंगबहादुर थापालाई २-१ को सेटमा निराश पारेका छन् । ३५ वर्षमाथि पुरुष एकलमा जितेन्द्र परियार, सञ्जय श्रेष्ठ, दावा सोनाम शेर्पा र सन्तोष खत्री अगाडि बढेका छन् ।

सुनसरीले ट्रफी उचाल्यो

ताप्लेजुङ/ पहिलो संस्करणको कञ्चनजंघा सेसेलुङ गोल्डकप फुटबल प्रतियोगिताको उपाधि चक्रघट्टी फुटबल क्लब सुनसरीले उचालेको छ । बुधबार भएको फाइनलमा मोरङको सगरमाथा युथ क्लबलाई टाइब्रेकरमा ४-३ ले हराउँदै सुनसरीले उपाधि जितेको हो । निर्धारित ८० मिनेटमा दुवै टोलीले एक-एक गोल गरेका थिए । त्यसपछि खेलको छिनोफानो टाइब्रेकरबाट भएको हो । विजेताले तीन लाख र उपविजेताले एक लाख ५१ हजार रुपैयाँ पाएका छन् ।

Putalibazar Municipality
Office Of Municipal Executive
Gandaki Province, Syangja, Nepal

Request for Bid Works

(Without Prequalification)

Date of first publication: 2023-12-28 (2080/09/12 B.S.)

Employer: Putalibazar Municipality, Office of Municipal Executive, Gandaki Province
Project: Nepal Urban Governance and Infrastructure Project (NUGIP)
Contract title: Upgrading of Pragatinagar-Bahakot-Namche-Kalku Road
Country: Nepal
Loan No. /Credit No.: IDA-6778-NP
RFB No: NP-DUDBC-396312-CW-RFB
Issued on: 28th December 2023

1. **The Government of Nepal [GoN] has received a loan/credit/grant** from the World Bank towards the cost of the Nepal Urban Governance and Infrastructure Project (NUGIP) and intends to apply part of the funds to cover eligible payments under the Contract for Upgrading of Pragatinagar-Bahakot-Namche-Kalku Road, (Ch: 0+000km-7+600km Section). Bidding is open to all eligible as per Section V of bidding document.
2. The Putalibazar Municipality invites electronic bids from eligible bidders for the procurement of Upgrading of Pragatinagar-Bahakot-Namche-Kalku Road, (Ch:0+000 km-7+600 km Section).The proposed road improvement work includes widening and improvement of existing mostly gravel and earthen7.6 Km road to a intermediate-lane carriageway width with provision traffic safety configurations and utilities complying the urban road standard. It comprises construction of a flexible pavement with granular sub base, crushed stone base (wet mix macadam) and asphalt concrete layers. The proposed alignment will also have road side drains, cross drainage structures (Box/Slab/Pipe culverts), protection works and road furniture etc..

   Eligible bidders at least with the following key qualifications should participate in this bidding (refer Section III for other qualification criteria):

   Minimum average annual construction turnover of **NRs. 459,000,000.00**, calculated as average of total certified payments received for contracts in progress and/or completed in last 5 years.

   A minimum number of 2 road construction / reconstruction / upgradation / rehabilitation / improvement with asphalt concrete pavement works contracts each of minimum value **NRs. 306,000,000.00** that have been satisfactorily and substantially completed as a prime contractor, joint venture member, management contractor or Subcontractor between 1st December 2018 and bid submission deadline.
3. Bidding will be conducted through National Competitive Bidding under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Putalibazar Municipality, Office of Municipal Executive, Chief Administrative Officer, Putalibazar, Syangja, Gandaki Province, Telephone Number: +977-063- 424412, Email address: putalibazarmun@gmail.com,Website address: https://putalibazarmun.gov.np/ or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. A complete set of Bidding Documents may be purchased from the Putalibazar Municipality, Office of Municipal Executive, by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **NRs. 20,000.00** till 30th January 2024 **during office hours 10:00 AM to 4:00 PM**.
   Or
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below.

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Nepal Bank Ltd, Putalibazar, Syangja Branch
   Name of the Office: Putalibazar Municipality
   Office Code No.: 80443403300; Office Account No.: 07203000001001000001
   Rajaswa (revenue) Shirshak no.: 14229
6. Electronic bids must be submitted to the office Putalibazar Municipality, Office of Municipal Executive, Chief Administrative Officer, Putalibazar, Gandaki Province or through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hours of 31st January 2024. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hours of 31st January 2024 at the office of **Putalibazar Municipality, Office of Municipal Executive, Putalibazar, Gandaki Province**. Bids must be valid until 29th April 2024 and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in amounting to a minimum of NRs. 9.6 million.

   The address referred to above is:

   Putalibazar Municipality, Office of Municipal Executive
   Chief Administrative Officer
   Putalibazar, Syangja, Gandaki Province
   Telephone Number: +977-063- 424412
   Email address: putalibazarmun@gmail.com
   Website address:https://putalibazarmun.gov.np/

Chief Administrative Officer

कुमारी बैंक लिमिटेड शाखा कार्यालय तुल्सीपुर, दाङको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०९/१२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय तुल्सीपुर, दाङबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं ।

उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।

तपसिल

१. **ऋणीको विवरण**:
भवानी प्रसाद भुसालको नाती, लेखु प्रसाद भुसाल/फना देवि भुसालको छोरा, खगा भुषालको पती दाङ जिल्ला, रामपुर गा.वि.स. वडा नं.०३, स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १३, वस्ने **माधव प्रसाद भुसाल** (ना.प्र.न ११०५/१५८४, जारी मिति २०५८/११/२२, जिल्ला प्रशासन कार्यालय दाङ) ।
व्यक्तिगत जमानीकर्ताको विवरण:
१. टोपाराम गैरे/झगा गैरेको छोरी, लेखु प्रसाद भुसाल/फना देवि भुसालको बुहारी, माधव प्रसाद भुसालको पती, दाङ जिल्ला, रामपुर गा.वि.स. वडा नं.०३, स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. १३, वस्ने **खगा भुषाल** (ना.प्र.न ५२३०१७/३६१, जारी मिति २०६३/१०/२३, जिल्ला प्रशासन कार्यालय दाङ) ।
धितो सुरक्षणको विवरण
१. **माधव प्रसाद भुसाल**को नाममा मालपोत कार्यालय दाङमा दर्ता कायम रहेको दाङ जिल्ला, फुलवारी गा.वि.स. वडा नं. ८छ स्थित कित्ता नं १८६ को क्षेत्रफल ५७५६.७३ (व.मी.) को जग्गा तथा सम्पूर्ण लिगलगापातहरु समेत ।

२. **ऋणीको विवरण**:
कर्लसिङ डाँगी/सुकी डाँगीको नाति, नौलो डाँगी/रती डाँगीको छोरा, गोमा डाँगीको पति, दाङ जिल्ला बाघमारे गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुलसीपुर उ.म.न.पा., वडा नं. ०९ वस्ने **खिमराज डाँगी** (ना.प्र.नं. ५२९०३९/२४, जारी मिति २०६५/०५/१२, जिल्ला प्रशासन कार्यालय दाङ) ।
व्यक्तिगत जमानीकर्ताको विवरण:
१. हरिलाल खड्का/अमृता खड्काको नातिनी, सोभीलाल खड्का/पवि खड्काको छोरी, नौलो डाँगी/रती डाँगीको बुहारी, खिमलाल डाँगीको पत्नी, दाङ जिल्ला, तुलसीपुर उ.म.न.पा. वडा नं. ०१ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुलसीपुर उ.म.न.पा., वडा नं. ९ वस्ने **गोमा डाँगी** (ना.प्र.नं.५२-०२-७५-०६८५५, जारी मिति २०७५/१२/२१, जिल्ला प्रशासन कार्यालय सल्यान) ।
धितो सुरक्षणको विवरण
१. **खिमराज डाँगी**को नाममा मालपोत कार्यालय, दाङमा दर्ता कायम रहेका दाङ जिल्ला, बाघमारे गा.वि.स.वडा नं. १ख, (हाल दाङ जिल्ला, शान्तीनगर गा.पा. वडा नं. ०१ स्थित कित्ता न. ७६१ र ६३२ को जम्मा क्षेत्रफल २०४८.७१ (व.मी.) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

३. **ऋणीको विवरण**:
रुद्र बहादुर बस्नेतको नाती, राम बहादुर बस्नेतको छोरा, दाङ जिल्ला, मानपुर गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. ०६ बस्ने **तिलक बहादुर बस्नेत** (ना.प्र.न १८१८/९५६ ,जारी मिति २०४४/१२/२८, जिल्ला प्रशासन कार्यालय दाङ) ।
व्यक्तिगत जमानीकर्ताको विवरण:
१. निल बहादुर डाँगीको छोरी, राम बहादुर बस्नेतको बुहारी, तिलक बहादुर बस्नेतको पत्नी, सल्यान जिल्ला, खलङ्गा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. ०६ बस्ने **पवित्रा डाँगी** (ना.प्र.नं. ३१८२/२४६, मिति २०४९/०९/०९ जिल्ला प्रशासन कार्यालय सल्यान) ।
धितो सुरक्षणको विवरण
१. **पवित्रा डाँगी**को नाममा मालपोत कार्यालय दाङमा दर्ता कायम रहेको दाङ जिल्ला, मानपुर गा.वि.स. वडा नं ४ क स्थित कित्ता नं ३२६ को क्षेत्रफल २,६०७.५२ (व.मी.) को जग्गा तथा सम्पूर्ण लिगलगापातहरु समेत ।

४. **ऋणीको विवरण**:
बेदराज आचार्यको छोरी, राम प्रसाद शर्माको बुहारी, प्रताप कुमार पोखेलको पत्नी दाङ जिल्ला, डुरुवा गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. ६, रजौरा बस्ने **कमला कुमारी पोखेल** (ना.प्र.न १८५६७/२६५४, जारी मिति २०४४/०६/३०, जिल्ला प्रशासन कार्यालय दाङ) ।
व्यक्तिगत जमानीकर्ताको विवरण:
१. गंगाधर उपाध्यायको नाती, राम प्रसाद शर्माको छोरा, कमला कुमारी पोखेलको पती, दाङ जिल्ला, डुरुवा गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. ६, रजौरा बस्ने **प्रताप कुमार पोखेल** (ना.प्र.न २३२/३५६८, जारी मिति २०३८/०४/०५, जिल्ला प्रशासन कार्यालय दाङ)
धितो सुरक्षणको विवरण
१. **कमला कुमारी पोखेल**को नाममा मालपोत कार्यालय दाङमा दर्ता कायम रहेको दाङ जिल्ला, तुलसीपुर न.पा. ८ख स्थित कित्ता नं २३०२, २३०५ र २३०८ को क्रमश: ५५.००, ५४.०० र ६.०० (व.मी.) को जग्गा/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

५. **ऋणीको विवरण**:
भागीरथ भण्डारी/हुमा भण्डारीको नाती, ईन्द्रमणी भण्डारी/धर्मादेवि भण्डारीको छोरा, दाङ जिल्ला, तुल्सीपुर न.पा. वडा नं. ०६ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. ०६, मदननगर बस्ने **कृष्ण प्रसाद भण्डारी** (ना.प्र.न ५८६९, जारी मिति २०६३/०२/०९, जिल्ला प्रशासन कार्यालय दाङ)
व्यक्तिगत जमानीकर्ताको विवरण:
१. दिल्लीराज शर्मा/पार्वता पार्दको नातीनी, खिम बहादुर खत्री/देवा खत्रीको छोरी, ईन्द्रमणी भण्डारी/धर्मादेवि भण्डारीको बुहारी, कृष्ण प्रसाद भण्डारीको पत्नी, दाङ जिल्ला, तुल्सीपुर न.पा. वडा नं. ०६, स्थायी ठेगाना भई हाल दाङ जिल्ला, तुल्सीपुर उ.म.न.पा. वडा नं. ०६, मदननगर बस्ने **गोमा भण्डारी** (ना.प्र.न ५२२०२९/३२९१, जारी मिति २०६५/११/०५, जिल्ला प्रशासन कार्यालय दाङ) ।
धितो सुरक्षणको विवरण:
१. **कृष्ण प्रसाद भण्डारी**को नाममा मालपोत कार्यालय दाङमा दर्ता कायम रहेको दाङ जिल्ला, तुलसीपुर न.पा. वडा नं. ७क स्थित कित्ता नं ३९०५ को क्षेत्रफल १६९.३१ (व.मी.) को जग्गा तथा सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय तुल्सीपुर, दाङ फोन नं. ०८२-५२१७७५/७६

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com